स्थानीय विषय

# हाम्रो नगर

## कक्षा ८

प्रकाशक:

धुलिखेल नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक

# हाम्रो नगर - कक्षा ८

प्रकाशकः धुलिखेल नगर कार्यपालिकाको कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक

पहिला संस्करण : वि.सं २०८२

सर्वाधिकार : प्रकाशकमा

*धुलिखेल नगरपालिकाको अनुमति तथा स्वीकृती बिना कुनै व्यक्ति तथा संस्थाले यस पाठ्यपुस्तकको पूरै वा आंशिक रुपमा प्रकाशन गर्न, प्रतिलिपी उतार गर्न, डिजिटल प्रति प्रयोग गर्न पाइने छैन । यदि गरेको पाइएमा प्रतिलिपि अधिकार सम्बन्धी कानुन बमोजिम कारबाही गरिनेछ ।*

सल्लाहकार : अशोक कुमार ब्याञ्जु श्रेष्ठ - नगर प्रमुख
निराजन जङ्गम - नगर उपप्रमुख
मोहन प्रसाद मरासिनी - प्रमुख प्रशासकीय अधिकृत
गणेश आचार्य - सामाजिक विकास समिति संयोजक

संयोजन तथा सम्पादनः डिकबहादुर राई - उपसचिव(दशौं तह)
भोजकुमार ठकुरी - अधिकृत(आठौं तह)

लेखन कार्यदलः सानुकाजी महत, दुर्गा पाण्डे, रामशरण बजगाईं
रञ्जित कुमार राई, श्रीराम अधिकारी, सुन्दर लामा
कालिका त्रिपाठी

ग्राफिक्स/लेआउटः दिपेन्द्र श्रेष्ठ

मुद्रणः न्यू हरिसिद्धि अफसेट प्रेस, धुलिखेल

*पाठ्यपुस्तकका सम्बन्धमा कुनै सुझाव भएमा धुलिखेल नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा पठाइदिनुहुन अनुरोध छ ।*

# हाम्रो भनाइ

नेपालमा स्थानीय पाठ्यक्रमको सन्दर्भमा सर्वप्रथम प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले स्थानीय विषय वा मातृभाषा मध्ये एउटा १०० पूर्णाङ्कको विषय राख्ने व्यवस्था गरेको थियो । त्यसपछि विकास भएका पाठ्यक्रमहरूले पनि आधारभूत तहमा स्थानीय विषयको व्यवस्था गर्दै आएको देखिन्छ । यद्यपि यी सम्पूर्ण व्यवस्थाहरू व्यवहारमा कार्यान्वयन हुन सकेनन् । हाल राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ निर्माण भई कार्यान्वयनमा आएको छ । यही पाठ्यक्रम प्रारुपले निर्दिष्ट गरेको सिद्धान्त तथा स्वरुपमा आधारित भई आधारभूत तह (कक्षा १-३) को एकिकृत पाठ्यक्रम २०७६ देशभर कार्यान्वयनमा आएको छ । त्यसैगरी आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ४-५) २०७७ र आधारभूत शिक्षा पाठ्यक्रम(कक्षा ६-८) २०७८ समेत कार्यान्वयनमा आइसकेको छ ।

उक्त पाठ्यक्रमहरूले कक्षा १-३ मा ५ पाठ्यघण्टा र कक्षा ४-८ मा ४ पाठ्यघण्टा भएको स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रम विकास गरी स्थानीय तहले लागु गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय सरोकारवालाको संलग्नतामा स्थानीय तहलाई पाठ्यक्रम विकास गरी कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ । नेपालको संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार रहने व्यवस्था रहेको छ । यिनै व्यवस्था अनुरुप यस धुलिखेल नगरपालिकाले पनि आफ्नो कर्तव्य तथा दायित्वबोध गरी वि.सं. २०७८ सालमा नामक स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । उक्त पाठ्यक्रममा आधारित भई विद्यार्थीको पठनपाठनमा सहयोग पुग्ने गरी यो पाठ्यपुस्तक तयार गरिएको छ ।

यो पाठ्यपुस्तक 'हाम्रो नगर' लेखन तथा सम्पादनको लागि वातावरण सिर्जना गर्ने तथा निरन्तर सहयोग प्रदान गर्ने यस नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठ, उप प्रमुख श्री निराजन जङ्गम लगायत नगरपालिकाका निर्वाचित सम्पूर्ण पदाधिकारीहरूप्रति नगरपालिका हार्दिक आभार प्रकट गर्दछ । पाठ्यपुस्तक लेखनको लागि प्रशासनिक तथा व्यवस्थापकीय प्रक्रिया सञ्चालन गर्ने नगरपालिका शिक्षा तथा खेलकुद शाखा र पाठ्यपुस्तक लेखनको संयोजन तथा सम्पादन गर्ने उपसचिव श्री डिकबहादुर राई, अधिकृत श्री भोजकुमार ठकुरी, तस्विर सङ्कलन लगायत कार्यमा सहयोग पुऱ्याउने बलराम धिमाल, पवित्रा कोइराला, अशोक घिमिरे र पाठ्यपुस्तक लेखनको जिम्मेबारी लिनु हुने कार्यदलका सम्पूर्ण सदस्यहरू तथा डिजाइनरप्रति नगरपालिका हार्दिक धन्यवाद प्रकट गर्दछ ।

बालबालीकाहरूमा आफ्नो स्थानीय क्षेत्रमा भएको भाषा, धर्म, संस्कार, संस्कृति, सम्पदा, हावापानी, ऐतिहासिक तथा सामरिक महत्वका वस्तुहरूको पहिचान गर्न सक्ने र तिनीहरूप्रति गर्व गर्न सक्ने स्वावलम्बी नागरिक बनाउने दिशातर्फ उन्मुख स्थानीय पाठ्यक्रममा आधारित भई यो पाठ्यपुस्तक तयार पारिएको छ । यो पाठ्यपुस्तकले विद्यार्थीमा निर्धारित सक्षमता विकासका लागि विद्यार्थीलाई सहयोग गर्ने छ । यसले विद्यार्थीको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्वपूर्ण र आधारभूत सामग्रीका रूपमा कक्षा क्रियाकलापबाट हुने सिकाइलाई मजबुत बनाउनु सहयोग गर्ने छ भन्ने विश्वास नगरपालिकाको रहेको छ । यस पाठ्यपुस्तकलाई विद्यार्थीको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्वपूर्ण सामग्रीका रूपमा बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र क्रियाकलापमा आधारित बनाउने प्रयास गरिएको छ । यसलाई अझ परिष्कृत गर्दै लैजानका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि धुलिखेल नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

वि.सं. २०८२

धुलिखेल नगरपालिका
धुलिखेल, काभ्रेपलाञ्चोक

# विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| **एकाइ १** | **हाम्रो समाज** | १ |
| पाठ १ | सामाजिक चालचलन | २ |
| पाठ २ | हाम्रो सामाजिक दायित्त्व | ५ |
| पाठ ३ | हाम्रो समाजको विकास | ८ |
| पाठ ४ | हाम्रो नगरको प्राकृतिक वातावरण | १३ |
| पाठ ५ | लागू औषध दुर्व्यसन | १७ |
| **एकाइ २** | **हाम्रो परम्परा र कला** | २१ |
| पाठ १ | हाम्रो नगरको जातीय संस्कार र संस्कृति | २४ |
| पाठ २ | हाम्रो चाडपर्व | २५ |
| पाठ ३ | हाम्रो राष्ट्रिय तथा स्थानीय पर्व | २९ |
| पाठ ४ | हाम्रो स्थानीय बाजा | ३४ |
| पाठ ५ | हाम्रो स्थानीय कला र प्रविधि | ३९ |
| **एकाइ ३** | **प्राकृतिक स्रोत** | ४२ |
| पाठ १ | हाम्रो प्राकृतिक स्रोत | ४३ |
| पाठ २ | प्राकृतिक स्रोतको उपयोग र संरक्षण | ४७ |
| पाठ ३ | हाम्रो खानेपानी | ५१ |
| पाठ ४ | प्राकृतिक स्रोत संरक्षणमा नगरपालिकाको भूमिका | ५४ |
| **एकाइ ४** | **पर्यटकीय स्थल, पर्यटन र सरसफाइ** | ५९ |
| पाठ १ | जिपलाइन | ६० |
| पाठ २ | धुलिखेल नगरको ऐतिहासिक सम्पदा | ६४ |

| क्र.सं. | शीर्षक | पृष्ठ |
| --- | --- | --- |
| पाठ ३ | हाम्रो बाजा र लाखेनाच | ६७ |
| पाठ ४ | हाम्रो पर्यटकीय स्थल | ७१ |
| पाठ ५ | धुलिखेलमा पर्यटन व्यवसाय | ७५ |
| पाठ ६ | फोहरमैला व्यवस्थापनमा नगरपालिकाको भूमिका | ७९ |
| **एकाइ ५** | **पेसा व्यवसाय र आर्थिक क्रियाकलाप** | ८३ |
| पाठ १ | हाम्रो कृषि उत्पादन | ८४ |
| पाठ २ | फलफूल खेती | ८८ |
| पाठ ३ | बालीमा लाग्ने रोगकिरा नियन्त्रण | ९२ |
| पाठ ४ | कृषिमा नगरपालिकाको सहयोग | ९६ |
| पाठ ५ | लापोन्मुख स्थानीय पेसा | १०० |
| **एकाइ ६** | **प्रकोप, वतावरण र हरित विद्यालय** | १०४ |
| पाठ १ | विपद् जोखिम न्यूनीकरण | १०५ |
| पाठ २ | हरित विद्यालय | १०८ |
| पाठ ३ | जडीबुटी तथा वन्यजन्तु | ११२ |
| पाठ ४ | दिगो विकास | ११६ |
| पाठ ५ | इको क्लव | १२० |
| **एकाइ ७** | **धुलिखेल नगरपालिका** | १२३ |
| पाठ १ | धुलिखेलको राजनीतिक इतिहास | १२४ |
| पाठ २ | स्थानीय तहको काम | १२९ |
| पाठ ३ | नगरपालिकाबाट प्रबह हुने सेवा | १३२ |
| पाठ ४ | धुलिखेल नगरपालिकाको सङ्गठन संरचना | १३२ |
| पाठ ५ | सामाजिक सङ्घसंस्थाहरू | |
| पाठ ६ | नगर प्रमुख र उपप्रमुखका काम | |

एकाइ

१

# हाम्रो समाज

## परिचय :

यस एकाइ अन्तर्गत कक्षा ८ मा धुलिखेल नगरपालिकाको सामाजिक चालचलन, सामाजिक दायित्त्व, समाजको विकास, प्राकृतिक वातावरण र लागू औषध दुर्व्यसन जस्ता विषयहरूको बारेमा विद्यार्थीलाई छलफल, अवलोकन, अन्तर्क्रिया आदि जस्ता क्रियाकलाप सञ्चालन गरी अध्ययन अध्यापन हुन्छ ।







## सिकाइ उपलब्धि

- ☑ नगरपालिकाको सामाजिक विशेषता प्रस्तुत गर्न
- ☑ स्थानीय सामाजिक चालचलन बताउन
- ☑ सामाजिक दायित्त्व र जिम्मेवारी बहन गर्न
- ☑ असल समाज निर्माणमा विद्यार्थीको भूमिका निर्वाह गर्न
- ☑ नगरपालिकाले सञ्चालन गरेका विकासका कार्यहरूले असल समाज निर्माणमा पारेको प्रभाव उल्लेख गर्न
- ☑ नगरपालिकाको प्राकृतिक तथा वातावरणीय अवस्था पहिचान गर्न
- ☑ सामाजिक समस्याको रुपमा रहेको लागूऔषध तथा दुर्व्यसन र रोकथामका उपाय बताउन ।

पाठ १

# हाम्रो सामाजिक चालचलन

हाम्रो समाजमा परापूर्वकाल देखि मान्दै आएका क्रियाकलापहरूलाई सामाजिक चालचलन भनिन्छ। यस्ता सामाजिक चालचलन हाम्रा सामाजिक परम्परा पनि हुन् । यस्ता प्रचलन र परम्पराको मुख्य उद्देश्य सामाजिक एकता कायम गर्नु हो । समाजका धार्मिक सांस्कृतिक तथा आर्थिक क्रियाकलाप सम्पन्न गर्न पनि यस्ता प्रचलनहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । धुलिखेल नगरपालिकामा प्रचलित केही परम्परा र प्रचलनहरूको बारेमा तलको प्रस्तुति पढौं ।

## गुठी

मेरो नाम रोशमा व्याञ्जु हो । म धुलिखेल नगरपालिकाको चोच्छे टोलमा बस्छु । गुठी धुलिखेलका नेवारी समुदायमा प्रचलित सामाजिक सङ्गठन हो । इतिहास पल्टाएर हेर्ने हो भने यसको प्रचलन लिच्छवी कालदेखि चलिआएको पाइन्छ । लिच्छवी कालमा गुठीलाई "गोष्ठी" भन्ने गरिन्थ्यो । गुठीको प्रतिनिधित्व गर्ने व्यक्तिलाई गुठियार भनिन्छ । गुठीको मुख्य उद्देश्य भनेको आफ्नो समाजका धर्म, संस्कृति, परम्परा तथा रीतिरिवाजको रक्षा गर्नु हो । समाजमा भएका धार्मिक सम्पदाको संरक्षण गर्ने, सांस्कृतिक परम्परालाई निरन्तरता दिने, सामूहिक पूजाआजा मिलेर सम्पन्न गर्ने, बचत गर्ने बानी बसाल्ने, सहयोगी कार्य गर्ने जस्ता कार्यहरू पनि गुठीद्वारा सम्पन्न गरिन्छ । गुठीले समाजमा सामाजिक एकता कायम गर्न, आपसी सहयोग र सम्बन्ध बिस्तार गर्न ठूलो मद्दत पुऱ्याएको पाइन्छ ।

### 'माकजु समाजको गुठी'



धुलिखेल नगरपालिकामा माकजु समाजको गुठीभोज सम्पन्न भएको छ । माकजु समाजभित्र माकजु, तुसुजु, विज्जु र देवजु थरका प्रत्येक घरबाट १/१ जना अनिवार्य रुपमा गुठीका सदस्य बन्नुपर्ने नियम छ । गुठीका मुख्य व्यक्तिलाई नाइयो भनिन्छ । उक्त गुठीको पूजा र बैठक वर्षमा दुईचोटी हुन्छ । गुठीयार मुना तुसुजुका अनुसार पहिलो दिन हरिसिद्धी मन्दिरमा पूजापाठ गर्नुका साथै बोकाको बलि दिने , दोस्रो दिन हाँसको बलि दिने चलन चलिआएको पाइन्छ । पूजा सामग्री चामल, सुपारी र पैसा माटोको पालामा हालेर तयार गर्नुपर्छ । नियम अनुसार तेस्रो दिन पूजाआजा सकेपछि

पोथी कुखुरा काटेर बलि दिने चलन छ । त्यसैदिन केटाहरूले मात्र प्रसादको रुपमा खिर खानुपर्छ भने केटी मानिसहरूले खानु हुँदैन । अन्तिम दिन राँगो ढालेर भोज गर्ने र भोजमा मासु, गेडागुडी, अचार, चिउरा, छोइला लगायतका परिकारहरू खाने र खुसियाली मनाउने गरिन्छ ।

## पर्म

मेरो नाम रविन्द्र न्यौपाने हो । म धुलिखेल नगरपालिका वडा नं ११ पात्लेखेतमा बस्छु । यहाँ कृषि पेसा गर्ने मानिसहरूको सङ्ख्या धेरै छ । हिजोआज सहरमा बसाइँसराइ गर्ने र विदेश जानेको लहर बढेपछि यहाँ कृषिका लागि जनशक्तिको अभाव बढेको छ । त्यसकारण परम्परादेखि चलिआएको पर्म गर्ने चलन अहिले झन् महत्त्वपूर्ण भएको छ । हुन त यो सबै नेपाली समुदायमा चलिआएको प्रचलन हो । पर्म भनेको कामको वा श्रमको साटासाट गर्ने चलन हो । यो विशेष गरी कृषि कार्यमा सहयोग आदानप्रदान गर्ने कार्य हो । यो चलन अनुसार आफ्नो खेतबारीमा काम पर्दा छरछिमेकको सहयोग लिने र छिमेकीको खेतबारीमा काम पर्दा आफूले सहयोग गरेर पर्म तिरिन्छ । पर्ममा कसैले पुऱ्याएको श्रम सहयोगलाई श्रम सहयोग नै फिर्ता गर्ने चलन हुन्छ । यसमा ज्याला दिइँदैन । यो चलनबाट पैसाको बचत हुने, मिलेर काम गर्दा सजिलो हुने, सामाजिक मेलमिलाप कायम हुने, खेतालाको अभाव भएको महसुस नहुने हुन्छ ।

## पैंचो



मेरो नाम शान्ती तामाङ हो । म धुलिखेल नगरपालिका वडा नं १. देवीटारमा बस्छु । मेरो गाउँमा पैंचोको चलन पहिलादेखि नै चलिआएको थियो । पैचो दिँदा दिएक व्यक्तिले अर्को व्यक्तिलाई वस्तु दिन्छ र लिने व्यक्तिसँग भएपछि फिर्ता गर्छ । सायद यो चलन पनि सबै नेपाली समाजमा चलनचल्तीमा छ । यस चलन अनुसार खाँचो परेको वस्तु छिमेकीसँग लिने र पछि आफूसँग भएपछि उही वस्तु उही मात्रामा फिर्ता गर्ने गरिन्छ । जस्तै : चामल पिठो, पैसा ,तेल, नुन घिउ आदि । तत्कालीन समस्या समाधान गर्न यो परम्परा धेरै महत्वपूर्ण छ । यसको उद्देश्य व्यक्तिको आपतकालीन खाँचो टार्नु हो । यो चलनले आपसी सहयोग र विश्वासको भावना बढाउँछ । यसमा पैसाको लेनदेन हुँदैन तर वस्तुको


लेनदेन हुन्छ ।

## संस्कारका कार्यहरूमा सहयोग



म रेश्मा जङ्गम हुँ । म धुलिखेल नगरपालिका वडा नं ८ मा बस्छु । मेरो वडामा बसोबास गर्ने मानिसहरूले धेरै प्रकारका संस्कार र संस्कृति अबलम्बन गर्दै आएका छन् । यस्ता संस्कार गर्ने घरमा गएर समाजका सबै मानिसले सहयोग गर्छन । जस्तै : व्रतबन्ध, विवाहमा भोजभतेर तयार गर्ने, मानिसको मृत्यु भएमा समाजका सबै मलामी जाने, काजकिरिया सम्पन्न गर्न सबैले सहयोग गर्ने गर्दछन् । कसैको घरमा सप्ताह लगाउँदा, पूजापाठ गर्दा आवश्यक कार्यहरू मिलेर गर्ने चलन छ । पहिला पहिला धर्मभकारी, ढुकुटी, मान्छे मरेको घरमा विचार लाने चलन, बिहे व्रतबन्धमा सालको पात टिप्न, टपरी गाँस्न, दाउरा खोज्न जाने चलन थियो । ढिकीमा चिउरा कुट्न सहयोग गर्ने आदि जस्ता चलनहरू थिए । आज पनि हाम्रो समाजमा यस्ता धेरै चलनहरू प्रचलनमा रहेका छन् ।

## विकास कार्यमा सहयोग



मेरो नाम साहिना शाक्य हो । म धुलिखेल नगरपालिका वडा नं ७ मा बस्छु । हाम्रो समाजका मानिसले बाटोघाटो निर्माण, चौतारो बनाउने, मन्दिर, पाटीपौवाको मर्मत सम्भार गर्ने कार्यहरू सबैजना मिलेर गर्छन् । त्यसैगरी खानेपानी आयोजना सञ्चालन, बिजुलीबत्तीको पोल गाड्ने, तार टाँग्ने, सूचना तथा सञ्चार प्रविधिको विकास, अस्पताल बनाउने, विद्यालयको स्थापना, पार्क तथा सार्वजनिक सभाहलको निर्माण, वनजङ्गलको संरक्षण जस्ता कार्यक्रमहरू पनि समाजका सबैजना मिलेर सञ्चालन गर्दछन् । जसले गर्दा समाजको विकास तीव्र गतिमा अगाडि बढेको छ ।

परम्परागत सामाजिक चलनका फाइदा र बेफाइदा दुवै छन् । यसलाई निम्नानुसार हेर्न सकिन्छ :

## सामाजिक चलनका फाइदाहरू

- मिलेर काम गर्दा सजिलो हुन्छ र समयको पनि बचत हुन्छ ।
- एक अर्काको समस्या सजिलै समाधान हुन्छ ।
- समाजमा सामाजिक एकता कायम हुन्छ ।
- भाइचाराको सम्बन्ध स्थापित हुन्छ ।
- कठिन कार्य पनि सहजै गर्न सकिन्छ ।
- समाजको विकासमा टेवा पुग्छ ।
- सुख दुःख सबैलाई बराबर बाँडिन्छ ।
- व्यक्तिलाई अनुशासित र मर्यादित बनाउँछ ।
- हाम्रो परम्परालाई बचाइ राख्न सहयोग पुग्छ ।

## सामाजिक चलनका बेफाइदाहरू

- परनिर्भरता बढ्ने सम्भावना हुन्छ ।
- झैझगडा र द्वन्द्व हुने सम्भावना पनि हुन्छ ।
- एक आपसमा कुरा बाझिन सक्छ ।
- कुरीतिहरूले निरन्तरता पाउने डर हुन्छ ।

## सामाजिक चालचलन जोगाउने उपायहरू

- जनचेतना जगाउने
- नयाँ पुस्तालाई सिकाउने
- विद्यालयमा यो विषयमा पठनपाठन गराउने ।
- विदेशी चालचलनको नक्कल नगर्ने
- पर्यटन विकासको लक्ष्य राखेर अगाडि बढ्ने ।

## क्रियाकलाप

१. आधुनिक समाजमा प्रचलित नयाँ खालका सामाजिक चालचलनहरू के के होलान् ? कक्षामा साथी र शिक्षकसँग छलफल गरी लेख्नुहोस् र प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. **तलका वाक्यहरू ठिक भए ठिक र बेठिक भए बेठिक चिह्न लगाउनुहोस् ।**

क. गुठी नेवारी समुदायमा प्रचलित सामाजिक सङ्गठन हो ।

ख. पैंचोमा श्रमको साटासाट हुन्छ ।

ग. पर्म गर्दा खेतबारीको काम गर्न सजिलो हुन्छ ।

घ. विवाह, व्रतबन्ध, जन्म तथा मृत्यु संस्कार हाम्रा सामाजिक संस्कार हुन् ।

ङ. हामी सामाजिक कार्यमा सहभागी नभए पनि समाजको विकास हुन्छ ।

२. **तलका प्रश्नको उत्तर लेख्नुहोस् ।**

क. सामाजिक चालचलन भनेको के हो ?

ख. गुठीद्वारा कस्ता सामाजिक कार्यहरू सम्पन्न गरिन्छन् ? दुई वाक्यमा लेख्नुहोस् ।

ग. पर्म र पैंचोको परिचय दिनुहोस् ।

घ. तपाईंको परिवारमा कुनै सामानको आकस्मिक खाँचो पर्दा पैंचो लिनु परेको छ ? छ भने के के को पैँचो लिनुभएको थियो ? उल्लेख गर्नुहोस् ।

ङ. हाम्रो समाजमा प्रचलित पाँच ओटा सामाजिक संस्कारका नाम लेख्नुहोस् ।

च. के तपाईंले आफ्नो समाजमा सामाजिक विकासका कार्यहरू सञ्चालन गरेको देख्नुभएको छ ? यस्ता कार्यहरू कसरी सम्पन्न भएका थिए ? छोटो रिपोर्ट तयार पार्नुहोस् ।

छ. सामाजिक चालचलनका फाइदा र बेफाइदा तालिका बनाएर लेख्नुहोस् ।

ज. स्थानीय चालचलनलाई संरक्षण गर्ने उपायाहरू उल्लेख गर्दै छिमेकी नगरपालिकामा बस्ने साथीलाई एउटा चिठी लेख्नुहोस् ।

## सामुदायिक कार्य

१. तपाईंको समुदायमा हुने सामाजिक संस्कार जस्तै : विवाह संस्कार, र मृत्यु संस्कार सम्पन्न गर्न समाजका मानिसले त्यहाँ गएर कस्तो सहयोग गरेका रहेछन् । अवलोकन गरेर लेख्नुहोस् ।

क. विवाह संस्कार      ख. मृत्यु संस्कार

# पाठ २ हाम्रो सामाजिक दायित्व

प्रत्येक नागरिकको काँधमा आएको जिम्मेवारी नै नागरिक दायित्व हो । यो हामीले पूरा गर्नुपर्ने जिम्मेवारी पनि हो। समाजको लागि जनप्रतिनिधि छान्नु नागरिकको दायित्व हो। जस्तैः जनप्रतिनिधिले समाजको लागि काम गर्नु उनीहरूको जिम्मेवारी हो । कानुनको मातहातमा रही काम पूरा गर्नु उनीहरूको कर्तव्य हो । नागरिकले आफ्नो दायित्व पूरा गर्दा ऊ आफू अनुशासित हुनुपर्छ । व्यक्ति अनुशासित भए समाजमा शान्ति स्थापना गर्न सजिलो हुन्छ। परिवारमा पनि शान्ति छाउँछ र कामहरू सजिलै सञ्चालन हुन्छन् । समाजको विकासमा स्थानीय जनसहभागिता जुट्छ। कानुनको पालना हुन्छ। एक अर्कामा सहयोग, सद्भाव र सदाचारको भावना जाग्न थाल्छ। सामाजिक समस्या र विकृतिको निराकरण गर्न सजिलो हुन्छ । जसको फलस्वरूप सबै मानिसहरू देशका योग्य नागरिक बन्दछन् ।



नेपालको संविधान भाग ३, धारा ४८ मा नागरिकका कर्तव्यहरू उल्लेख गरिएका छन् । राष्ट्र, राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु ।

- संविधान र कानुनको पालना गर्नु
- राज्यले चाहेको बेला अनिवार्य सेवा गर्नु
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु

विषेशगरी नागरिक कर्तव्य र दायित्व तीन प्रकारका छन् ।

- पारिवारिक दायित्व
- सामाजिक दायित्व
- कानुनी दायित्व



| पारिवारिक दायित्त्व | सामाजिक दायित्त्व | कानुनी दायित्त्व |
|---|---|---|
| सानालाई माया र ठूलालाई आदर सम्मान गर्नु | सार्वजनिक सम्पदाको संरक्षण गर्नु | संविधानको रक्षा गर्नु र कानुनको पालना गर्नु |
| अनुशासनमा बस्नु | सामाजिक कार्यहरू जस्तैः सरसफाइ, वृक्षरोपण, चौतारो निर्माणमा सहभागी हुनु | १८ वर्ष उमेर पूरा भएपछि निर्वाचनमा मतदान गर्नु |
| सबैले आ-आफ्नो काम गर्नु | एक अर्कोलाई समस्या पर्दा सहयोग गर्नु | आफ्नो आम्दानीको कर समयमै तिर्नु |
| परिवारमा झैझगडा नगर्नु | सत्य र न्यायको पक्षमा वकालत गर्नु | कानुन बिपरितका कार्यमा संलग्न नहुनु |
| सबै जम्मा भएका बेला भावना साटासाट गर्नु | अशक्त, असहाय, गरीब दुःखीको सेवा गर्नु | मानव अधिकार र मौलिक हकको संरक्षण गर्नु आदि । |
| महिला पुरुष, बालबालीका र बृद्धबृद्धा सबैलाई समान व्यवहार गर्नु | सबैलाई आदर सम्मान, माया प्रेम गर्नु आदि । | |
| पाहुना र आफन्तलाई देउता समान मान्नु आदि । | | |

## क्रियाकलाप

१. **नागरिक दायित्त्व झल्कने चार हरफको कविता रचना गर्नुहोस् । सबैको कविता सङ्कलन गरेर भित्ते पत्रिकामा प्रकाशन गर्नुहोस् ।**

## अभ्यास

१. **आफ्नो मूल्याङ्कन आफैँ गर्नुहोस् ।**

तलका वाक्यका पछाडि गर्छु वा गर्दिनँ मात्र लेख्नुहोस् ।

क. म आफूभन्दा ठुलालाई आदर .......... ।

ख. म चुनावमा भोट हाल्ने काम .......... ।

ग. म सानालाई माया र प्रेम .......... ।

घ. म आमालाई घरमा सक्दो सहयोग .......... ।

ङ. म आँखा नदेख्ने व्यक्तिलाई बाटो काट्न सहयोग .......... ।

च. म सामाजिक नियमको पालना .......... ।

२. **तलका प्रश्नको उत्तर लेख्नुहोस् ।**

क. सामाजिक दायित्त्व भनेको के हो ?

ख. सामाजिक दायित्त्व पूरा गरेमा हामीलाई के के फाइदा हुन्छ ? उल्लेख गर्नुहोस् ।

ग. तपाईंले आफ्नो परिवारमा के कस्ता कार्य गर्दै आउनुभएको छ ?

घ. नेपालको संविधान २०७२ अनुसारका नागरिक कर्तव्य वा दायित्त्वहरू के के हुन् ?

ङ. कानुनी दायित्त्व र सामाजिक दायित्त्वबिच तीन/तीन बुँदामा फरक छुट्याउनुहोस् ।

च. नागरिक दायित्त्वका प्रकार उल्लेख गरी प्रत्येकको तीन/तीन ओटा उदाहरण प्रस्तुत गर्नुहोस् ।

## परियोजना कार्य

हामीले समयमा कर तिरेनौँ भने स्थानीय सरकारलाई कस्ता कस्ता समस्या हुन्छन् होला ? एक स्थानीय जनप्रतिनिधि वा कर्मचारीलाई सोधेर समस्याको सूची तयार पार्नुहोस् ।

# पाठ ३ हाम्रो समाजको विकास

## धुलिखेलको विकास

आजभोलि धुलिखेलमा विकास हुँदै गाछ
अस्ति भन्दा हिजो राम्रो हिजोभन्दा आज
खानेपानी बस्ती सडक सूचना र सञ्चार
सबै विकास भएका छन् जीवन जिउने आधार ।

राम्रा राम्रा विद्यालाय आधुनिक शिक्षा
केही कुराको कमी छैन पूरा हुन्छन् इच्छा
धुलिखेल अस्पतालमा स्वास्थ्य जाँच गर्ने
के यु जाने उच्च शिक्षा लिने ज्ञान भर्ने ।

सफा स्वच्छ वातावरण सहर अनि गाउँमा
अन्धविश्वास कतै छैन कुरीतिको नाउँमा
सबै समान समावेशी शासनको नीति
फस्टाएको संस्कृतिमा भरौं माया प्रीति ।

विकासका पूर्वाधार अड्डा अदालत
आज सबै खडा भाछन् पुर्खालाई हो जस
नेपालकै स्वस्थ सहर एसियामा दोस्रो
बाह्रै वडा विकसित र समृद्ध छन् हाम्रो ।

मठ मन्दिर अति सुन्दर मेला पर्व जात्रा
तेरो मेरो भन्ने छैन सबै हाम्रो मात्र
शान्ति अनि सुरक्षाको प्रत्याभूति हुन्छ
यो ठाउँ छोडी अन्त जाँदा साह्रै मन रुन्छ ।

उबेलामा सुविधाको कमी भाको ठाउँ
पञ्चायत शासन हुँदा भन्थे यसलाई गाउँ
शिक्षा स्वास्थ्य खानेपानी अभाव हुँदाखेरी
दुःखका दिन बित्थे अरे लामो श्वास फेरि ।

कहाँ पाउनु ठूलो बाटो धुलो नभएको
खेतीबाली लाउने खेतमा कुलो नभएको
पशुपालन कृषि व्यापार गर्दै सानोतिनो
साधारण थियो जीवनशैली आशा हुन्थे झिनो ।

समाजमा आएको सकारात्मक परिवर्तनलाई विकास भनिन्छ । अथवा कुनैपनि व्यक्ति, ठाउँ, वस्तु वा पक्षमा आएको सकारात्मक परिवर्तनलाई विकास भनिन्छ । समाजको विकास हुनका लागि त्यो समाजको सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक तथा धार्मिक क्षेत्रको विकास हुनु आवश्यक छ । समाजमा यातायात, खानेपानी, विद्युत, सञ्चार, शिक्षा, स्वास्थ्य जस्ता विकासका पूर्वशर्त वा पूर्वाधारको विस्तार गरिनुपर्छ । सामाजिक समस्या, अन्धविश्वास र विकृतिको अन्त्य हुनुपर्छ । कृषि,

उद्योग र व्यापारका क्षेत्रमा लगानी बढ्नुपर्छ । समाजका प्रत्येक व्यक्तिले शान्ति सुरक्षाको अनुभूति गर्न पाउनुपर्छ । समाज भ्रष्टाचारमुक्त हुनुपर्छ र जनतामा सुशासनको प्रत्याभुति हुनुपर्छ ।



विकास बहुआयामिक हुन्छ र यो निरन्तर रुपमा चलिरहने गतिशिल प्रक्रिया हो । कुनै पनि समाज विकसित हुनका लागि त्यहाँ भएको स्रोत र साधनको सही तरिकाले उपयोग हुनुपर्छ । कुनै पनि ठाउँको विकास गर्नको लागि त्यो ठाउँको मानव संसाधनले महत्त्वपूर्ण भूमिका खेल्दछ । मानव संसाधनले विकासको योजना बनाउने, प्रविधिको विकास र प्रयोग गर्ने गर्दछन् । उनीहरू आफै समाज विकासका कार्यमा सहभागी भएर अगाडि बढ्छन् ।

समाज विकासको लागि नभई नहुने तत्त्वहरू विकासका पूर्व शर्तहरू हुन् । साक्षरता, जनसहभागिता, प्रविधि, उद्यमशीलता, स्रोतसाधन, पूँजी, शान्ति, सुरक्षा, राजनीतिक स्थिरता र दीर्घकालीन योजना जस्ता कुराहरू विकासका पूर्व शर्त हुन् ।

## विकासको आवश्यकता र महत्त्व

समाजलाई सभ्य बनाउनु, स्थानीय स्रोत र साधनको सही सदुपयोग गर्न, मानिसका दैनिक जीवनशैली सहज बनाउने, आवश्यकताको परिपूर्ति गर्न, रोजगारीको अवसर सिर्जना गर्न, समाजबाट गरिबी हटाउन, उद्योग व्यापार कृषिको विकास गरी आर्थिक उन्नति गर्न समाज विकासको आवश्यकता छ । यी कुराहरूलाई सही तरिकाले प्रयोग, उपयोग र परिचालन गर्न सकेमा समाजको चौतर्फी विकास हुने कुरामा शङ्का छैन ।

## धुलिखेल नगरपालिकामा विकासका पूर्वाधारको अबस्था




**शिक्षा :**

ज्ञान, सिप र असल व्यवहार सिक्ने कार्यलाई शिक्षा भनिन्छ। शिक्षा औपचारिक र अनौपचारिक गरी दुई प्रकारका हुन्छन् । धुलिखेलमा शिक्षाको

विकासका लागि विद्यालय ३९, क्याम्पस २, विश्वविद्यालय १, मेडिकल कलेज-१ र धार्मिक विद्यालय १ गरी जम्मा ४४ ओटा शिक्षण संस्थाहरू सञ्चालनमा छन् । विद्यालयको सङ्ख्या विद्यार्थी सङ्ख्याको आधारमा घटबढ भइरहन्छ ।जनगणना २०७८ अनुसार धुलिखेल नगरपालिकाको समग्र साक्षरता दर ८०.१३% रहेको छ । जसमा पुरुषको साक्षरता दर ८८.४२% छ भने महिलाको साक्षरता दर ७२.३४% रहेको छ । १५ देखि ६० वर्ष उमेर समूहको ९८.०७ प्रतिशत साक्षर भई वि.सं. २०७५ फागुन ५मा साक्षर नगर घोषणा गरिएको थियो । बालबालीकाको चौतर्फी विकासको लागि धुलिखेल नगरपालिकाभित्र पुस्तकालय, बालक्लव, युवाक्लव, खेलमैदानको व्यवस्था छ ।

### स्वास्थ्य



धुलिखेलमा अत्याधुनिक सुविधा सम्पन्न धुलिखेल सामुदायिक अस्पताल रहेको छ । यसको स्थापना वि.सं. २०५३ मा भएको थियो । यस अस्पतालको स्थापना गर्न डा. रामकण्ठ माकजुको ठूलो योगदान रहेको छ । यहाँबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिदै आएको छ । वडाहरूमा स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र, सहरी स्वास्थ्य केन्द्र, आयुर्वेदिक औषधालय सञ्चालनमा रहेका छन् । यहाँ निजी डेन्टल क्लिनिक र औषधी पसलहरूहरू समेत रहेका छन् ।



### यातायात

यातायात विकासको मेरुदण्ड हो । यातायात बिना अरु क्षेत्रको विकास असम्भव छ । शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली र सूचना प्रविधिका आधारस्तम्भ खडा गर्न सर्वप्रथम यातायातको सुविधा हुनुपर्छ । धुलिखेल नगरपालिका भित्रका ग्रामीण तथा सहरी इलाकामा सडक विस्तारको कार्यलाई उच्च प्राथमिकता दिइएको पाइन्छ । यहाँ ठाउँ अनुसार कच्ची, ग्राभेल, ढुङ्गा छापेको, ढलान गरेको र पक्की मोटरबाटोको व्यवस्था छ । यातायात सुविधाका कारण स्थानीय कृषि उत्पादन जस्तैः तरकारी, फलफूल, दुध जस्ता पदार्थलाई सजिलोसँग बजारमा लगेर बेचिन्छ । ढल निकास र फोहर व्यवस्थापनको सुविधा नगरबासी सबैलाई उपलब्ध छ ।

### खानेपानी

नेपालकै नमुनाको रूपमा धुलिखेल खानेपानी आयोजनाको स्थापना वि.सं २०४७ मा गरी खानेपानीको समस्या समाधान गरिएको थियो । स्थानीय स्रोत र मुहान जस्तैः खोलानाला, कुवा, धुङ्गेधारा, इनार र पोखरी पनि यहाँको खानेपानीका स्रोत हुन् । वडा नं १० मा बोरिङको पानी वितरण गरिएको छ । २०८१ असोज १२ र १३ मा आएको भीषण वर्षा पछिको बाढी पहिरोले भने खार्पा खोलाको खानेपानी आयोजनामा क्षति पुऱ्याएकोले केही समय यहाँ पानीको समस्या भयो । नगरपालिकाले ट्याङ्करको पानी वितरण गरी उक्त समस्यालाई न्यूनीकरण गरेको थियो । भबिस्यमा रोशी वृहत खानेपानी आयोजनाबाट बनेपा, पनौती र धुलिखेलमा खानेपानी आपूर्ति गर्ने योजना रहेको छ ।

### विद्युत

विद्युत बिनाको आजको जीवन कल्पना गर्न पनि कठिन छ । विद्युतलाई घरायसी प्रयोजन, उद्योग सञ्चालन, विद्युतीय सामग्री चलाउन प्रयोग गरिन्छ । विद्युत बिना जीवन अन्धकार हुन्छ । घरमा बत्ती बाल्न विद्युत नभई हुँदैन । धुलिखेल नगरपालिकाभित्रका सबै ठाँउमा विजुली बत्तीको सुविधा रहेको छ । जसको सहयोगले सूचना तथा सञ्चारको पनि राम्रो विकास भएको छ । यहाँका मानिसको हातहातमा मोबाइल छ । घरघरमा इन्टरनेट जडान गरिएको पाइन्छ । टेलिफोन, ADSL सेवा, GPRS सेवा पनि उपलब्ध छ । विद्यालय तथा कार्यालयहरू प्रविधिमैत्री छन् ।

### पर्यटन



पर्यटकहरूलाई आवश्यक पर्ने सेवा सुविधा उपलब्ध गराई आय आर्जन गर्ने पेसा व्यवसायलाई पर्यटन व्यवसाय भनिन्छ । यस्ता व्यवसायमा होमस्टे, रेस्टुरेन्ट, होटेल सञ्चालन गर्नु, उनीहरूका लागि खेल तथा मनोरञ्जनका अन्य विभिन्न क्रियाकलाप सञ्चालन गर्नु पर्यटन व्यवसाय हो । धुलिखेल नगरपालिकामा धुलिखेल लज  रिसोर्ट, होटल सारथी, होटल द्वारिका, होटल हिमालय होराइजन, होटल अरनिको, होटल दुषित थानी आदि ठुला ठुला नाम चलेका होटेलहरू छन् । यहाँ होमस्टेहरू पनि रहेका छन् । यहाँ पर्यटकहरूको मनोरञ्जनको लागि जिपलाइन सञ्चालनमा रहेको छ । प्याराग्लाइडिङ पनि परीक्षणको रुपमा सञ्चालन भएको थियो ।

आन्तरिक र बाह्य पर्यटकहरूले यहाँका सुविधा सम्पन्न होटेलहरूमा हिमालयको दृश्य अवलोकन गर्दै बैठक, गोष्ठी, कार्यशाला, सेमिनार गरेको पाइन्छ । पर्यटन व्यवसायको कुशल सञ्चालनमा धुलिखेल नगरपालिकाले व्यवसायहीरूलाई सहयोग प्रदान गर्दै आएको छ ।

### अन्य व्यवस्थापन

धुलिखेल नगरपालिकाले यहाँको समग्र विकासको लागि अन्य क्षेत्रको व्यवस्थापकीय सुधारहरू गरेको छ । जुन निम्नानुसार रहेका छन्ः

- फोहरमैलाको वैज्ञानिक व्यवस्थापन
- खुला दिशा पिसाब मुक्त क्षेत्र घोषणा तथा कार्यान्वयन
- रोजगारी तथा आय आर्जनका सम्भावित क्षेत्रको खोजी तथा पहिचान
- दक्ष तथा सिपयुक्त जनशक्तिको उत्पादनका लागि तालिमको व्यवस्था
- सडकमा प्रतीक्षालय, सडक बत्ती र सि.सि. क्यामेराको व्यवस्था
- खेल मैदान, टुँडिखेल र ठाउँ ठाउँमा पार्कको निर्माण

धुलिखेल नगरपालिका सानो तर विकसित, स्वस्थ र समृद्ध नगरपालिका हो । आगामी दिनमा यस नगरपालिकाको विकासले अझै फड्को मार्ने छ ।

## क्रियाकलाप

१. **तलको तालिकामा तपाईँलाई जानकारी भएका धुलिखेलमा सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूको नाम लेख्नुहोस् ।**

| सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |

## अभ्यास

१. **जोडा मिलाउनुहोस् ।**

| समूह क | समूह ख |
| --- | --- |
| विकास | धुलिखेल खानेपानी |
| शैक्षिक संस्था | सकारात्मक परिवर्तन |
| साक्षर नगर घोषणा | ४४ ओटा |
| पर्यटकलाई मनोरञ्जन | २०७५ फागुन ५ |
| नमुना खानेपानी आयोजना | जीपलाइन र प्याराग्लाइडिङ |

२. **तलका प्रश्नको उत्तर लेख्नुहोस् ।**

क. विकास भनेको के हो ?

ख. धुलिखेल नगरपालिकाको समग्र साक्षरता दर कति रहेको छ ?

ग. विकासको महत्त्व तीन बुँदामा उल्लेख गर्नुहोस् ।

घ. धुलिखेल नगरपालिकाको विकसित र कम विकसित ठाउँहरूको नाम लेख्नुहोस् ।

ङ. धुलिखेल खानेपानी आयोजनाको स्थापना कहिले भएको थियो ?

च. विकासका पूर्वाधारहरूको सूची तयार पारी कुनै दुईको वर्णन गर्नुहोस् ।

छ. तपाईंको हजुरआमा सानो छँदाको समाज कस्तो थियो र अहिलेको समाजमा के कस्ता परिवर्तनहरू आएका छन् ? हजुरआमालाई सोधेर एउटा प्रतिवेदन तयार पार्नुहोस् । हजुरआमा नहुनेले परिवार तथा छरछिमेकका जेष्ठ नागरिकलाई सोध्न सक्नुहुन्छ ।

ज. तपाईंको विचारमा धुलिखेललाई अझै विकसित बनाउनु के के गर्नुपर्ला ? नगर प्रमुखलाई पेश गर्न एउटा सुझाव सहितको पत्र लेख्नुहोस् ।

## परियोजना कार्य

१. **शिक्षकको सहयोगमा धुलिखेल सुर्यविनायक सडकको अवलोकन गरी बारेमा प्रतिवेदन लेख्नुहोस्।**

शिर्षक :

परिचय:

उद्देश्य :

विधि:

पत्ता लगाइएका कुरा:


यसको प्रभाव :

निष्कर्ष तथा सुझाव :

फोटोग्राफ :

पाठ ४

# हाम्रो नगरको प्राकृतिक वातावरण




हाम्रो वरिपरिको सम्पूर्ण प्राकृतिक तथा कृत्रिम अवस्था वा व्यवस्थालाई वातावरण भनिन्छ । यसमा हावापानी, वनजङ्गल, पहाड पर्वत, नदीनाला, जीवजन्तु, मानिस, माटो, ढुङ्गा, किराफट्याङ्ग्रा आदि पर्दछन् । वातावरण दुई प्रकारका हुन्छन्, प्राकृतिक वातावरण र मानव निर्मित वातावरण । वातावरणले हामीलाई बाँच्नका लागि आवश्यक पर्ने सम्पूर्ण तत्त्वहरू जस्तैः अक्सिजन, पानी, खानेकुरा र औषधीमुलो प्रदान गर्दछ ।

## १. प्राकृतिक वातावरण

### स्थल भूभाग

जमिनको भाग जसमा माटो, चट्टान , पहाड, पर्वत, उपत्यका, टार, बेंसी, खोंच आदि पर्दछन् । यहाँ मानिसले खेतीपाती गर्ने, बसोबास गर्ने, उद्योगको सञ्चालन, सडक लगाएतको विकास गरेका छन् । स्थलमण्डलमा वनजङ्गल छन् यो वन्यजन्तुको बासस्थान पनि हो ।

### जलस्रोत

नदी, ताल, पोखरी, सिमसार क्षेत्र आदि जलस्रोत अन्तर्गत पर्दछन् । जलकै कारण आज सम्पूर्ण जीवित प्राणी तथा बोटबिरुवा जीवित रहेका छन् ।

### वायुमण्डल

हाम्रो वरिपरि रहेको विभिन्न ग्याँस र हावाको तहलाई वायुमण्डल भनिन्छ । यसमा अक्सिजन, कार्वनडाइअक्साइड र नाइट्रोजन आदि ग्याँसहरू छन् । यो जमिनको सतहबाट धेरै माथिसम्म फैलिएको छ ।

## २. मानव निर्मित वातावरण

यो पृथ्वीको सतहमा मानिसले बनाएको वातावरण हो । यस अन्तर्गत सहर, उद्योग , बाटोघाटो , पुल, बजार, स्वास्थ्य संस्था, हरियाली, प्रदूषण आदि पर्दछन् ।

**वातावरणको महत्त्व:**

- वातावरण नभए जीवको अस्तित्त्व हुँदैन
- वातावरणमा प्राकृतिक सम्पदा जस्तैः खनिज पदार्थ , वनजङ्गल, जलस्रोत, हावा पाइन्छ जुन मानवको लागि अति आवश्यक छ ।
- सफा स्वच्छ वातावरणले रोगप्रतिरोधी शक्ति बढाउँछ ।
- वातावरणले जीवजन्तुलाई सुरक्षित रुपमा बासस्थान प्रदान गर्दछ ।

**वातावरण सम्बन्धी समस्या र समाधान**

| वातावाणीय समस्याहरू | वातावरण संरक्षणका उपायहरू |
|---|---|
| ❍ जल, जमिन, वायु र ध्वनि प्रदूषण बढिरहेको छ । | ❍ अनियन्त्रित वनजङ्गल फडानी रोक्ने र वृक्षरोपण गर्नुपर्छ । |
| ❍ अनियन्त्रित रुपमा जङ्गल फडानी हुँदा विभिन्न प्रजातिका वन्यजन्तुको लोप हुने खतरा बढेको छ । | ❍ धुँवारहित उद्योगको स्थापना गर्ने र उद्योगबाट निस्कने फोहरको उचित व्यवस्थापन गर्नुपर्छ । |
| ❍ वातावरण प्रदूषणले गर्दा जलवायु परिवर्तन, अतिवृष्टी, अनावृष्टी जस्ता समस्या र वायुमण्डलको तापक्रममा वृद्धि भइरहेको छ । | ❍ खोला, नदी किनारमा फोहर फाल्ने र ढल मिसाउने गर्नु हुँदैन । |
| ❍ क्यान्सर र छालाका डरलाग्दा रोगहरूमा वृद्धि भइरहेको छ । | ❍ आधुनिक कृषि गर्ने नाउँमा किटनाशक विषादिको प्रयोगलाई कम गर्नुपर्छ । अथवा अर्गानिक खेती गर्नुपर्छ । |
| ❍ बाढी पहिरोको समस्या बढिरहेको छ । | ❍ प्राकृतिक वस्तु नासिने गरी सडक, बस्ती विस्तार, खनिज पदार्थ उत्खनन गर्नु हुँदैन । |

प्राकृतिक वातावरण हाम्रो जीवन हो । यसलाई नष्ट गर्नु हुँदैन । हाम्रो वरपर सफा, स्वच्छ बनाउने र वातावरणीय सन्तुलन कायम गर्नुपर्छ । विकास गर्दा वातावरणमैत्री र दिगो हुने तरिकाले गर्नुपर्छ । प्रकृति हाम्रो जीवन हो यसलाई जोगाउनु हाम्रो कर्तव्य हो त्यसैले आजैबाट यसको संरक्षणमा जुटौँ ।



धुलिखेल नगरपालिकाले वातावरण दिवसको अवसरमा चौकोटको डाँडामा वृक्षरोपण कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा वातावरणविद्ले राख्नुभएको तल दिइएको मन्तव्य अध्ययन गर्नुहोस् ।

## वातावरणविद्



उपस्थित सम्पूर्णमा हार्दिक नमन। आदरणीय महानुभावहरू हाम्रो वरिपरि रहेका जैविक तथा अजैविक वस्तुहरूलाई समग्रमा वातावरण भनिन्छ । यसर्थ हाम्रो वरपर हामीले देखेका सम्पूर्ण कुराहरू वातावरण हो । प्राणीको जीवन वातावरणकै भरमा अडिएको हुन्छ । मानिस प्रकृति र वातावरणदेखि टाढा हुन सक्दैन । सृष्टिले मानिस र प्रकृतिबिच घनिष्ठ सम्बन्ध गाँसिदिएको छ । सम्पूर्ण जीवजन्तुका लागि पनि वातावरण अपरिहार्य छ । स्वच्छ वातावरणले प्रकृतिको सन्तुलनका साथै जीवित वस्तुहरूको विकास गर्न मद्दत गर्दछ । त्यसैले हामीले "स्वच्छ वातावरण स्वस्थ जीवन" भन्ने कुरालाई भुल्नु हुँदैन । हामीलाई बाँच्नका लागि आवश्यक पर्ने हावा, पानी, खाना यही वातावरणमा पाइन्छ । वातावरणमा भएका प्राकृतिक स्रोत तथा साधनलाई सही तरिकाले सदुपयोग गर्दै यसको संरक्षण गर्नु हामी नगरबासीको दायित्त्व हो । वातावरण संरक्षणका लागि हामीले निम्नानुसारको कार्यहरू गर्नुपर्छ ।

१. आफ्नो टोल छिमेकमा सफा राखौं ।

२. आ- आफ्नो टोल तथा वडामा भएका पोखरी, कुवा, इनार, ढुङ्गेधारा, खोलानाला सफा राखौं ।

३. सामूहिक रुपमा वनजङ्गल संरक्षणका लागि वृक्षरोपण गरौं ।

४	वातावरण संरक्षणको महत्वबारे जनचेतनामूलक कार्यक्रम सञ्चालन गरौं ।
५.	ढुङ्गाखानी र नदीको गिट्टी बालुवा अनियन्त्रित रुपमा ननिकालौं ।
६.	वनजङ्गलमा डढेलो नलगाउने र लगाउनेलाई कडा कारवाही गरौं ।
७.	अर्गानिक खेतीमा जोड दिने विषादिको प्रयोगलाई निरुत्साहित गरौं ।
८.	बसोबास क्षेत्रमा एक घर एक करेसाबारी अनिवार्य बनाऔं ।
९.	पेट्रोलियम सवारी साधनको सट्टा विद्युतीय सवारी साधनको प्रयोगमा जोड दिऊँ ।
१०.	घरबाट निस्कने फोहरलाई कुहिने र नकुहिने छुट्याएर त्यसको सही व्यवस्थापन गरौं ।
११.	प्लास्टिक र प्लास्टिकजन्य वस्तुहरूको प्रयोगमा रोक लगाऔं ।

यस्ता कार्यहरू गरेमा हामीले हाम्रो वातावरण सफा राख्न सक्छौं । आशा छ अबदेखि हामी वातावरण संरक्षणका कार्यमा एक भएर जुट्ने छौं । धन्यवाद ।

**धुलिखेल नगरपालिकाले वातावरण संरक्षणको क्षेत्रमा गरेका कार्यहरू**

१.	खुला दिसामुक्त नगर घोषणा



२.	५३ ओटा पार्कको निर्माण गरी धुलिखेललाई पार्कहरूको सहर बनाइएको ।
३.	नेपालको पहिलो र एसियामा दोस्रो स्वस्थ सहर घोषणा ।
४.	हरित नगरको रूपमा विकास गर्न वृक्षरोपण र वनजङ्गल संरक्षण गर्दै आएको ।
५.	जैविक कृषिलाई प्रोत्साहन ।
६.	सरसफाई तथा फोहर सङ्कलन र व्यवस्थापनका कार्यहरू सञ्चालन ।
७.	शून्य कार्वन सिटी घोषणाका लागि प्रयत्न ।
८.	बाढी पहिरो तथा भूक्षय नियन्त्रणका कार्यहरू ।
९.	ताल, पोखरी, ढुङ्गेधारा, खोलाको सरसफाई तथा संरक्षण ।
१०.	प्राकृतिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण ।

## क्रियाकलाप

१. स्वच्छ वातावरण झल्कने चित्र बनाएर रङ भर्नुहोस् र कक्षाकोठाको भित्तामा टाँस्नुहोस् ।

२. तपाईंको गाउँ वा बस्तीमा वातावरण सफा र स्वच्छ राख्न मानिसहरूले के के गर्दै आएका छन् ? साथीलाई सुनाउनुहोस् र साथीलाई पनि उसको ठाउँको बारेमा भन्न लगाउनुहोस् ।

## अभ्यास

१. कोष्ठकबाट सही उत्तर छानेर खाली ठाउँमा भर्नुहोस् ।

क. वातावरणले हामीलाई बाँच्नका लागि आवश्यक पर्ने हावापानी र .......... प्रदान गरेको छ । (खाना/ कार्वनडाइअक्साइड ग्यास / धुलोमैलो )

ख. पृथ्वीको सतहमा मानिसले बनाएको वातावरणलाई .......... वातावरण भनिन्छ । (प्राकृतिक /मानव निर्मित / स्वः उत्पत्ति)

ग. वनजङ्गलको संरक्षण गर्न नाङ्गा डाँडा पाखाहरूमा .......... गर्नुपर्छ । (वृक्षरोपण/ सरसफाइ /डढेलो लाउने )

घ. कुहिने र ........... फोहर छुट्याएर यसको सही व्यवस्थापन गर्नु हाम्रो दायित्व हो ।

ङ. समाजको विकास गर्दा वातावरण ........... र दिगो विकास गर्नुपर्छ। (मैत्री/विनाशकारी/ नष्ट गर्ने )

२. तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।

क. वातावरण भनेको के हो ?

ख. वातावरण सफा भएन भने हामीलाई लाग्न सक्ने दुईओटा रोगको नाम लेख्नुहोस् ।

ग. कुहिने र नकुहिने फोहरलाई कसरी व्यवस्थापन गर्न सकिन्छ ? उल्लेख गर्नुहोस् ।

घ. तपाईं आफ्नो समाजमा कुन कुन स्थानको सरसफाइ कार्यक्रममा सहभागी हुनुभएको छ ? सरसफाइ गर्दा को को मिलेर गर्नुभयो र के के सामग्रीको प्रयोग गर्नुभएको थियो ? छोटो विवरण प्रस्तुत गर्नुहोस् ।

ङ. वातावरण प्रदूषण हुने कुनै तीन कारणहरू उल्लेख गर्नुहोस् ।

च. तपाईंको विद्यालय नगरपालिकाको कुन वडामा पर्छ ? यहाँको वातावरण संरक्षण गर्न त्यहाँका मानिसहरूले अपनाएका पाँच ओटा उपायहरू लेख्नुहोस् ।

छ. वातावरण दिवसको अवसरमा तपाईंको नगरपालिकाले आयोजना गरेको वक्तृत्त्वकला कार्यक्रममा बोल्न "स्वच्छ वातावरण स्वस्थ जीवन" शीर्षकमा एउटा वक्तृत्वकलाको नमुना तयार पार्नुहोस् ।

ज. धुलिखेल नगरपालिकाले वातावरणमैत्री विकासका लागि के कस्ता कार्यहरू गर्दै आएको छ ? नगर प्रमुखलाई भेटेर छलफल गरी लेख्नुहोस् ।

## सामूहिक कार्य

तपाईंको विद्यालय वरिपरि भएका फोहरहरू सङ्कलन गरी कुहिने फोहरलाई खाल्डोमा जम्मा गरेर कम्पोस्ट मल बनाउनेहोस् र नकुहिने तर पुनः प्रयोग गर्न मिल्ने वस्तु सङ्कलन गरी हस्तकलाका नयाँ सामग्रीहरू तयार पार्नुहोस् र विद्यालयको वार्षिकोत्सवमा प्रदर्शन गर्नुहोस् ।

पाठ ५

# लागू औषध दुर्व्यसन

रक्सी चुरोट लागू औषध सबै हुन् विष
लागू औषध दुर्व्यसनमा जिन्दगी नपिस,
लाग्छ होला सेवन गर्दा चिन्ता पिर हट्छ
हट्नु साटो दुगुना र चौगुनाले बढ्छ ।

एकपटकको सेवनले लाग्न सक्छ कुलत
टाढै बस्नु त्यागिदिनु खराब साथी सङ्गत,
केही छिनको खुसी सुख आनन्दमा डुली
खेर फाल्नु हुन्न जीवन कर्तव्यलाई भुली ।

रिमा र रियाज इम्मानुएल इङ्लिस स्कुलको कक्षा ८ मा पढ्ने विद्यार्थी हुन् । उनीहरू आज बाटोमा स्थानीय विषयमा पढ्ने पाठ लागू पदार्थ दुर्व्यसनको बारेमा कुराकानी गर्दै विद्यालय जाँदैछन् ।

**रिमा :** रियाज, आज हामी स्थानीय विषयको कुन पाठ पढ्छौं, थाहा छ तिमीलाई ?

**रियाज :** किन थाहा नहुनु नि रिमा, भर्खरै घरमा त्यही पाठ त पढेर आएको । मैले त यही विषयको बारेमा युटुवमा एउटा भिडियो पनि हेरेँ ।



**रिमा :** ए हो र ! मैले त पढेकै छैन । भनत लागू पदार्थ भनेको के हो ?

**रियाज :** मानिसमा लत सिर्जना गरी दुर्व्यसनी तुल्याउने वस्तु वा पदार्थलाई लागू औषध भनिन्छ । यस्ता पदार्थले दुर्व्यसनीको केन्द्रीय स्नायु प्रणालीमा गहिरो असर पार्नुको साथै उसको सोचाइ र भावनामा परिवर्तन ल्याउँछ । सामान्यतया मानिसको शारीरिक र मानसिक स्वास्थ्य, चेतना र अनुभूतिलाई विकृत तुल्याउने पदार्थलाई लागू पदार्थ भनिन्छ ।

**रिमा :** त्यसो भए लागू पदार्थको केही उदाहरण देऊ न त ।

**रियाज :** गाँजा, भाङ, चरेस, हेरोइन, अफिम, धतुरो, ब्राउनसुगर आदि जस्ता नसालु र मादक पदार्थ, लागू पदार्थ हुन् । तर सुर्तीजन्य पदार्थ र मदिरा कानुनद्वारा नियन्त्रित लागू पदार्थ हुन् ।

**रीमा :** लागू पदार्थ दुर्व्यसन भनेको चाहिँ के हो त ?

**रियाज :** यस्ता पदार्थ चाहिने भन्दा बढी प्रयोग हुनु र बारम्बारको प्रयोग गर्न चाहिँ लागू पदार्थ दुर्व्यसन हो । डाक्टरको सल्लाह अनुसार प्रयोग गरेमा यी वस्तुहरू औषधि हुन्छन् । तर डाक्टरको सल्लाह बिना कुनै पनि व्यक्तिले आफूखुशी जतिबेला मन लाग्यो उति बेला सेवन गर्न थाल्नु दुर्व्यसन हो । यस्ता वस्तुको एक पटक सेवन गरेपछि छुटकारा पाउन गाह्रो हुन्छ । यस्ता वस्तु नपाएमा उसका हातखुट्टा काँप्न थाल्छन् । बिस्तारै उसले मानसिक सन्तुलन गुमाउँछ र उसको सहारा नै लागू पदार्थ हुन्छ । यसले गर्दा उसको पढाइमा बाधा उत्पन्न हुनुका साथै, भविष्य पनि अन्धकारमा पर्छ । लागू पदार्थको सेवन गर्नाले हाम्रो शरीरमा यस्ता असरहरू देखा पर्छन् ।

**रिमा :** ओहो ! रियाज, यस्तो डरलाग्दो कुरा मानिसले के कारण सेवन गर्छन् होला है ?

**रियाज :** ल, त्यति पनि थाहा छैन तिमीलाई ? ल सुन, म भन्दिहाल्छु नि ।

**लागू औषध दुर्व्यसनका कारणहरू**




- साथी सङ्गत र दबाब
- मनोरञ्जनका लागि प्रयोग
- पारिवारिक समस्या/ झैझगडा
- मानसिक तनाव
- उत्सुकता/चाखेर हेर्ने चाहना
- सामाजिक तथा धार्मिक संस्कार र परम्पराका कारण
- पढाइ लेखाइ राम्रो नहुनाले
- सजिलै प्राप्त हुनु
- बेरोजगारी आदि ।

लागू औषध प्रयोगकर्तामा निम्नानुसारका लक्षणहरू देखिन्छन् :

- पढ्न मन नगर्ने

- दुब्लाउँदै जाने
- एकान्तमा बस्न मन पराउने
- पैसा मागिरहने/खर्च बढी गर्ने
- समाज बिरोधी कार्यमा लाग्ने
- असामान्य व्यवहार देखाउने आदि ।

**रिमा :** लागू पदार्थको सेवनबाट व्यक्ति, परिवार र समाजमा पर्ने असर पनि थाहा छ त तिमीलाई ?

**रियाज :** छ नि रिमा किन नहुनु, ती असर यस प्रकार छन्ः

| व्यक्तिगत असर | पारिवारिक असर | समाजमा पर्ने असर |
|---|---|---|
| ❍ शरीर कमजोर हुने र स्मरण शक्ति कम हुँदै जाने<br>❍ शरीरको रोगप्रतिरोधात्मक क्षमता घट्ने<br>❍ लागूपदार्थको अत्याधिक सेवनले क्यान्सर, हार्टअट्याक, एच. आइ.भी/एड्स, हेपाटाइटिस जस्ता प्राणघातक रोग लाग्न सक्छ<br>❍ मुटु ,कलेजो, किड्नी, घाँटी, आन्द्रा आदिमा गम्भीर क्षति पुग्ने<br>❍ अत्यधिक सेवनले मानिसको मृत्यु पनि हुन सक्ने<br>❍ तौल घट्ने, खानामा रुचि नहुने,<br>❍ एकोहोरो हुने, निराशा बढ्ने, नकारात्मक भावनाको सृजना, आत्महत्या गरुँ गरुँ लाग्ने, स्मरण शक्तिमा ह्रास हुने आदि । | ❍ पारिवारिक कलह बढ्ने<br>❍ घरको समान चोरी हुने<br>❍ आर्थिक स्थिति कमजोर हुँदै जाने<br>❍ परिवारको सामाजिक इज्जत घट्ने<br>❍ आफन्तसँगको दूरी बढ्ने<br>❍ अनैतिक कार्यमा संलग्न हुने<br>❍ ठूलाले लागूपदार्थको सेवन गर्दा सानाले पनि सिक्न सक्ने आदि । | ❍ समाजमा अशान्तिको स्थिति पैदा हुने<br>❍ एउटाले गर्दा समाजका अरुले पनि यस्तो आदत सिक्न सक्ने<br>❍ समाजमा चोरी, डकैती, हत्या र हिंसा जस्ता घटनाहरू बढ्ने ।<br>❍ समाजको इज्जतमा दाग लाग्ने ।<br>❍ समाजको विकासमा बाधा उत्पन्न हुने आदि । |

## घटना अध्ययन गरौँ




प्रियस्नाको अनुहार धेरै दिन देखि झुम्म देखिएको थियो । उनको पढाइमा पनि त्यति ध्यान थिएन । पढाउँदा उनी टोलाएर बस्ने गर्थिन् । मुना मिस उनको यस्तो व्यवहार देखेर भित्रभित्रै चिन्तित हुनुभएको थियो । आज पनि उहाँ सदाझैं कक्षाकोठामा जानुभयो । तर कक्षामा प्रियस्नालाई देख्नुभएन । त्यसपछि सबलाई सोध्नुभयो आज प्रियस्ना किन नआएकी थाहा छ तपाईंहरूलाई ? यतिकैमा जिनाले हात उठाएर भनिन् उनलाई त आज बिहानै पुलिसले लगेको छ म्याम । पुलिसले ! किन नि ? मुना म्यामले आत्तिँदै सोध्नुहुन्छ ? उनी र उनको साथीहरूले गाँजा खाएको बेला पुलिसले भेट्टाएर लगेको रे म्याम । थाहा छ म्याम उनी कतिचोटी त स्कुलै बङ्क गरेर साथीहरूसँग भट्टेडाँडा पट्टि जान्थिन् नजाऊ भन्दा मान्दिन थिइन् ।

म्याम : उफ ! के गर्नु ?आजकालका बच्चाहरू कसैले भनेको टेर्ने भए पो ! हेर अब खराब लत बसेन त !

**लागू पदार्थ रोकथाम तथा नियन्त्रण गर्ने उपाय:**

- बेचबिखन गर्नेलाई कडा कानुनी सजाय दिने
- स्थानीय उत्पादनमा रोक लगाउने
- लागू पदार्थको प्रयोग हुने चाडपर्व मनाउने तरिका परिमार्जन गर्ने ।
- कुलतमा फसेकाहरूलाई परिवार तथा समाजमा घृणा नगरी मायालु वातावरण सिर्जना गर्ने ।
- पुनस्थापना केन्द्रहरूको स्थापना गर्ने ।
- सिमाना र नाकाहरूमा कडा सुरक्षा र चेकजाँचको व्यवस्था गर्ने ।
- अभिभावकले आफ्ना सन्तानको साथी सङ्गत र क्रियाकलापहरूको निगरानी गर्ने र सही शिक्षा दिने गर्नुपर्छ ।

## क्रियाकलाप

१. **तलको सूचना अध्ययन गरी सामूहिक रुपमा छलफल गर्नुहोस् । उक्त विषयवस्तु समेटी एक अनुच्छेद लेख्नुहोस् ।**

**लागू पदार्थ दुर्व्यसनीलाई विशेष पुरस्कार !**

**प्रथम :** अकाल मृत्यु

**द्वितीय :** मुटुको रोग, दम, खोकी, क्यान्सर, अल्सर, मानसिक रोग, कमजोर पाचन प्रणाली, घाँटीको क्यान्सर

**तृतीय :** पारिवारिक कलह, सामाजिक बेइज्जत, प्रहरीको कठघराको बास, सुधार केन्द्र, आर्थिक नोक्सानी र अन्धकार भविश्य

२. **लागू पदार्थ दुर्व्यसनी विरुद्ध जनचेतना जगाउने कुनै चारओटा नारा लेखिएको प्लेकार्ड बनाउनेहोस् ।**

## अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख्नुहोस् ।**

क. लागू औषध दुर्व्यसन भनेको के हो ? एक वाक्यमा परिभाषित गर्नुहोस् ।

ख. लागू औषधजन्य पदार्थहरूको नाम चार्टमा प्रस्तुत गर्नुहोस् ।

ग. तपाईं खराब साथीको सङ्गत गर्नुहुन्छ कि असल साथीको सङ्गत गर्नुहुन्छ ? किन ?

घ. लागू औषध दुर्व्यसनको कारण र यसले व्यक्तिको स्वास्थ्यमा पार्ने असरहरू उल्लेख गर्नुहोस् ।

ङ. लागू पदार्थ दुर्व्यसनको रोकथाम तथा नियन्त्रण गर्न तपाईंको नगरपालिका क्षेत्रभित्र के कस्ता गतिविधिहरू सञ्चालन भएका छन् ? बुँदागत रुपमा उल्लेख गर्नुहोस् ।

च. "Say No To Drugs" तपाईँ यो भनाईसँग सहमत हुनुहुन्छ ? छ भने किन र छैन भने पनि किन ?

छ. लागू औषध दुर्व्यसनको शारीरिक, मानसिक र सामाजिक असरहरूलाई तालिका बनाएर छुट्टाछुट्टै शीर्षक अन्तर्गत उल्लेख गर्नुहोस् ।

ज. "आफ्ना सन्तानको दैनिक क्रियाकलाप र व्यव्यहारप्रति अभिभावकको निगरानी" शीर्षकमा एउटा लेख लेख्नुहोस् ।

झ. इन्टरनेटको सहायताले लागू औषध नियन्त्रण र रोकथाम गर्न स्थापना भएका सङ्घ संस्थाहरूको नाम खोजेर लेख्नुहोस् ।

एकाइ २

# हाम्रो परम्परा र कला

धुलिखेल नगरपालिका जातीय संस्कार र संस्कृतिमा धनी छ। यो जातीय, धार्मिक, भाषिक तथा सांस्कृतिक विविधता भएको नगरपालिका हो । यहाँ बसोबास गर्ने विभिन्न जातजातिका मानिसहरूको आफ्नो छुट्टै जातीय संस्कार र संस्कृति छ। यस्ता संस्कृति हाम्रा अमूल्य सम्पत्ति हुन् । यिनको संरक्षण गर्नु हाम्रो कर्तव्य हो ।



## सिकाई उपलब्धि

- ☑ ब्राह्मण, क्षेत्री, दशनामी, भुजेल र दलितको संस्कार र संस्कृतिको परिचय दिन
- ☑ तीज, जनै पूर्णिमा, धान्य पूर्णिमा, बैशाख पूर्णिमा जस्ता विशेष पर्वहरूका बारेमा बताउन
- ☑ राष्ट्रिय र स्थानीय पर्वको तुलना गरी प्रस्तुत गर्न
- ☑ शङ्ख, पञ्चेबाजा, मादल, मुर्चुङ्गा, खैँजडी र बिनायोको परिचय दिन र वादन अभ्यास गर्न
- ☑ स्थानीय कला र कलाकारको परिचय र महत्त्व बताउन



# पाठ १ हाम्रो नगरको जातीय संस्कार र संस्कृति

स्थानीय विषयका शिक्षकले हनुमान माध्यमिक विद्यालय, धुलिखेलका कक्षा ८ का विद्यार्थीहरूलाई धुलिखेलको जातीय संस्कार र संस्कृति विषयमा अध्ययन गर्न परियोजना कार्य दिनुभएको थियो । विद्यार्थीहरूले सो विषयमा अध्ययन गरी तयार पारेको प्रतिवेदन निम्नानुसार प्रस्तुत गरेका थिए :

**समूह 'क'**

**प्रस्तोता : रुपेश कोइराला**



सबैलाई नमस्कार ! धुलिखेल नगरपालिकामा बसोबास गर्ने ब्राह्मण क्षेत्री समुदायको विभिन्न संस्कार र संस्कृतिसम्बन्धी हाम्रो समूहले तयार पारेको परियोजना कार्यको प्रतिवेदन प्रस्तुत गर्दै छु । धुलिखेलका प्रायः ब्राह्मण तथा क्षेत्रीहरूले हिन्दू धर्म संस्कार मान्दछन् । जन्मपूर्वदेखि मृत्युपछिसम्म विभिन्न संस्कार कर्म गर्ने प्रचलन ब्राह्मण तथा क्षेत्री समुदायमा रहेको छ । धर्मशास्त्रमा सोह्र संस्कारको उल्लेख गरीए पनि हाल धुलिखेलका ब्राह्मण क्षेत्री समुदायमा सोह्रओटै संस्कार भने प्रचलनमा छैन । धुलिखेलमा जन्मपूर्वको संस्कारअन्तर्गत गर्भवती महिलालाई दही चिउरा खुवाउने चलन छ । गर्भ रहेको नौ महिना लागेपछि आमा र बच्चाको पोषणका लागि माइती पक्षले चेलीलाई दही चिउरा खुवाउने चलन छ । बच्चा जन्मेको छैठौँ दिनमा छैठी कर्म गर्ने गरिन्छ ।



यस दिन नवजात शिशुको सिरानी नजिकै दियोमा बत्ती बालेर राख्ने र कापी, कलम राख्ने चलन छ । छैठीको दिनमा भावी (देवता) ले बच्चाको भाग्य लेखिदिन्छन् भन्ने जनविश्वास रहेको पाइन्छ । यसैगरी बच्चा जन्मेको ११ दिनमा गुरु पुरोहितद्वारा दियो, कलश, गणेश पूजा र अग्निस्थापना गरी विधिपूर्वक न्वारन गर्ने गरिन्छ ।

यस समुदायमा बच्चा जन्मेको पाँच देखि सात महिनामा पास्नी (भात खुवाउने) गर्ने चलन छ। विशेषगरी छोरीलाई जन्मेको पाँच महिनामा र छोरालाई जन्मेको सात महिनामा पास्नी गरिन्छ। बालक जन्मेको सात वर्षभित्र बिजोर वर्षको चैत महिनामा शुभ मुहूर्त (साइत) जुराएर चुडाकर्म गर्ने गरिन्छ। अन्य संस्कारमा जस्तै यस कर्ममा पनि गुरु पुरोहितबाट विधिपूर्वक पूजा गरिन्छ। मामाले बालकको कपाल काट्ने र दिदीबहिनीले काँसको थालमा कपाल थापी नदीमा सेलाउने चलन छ। आजभोलि धेरैले चुडाकर्म पनि व्रतबन्धकै दिनमा गर्ने गरेको पाइन्छ। कन्याहरूको रजस्वला हुनुपूर्व गुन्युचोली दिने संस्कार पनि ब्राह्मण क्षेत्री समुदायमा प्रचलनमा रहेको छ।



ब्राह्मण क्षेत्री समुदायमा व्रतबन्ध एउटा महत्त्वपूर्ण कर्मका रूपमा रहेको छ। शास्त्रअनुसार बालक जन्मेको आठ वर्षमा ब्राह्मणको र एघार वर्षमा क्षेत्रीको व्रतबन्ध गर्नुपर्छ। कसैको सो उमेरमा व्रतबन्ध नभएमा ब्राह्मणको १६ वर्ष र क्षेत्रीको २२ वर्षभित्र गर्नुपर्छ। व्रतबन्ध नभएको बालकलाई अन्य संस्कार कर्मको अधिकार हुँदैन। व्रतबन्ध गर्दा जन्मकुण्डलीका आधारमा शुभ मुहूर्त जुराएर गर्नुपर्छ। व्रतबन्धको अघिल्लो दिन पूर्वाङ्ग कर्म गरिन्छ। साँझमा वटुक (व्रतबन्ध गर्ने बालक) को कपालमा जुटिका (दुम्सीको काँडा) बाँध्ने गरिन्छ। व्रतबन्धको दिनमा यज्ञस्थलमा विधिपूर्वक अग्निस्थापना गरी दियो, कलश, गणेश पूजा गरिन्छ। व्रतबन्धमा आमा, मामा र पुरोहितको मुख्य भूमिका हुन्छ। मामाले वटुकको कपाल खौरिने, आमाले वटुकलाई काखमा लिई यज्ञादि कर्म गराइन्छ। गुरुले वटुकलाई विधिपूर्वक यज्ञोपवीत (जनै) लगाइदिने, गुरुले गायत्री मन्त्र सुनाउने, वेद पाठ गराउने, सत्कर्ममा लाग्ने प्रतीज्ञा गराइन्छ। वटुकहरूलाई आमा, मावली र आफन्त (पिता बाहेक) ले भिक्षादान गर्ने चलन छ।



विवाह संस्कारअन्तर्गत ब्राह्मण क्षेत्री समुदायमा आफ्नो जात मिल्ने तर गोत्र नमिल्ने केटा र केटीबिच मागी विवाह बढी प्रचलनमा छ। आजभोलि प्रेम विवाह, अन्तरजतीय विवाह र कानुनी विवाह पनि गर्ने गरेको पाइन्छ। विधिवत रुपमा विवाहमा बेहुला पक्ष र बेहुली पक्षको कुराकानी मिलेपछि टिकाटालो गरिन्छ। शुभ लग्न (लगन) जुराई

विवाहको दिन टुङ्गो लगाइन्छ । विवाहको अघिल्लो दिन दाजुभाइ जम्मा भई यज्ञ मण्डप (जग्गे) तयार पारिन्छ । पुरोहितद्वारा ग्रहशान्ति पूजा गरी पूर्वाङ्ग कर्म गरिन्छ । पूर्वाङ्ग गरिसकेपछि कुनै छेकथुन (जुठो, सूतक) परे पनि विवाह रोकिँदैन । विवाहको दिन जन्तीसहित बेहुला बेहुलीको घरमा गएपछि विवाह कर्म सुरु हुन्छ । विवाह स्थलमा बेहुली पक्षले जन्तीलाई स्वागत गर्ने र बेहुलीका अभिभावकले बेहुलाको वरण (विधिवत् पूजासहित स्वागत) गरेपछि जग्गेमा राखेर बेहुलीका बाबुआमा र आफन्तले तामाको खड्कुलोमा बेहुला बेहुलीको गोडा धुने र गोडधुवा (बेहुलीलाई दिने उपहार, पैसा) दिइन्छ । बेहुलीका घरका र मावलीका नातेदारले विधिवत् रूपमा कन्याको जिम्मेवारी बेहुलालाई सुम्पन कन्यादान गरिन्छ । कन्यादानपछि बेहुलीको थर र गोत्र परिवर्तन हुन्छ अनि बेहुलाको थर र गोत्र कायम हुन्छ । बेहुलाले बेहुलीलाई सौभाग्यका रूपमा सिन्दुर पोते लगाइदिन्छन् । बेहुलीको पहिरन परिवर्तन गरी बेहुला पक्षबाट लगिएको लुगा गहना लगाई बेहुली सिगारिन्छ । पुरोहितले विधिपूर्वक विवाह कर्म सम्पन्न गराएपछि बेहुली अन्माएर बेहुलाको घरमा लगी भित्र्याइन्छ । बेहुलाको घरमा गाउँ टोलका महिलाहरू भेला भई नाचगान गरी रत्यौली खेल्छन् । विवाहको भोलिपल्ट नयाँ दुलहीको हातबाट भातभान्सा चलाउन बहुभतेर (प्रीतिभोज) गरिन्छ ।



ब्राह्मण क्षेत्री समुदायमा प्रचलनमा रहेको अर्को संस्कार चतुराशीति (चौरासी) पूजा हो । चौरासी वर्ष पूरा गरेको मानिसहरूको चौरासी पूजा गर्ने चलन हुन्छ । मृत्यु संस्कारमा ब्राह्मण क्षेत्रीको शवलाई जलाउने चलन छ । शवलाई हरियो बाँसको खटमा राखेर एकोहोरो शङ्ख बजाउँदै घाटमा लगिन्छ । छोराद्वारा (आजभोलि टोरीले पनि) दागबत्ती दिएर जलाई शवको अन्त्येष्टि गरिन्छ । दाजुभाइले १३ दिनसम्म जुठो बार्ने चलन छ । मृतकका छोरा र श्रीमतीले कोरा बारेर किरिया बस्नुपर्छ । १३ दिनमा किरिया कर्म सम्पन्न हुन्छ । एक वर्षसम्म सेतो लुगा लगाएर, चोखो खाएर बरखी बारेर बस्नुपर्छ । वर्षदिन भएपछि वार्षिकी श्राद्ध गरेपछि घरका मानिसलाई पनि जुठो सिद्धिन्छ । हरेक वर्ष मृतकको मृत्यु तिथिका दिन श्राद्ध गरी पितृलाई स्मरण गर्ने चलन ब्राह्मण क्षेत्री समुदायमा रहेको छ ।

**समूह 'ख'**

**प्रस्तोता : अस्मिता भुजेल**

आदरणीय गुरु तथा साथीहरूलाई नमस्कार ! आज म हाम्रो समूहले तयार पारेको भुजेल संस्कृतिसम्बन्धी परियोजना कार्य प्रस्तुत गर्दछु । भुजेलहरू प्रकृतिका पूजारी हुन् । उनीहरू सूर्य, वायु, जल, जमिन

र जङ्गलको पूजा गर्छन् । भुजेलहरूको जन्मदेखि मृत्युसम्म विभिन्न संस्कार कर्महरू हुने गर्दछन् । भुजेलहरूको बच्चा जन्मेको सात दिनमा न्वारन गरिन्छ । विशेष परिस्थितिमा पूजारामे (भुजेल पुरोहित) को सल्लाहमा बच्चा जन्मेको बिजोर दिनमा पनि न्वारन गर्न सकिन्छ । सुत्केरी चोख्याउन कलशको पानी, तितेपाती, सुनपानी, चन्दन, दही मिसाई पाँच तत्त्वको मिश्रण भएको पानी घरका आफन्तलाई खान दिएर र घरमा छर्केर घर चोख्याइन्छ । बच्चाको नामकरण गर्दा अक्षर लेखिएका कागजको टुक्रा आमाको सहयोगमा बच्चालाई छुन लगाई जुन अक्षर छुन्छ त्यसैबाट नाम राख्ने चलन रहेको छ । आजभोलि बाहुन क्षेत्रीकै संस्कारअनुसार नामकरण गर्ने चलन पनि छ ।

बच्चाको पास्नीमा पूजारामेबाट विधिपूर्वक पूजा गरी पाँच किसिमका अन्नको परिकार खुवाउने चलन छ । बच्चालाई भात खुवाउँदा परिवारको ठुलो व्यक्तिदेखि क्रमशः सानाले खुवाइन्छ । अन्तिममा पूजारामेले भात खुवाएपछि पास्नी कार्यक्रम समापन हुन्छ । व्रतबन्ध गर्दा ब्राह्मण क्षेत्रीकै संस्कारजस्तो गरिन्छ । तर धुलिखेलमा बसोबास गर्ने भुजेलहरूले हरेक संस्कार कर्म ब्राह्मण पुरोहितबाट ब्राह्मण क्षेत्रीकै संस्कारअनुसार गर्ने गर्दछन् ।

**समूह 'ग'**

**प्रस्तोता : कृष्ण रस्तेल**

सबैमा नमस्कार ! आज म दशनामी र दलितहरूको संस्कार र संस्कृति सम्बन्धमा हाम्रो समूहले तयार पारेको परियोजना प्रस्तुत गर्दै छु । दशनामीहरूमा भिन्नाभिन्नै जातीय अर्थ रहेका दसओटा नामहरू पर्दछन् । यसअन्तर्गत पर्ने नामहरू गिरी, पुरी, भारती, वन, पर्वत, सागर, सरस्वती, आश्रम, आरण्य र तीर्थ हुन् । दशनामीका जन्मदेखिका मृत्युसम्मका प्रायः संस्कारहरू ब्राह्मण क्षेत्रीका संस्कारसँग मिल्दछन् । यिनीहरूले बालक जन्मेको एघार दिनमा न्वारन गर्छन् । दशनामीहरूले व्रतबन्ध गर्दैनन् । यिनीहरूले कपाल खौँरदा टुप्पी राख्दैनन् । कतै कतै दशनामीहरूले पनि जनै लगाउने गर्छन् तर धुलिखेलका दशनामीहरूले जनै लगाउँदैनन् । यिनीहरूले एउटै थर भएकोसँग पनि बिहे गर्छन् तर मढी (कुलगोत्र) फरक हुनुपर्छ । दशनामी समुदायमा मानिसको मृत्यु भएपछि शवलाई गाड्ने चलन छ तर आजभोलि जलाउने पनि गर्छन् । यिनीहरूले ब्राह्मण क्षेत्री समुदायले जस्तै काज किरिया गर्छन् । यिनीहरू मृत आत्मा बैकुण्ठमा नभई शिवलोकमा बस्ने विश्वास गर्छन् । त्यसैले दशनामीले पिण्डदानको साटो रोट (एक प्रकारको बाक्लो सुख्खा रोटी) काट्ने गर्छन् । मानिस मरेको १२ दिनदेखि वर्ष दिनभित्र मानिस मरेको घरमा रातको समयमा जोगी जोगिनीको कृत्रिम लास बनाएर घरभित्र बालेको बत्तीको दर्शन गराई

मलामी गएर खोलामा लगी बगाउने चलन छ । यसलाई शङ्खढाल कर्म भनिन्छ ।

दलित भनेका श्रम, सिप र कलाका धनी तर अन्धविश्वासका आधारमा अछुत भनी सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक रूपमा राज्यको मूल प्रवाहबाट वञ्चित शोषित तथा उत्पीडित वर्ग हो । धुलिखेल नगरमा पनि राष्ट्रिय दलित आयोगले सूचीकरण गरेका मध्ये थुप्रै जात र थरका दलितहरूको बसोबास छ । राष्ट्रिय जनगणना २०७८ अनुसार धुलिखेलको कुल जनसङ्ख्यामध्ये ६.८ प्रतिशत मानिसहरू दलित समुदायका छन् । दलित समुदायको धेरैजसो संस्कार ब्राह्मण क्षेत्री समुदायसँग मिल्छ । यिनीहरूले भान्जा वा पुरोहितबाट विभिन्न संस्कार कर्म गराउँछन् । व्रतबन्ध कर्म ब्राह्मण क्षेत्रीको जस्तै भए पनि यिनीहरूले जनै लगाउँदैनन् । कतिपय दलित जातिमा मृत्युपछिको काज किरिया ५ दिनमा सक्ने चलन छ तर अधिकांशको १० दिनमा किरिया सक्ने चलन छ । क्रिस्चियन धर्म मान्ने दलितहरूले भने जन्मदेखि मृत्युसम्मका संस्कार क्रिस्चियन धर्म परम्पराअनुसार गर्ने गरेको पाइन्छ ।

## क्रियाकलाप

१. **अभिभावकलाई सोधेर आफ्नो जातिको न्वारन, व्रतबन्ध, गुन्युचोली, विवाह र मृत्यु संस्कारसम्बन्धी क्रियाकलापहरू लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. **पाठका आधारमा कोष्ठकबाट मिल्ने शब्द छानेर खाली ठाउँमा भर्नुहोस् :**

क. हाम्रो समुदायमा ..................... का दिनमा भावीले भाग्य लेखिदिन्छन् भन्ने जनविश्वास रहेको छ । (न्वारन, छैठी, व्रतबन्ध)

ख. भुजेलहरूको पुरोहितलाई ..................... भनिन्छ । (पण्डित, गुभाजु, पूजारामे)

ग. शङ्खढाल कर्म गर्ने चलन ..................... समुदायमा प्रचलनमा छ । (दलित, दशनामी, क्षेत्री)

घ. ..................... समुदायमा पिण्डदान नगरी रोट काट्ने चलन छ । (भुजेल, ब्राह्मण, दशनामी)

ङ. विवाहमा बेहुलीको गोडा धोएर दिने उपहारलाई

.................... भनिन्छ । (दाइजो, गोडधुवा, दक्षिणा)

२. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

क. ब्राह्मण क्षेत्री समुदायमा व्रतबन्धलाई किन महत्त्वपूर्ण संस्कारका रूपमा लिइन्छ ?

ख. भुजेलहरूको न्वारन कर्मबारे लेख्नुहोस् ।

ग. दशनामी र भुजेलहरूको संस्कृतिमा रहेका समानता र भिन्नता लेख्नुहोस् ।

घ. शङ्खढाल कर्म कसरी गरिन्छ ?

ङ. दलितहरूको मृत्यु संस्कारबारे लेख्नुहोस् ।

## परियोजना कार्य

**तपाईँको समुदायमा प्रचलित संस्कारको अध्ययन गरी तल दिइएको ढाँचामा एउटा परियोजना कार्य तयार पार्नुहोस् ।**

१. अध्ययनको शीर्षक

२. अध्ययनको उद्देश्य

३. अध्ययन विधि

४. अध्ययनबाट प्राप्त मुख्य तथ्यहरू

क. सकारात्मक पक्ष

ख. नकारात्मक पक्ष

५. निष्कर्ष

# पाठ २ हाम्रा चाडपर्व

धुलिखेल, काभ्रेपलाञ्चोक
मिति : २०८२।०१।०३

प्यारो साथी श्रविन,
मिठो सम्झना !

म यहाँ सन्चै छु । आशा छ त्यहाँ तपाईँ पनि आरामै हुनुहुन्छ । तपाईँले धुलिखेलमा मनाइने चाडपर्वको बारेमा जान्ने इच्छा राखेर पत्र लेख्नुभएको रहेछ । पत्र पाउँदा खुसी लाग्यो । आज म तपाईँको जिज्ञासा मेटाउन यो पत्र कोर्दै छु ।

धुलिखेलमा हिन्दू नारीहरूले तीज भव्य रूपमा मनाउँछन् । यो चेली र माइतीलाई भेट गराउने महत्त्वपूर्ण चाड हो । यो चाड भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म मनाइन्छ । पौराणिक कथनअनुसार पार्वतीले शिवजी स्वामी पाऊँ भनी शिवलिङ्ग स्थापना गरी पानीसमेत नखाई कठोर निराहार व्रत बसेकी थिइन् । यसबाट शिवजी प्रशन्न भई चिताएको कुरा पूरा होओस् भनी वरदान पाएपछि शिवपार्वतीको विवाह भएको थियो । त्यसैले असल स्वामी मिलोस् र चिताएको पूरा होओस् भनी हिन्दू नारीहरू तीजको व्रत बस्ने गर्दछन् । तीजमा द्वितीयाका दिन मिठा मिठा परिकार बनाई दर खाने चलन छ । तृतीयाका दिन महिलाहरू निराहार व्रत बस्छन् । शिव मन्दिरमा गएर शिवको पूजा आराधना गर्छन् । महिलाहरू भेला भई आफ्ना सुखदुःखलाई गीतका माध्यमबाट प्रस्तुत गरी नाचगान गर्छन् । पञ्चमीका दिन बिहानै खोला तथा धारामा गएर ३६५ ओटा दतिवन टोकेर दाँत माझ्छन् । चोखो माटो, गाईको गोबरले विधिपूर्वक ३६५ पटक शरीर पखालेर शुद्ध हुन्छन् । चाल्नीमा गनौती (३६५ ओटा गनिएका जौ, तिल, चामल) राखेर टाउकोमा राखेर पानी खन्याई नुहाउँछन् । यस दिन सप्तर्षिहरूको पूजा गरी पञ्चमी पूजा गरेपछि तीज समापन हुन्छ ।

साथी, हाम्रो धुलिखेलमा जनैपूर्णिमा (रक्षाबन्धन) पर्व पनि उल्लासका साथ मनाइन्छ । यो चाड श्रावण शुक्ल पूर्णिमाको दिन मनाइन्छ । यो दिनमा ब्राह्मण क्षेत्री समुदायका पुरुषहरूले स्नान गरी गुरुद्वारा मन्त्रिएको जनै (यज्ञोपवीत) धारण गर्ने गर्छन् । गुरु पुरोहितबाट हातमा रक्षाबन्धन बाँध्ने पनि गरिन्छ । आजभोलि यो दिनमा दिदीबहिनीले दाजुभाइको हातमा रक्षाबन्धन (राखी) बाँधिदिने चलन

पनि चलेको छ । धुलिखेलका नेवार समुदायले यो पर्वलाई गुँ-पुन्ही / क्वाँती पुन्ही भनी मनाउँछन् । यो दिन सबैले क्वाँटी (भिजाएर टुसा उम्रिएका नौथरी गेडागुडी) पकाएर खाने चलन छ । यसले रोपाई गरेर थाकेको शरीरमा ऊर्जा भर्ने र सर्दी भगाउने काम गर्छ भन्ने विश्वास गरिन्छ ।

साथी, धुलिखेलमा मङ्सिर शुक्ल पूर्णिमाका दिनमा धान्य पूर्णिमा (यःमरी / योमारी पुन्ही) पनि मनाइन्छ । किसानहरूले धान भित्र्याएपछि धनधान्यले भरिपूर्ण होओस् भनी यो पर्व मनाउने गरिन्छ । नयाँ अन्न देवतालाई चढाएर मात्र खाने प्रचलन रहेको हुँदा यो दिन नेवार समुदायले यःमरी, ल्हौँचामरी पकाएर देवतालाई चढाउने र आफूले खाने चलन रहेको छ ।

साथी, धुलिखेलमा मनाइने अर्को चाड वैशाख पूर्णिमा (बुद्ध जयन्ती) हो । यो चाड वैशाख शुक्ल पूर्णिमाका दिनमा मनाइन्छ । ई.पू. ५६३ मा बैशाख शुक्ल पूर्णिमाका दिन वर्तमान नेपालको रुपन्देही जिल्लाको लुम्बिनीमा भगवान् गौतम बुद्धको जन्म भएको थियो । यही पवित्र दिनलाई बौद्धमार्गीहरूले आफ्नो परम्पराअनुसार पूजापाठ तथा विभिन्न कार्यक्रमहरू गरी बुद्ध जयन्ती मनाउने गर्दछन् । हिन्दू धार्मिक ग्रन्थअनुसार यसै पूर्णिमाका दिन देवी दुर्गा भगवतीले कालिकाको रूप धारण गरेर देवासुर सङ्ग्राममा असुरका शक्तिशाली सेना चण्ड र मुण्डको वध गरी देवताहरूको रक्षा गरीन् । त्यसैले हिन्दूहरूले यो दिनलाई चण्डी पूर्णिमाका रूपमा मनाउँछन् । उनीहरूले देवी मन्दिरहरूमा गई हर्ष उल्लासका साथ बाजागाजासहित पूजापाठ गरेर तथा व्रत, भजनकीर्तन गरेर यो पर्व मनाउँछन् । यसै दिन हाम्रो धुलिखेलसँगै रहेको बनेपामा प्रसिद्ध चण्डेश्वरी माईको जात्रा गर्ने चलन रहेको छ ।

साथी, पत्रबाट तपाईंको जिज्ञासा पक्कै मेटियो होला । तपाईंले पनि आफ्नो नगरमा मनाइने चाडका बारेमा लेखेर पठाउनु हुने छ भन्ने अपेक्षासहित अहिलेलाई बिदा चाहन्छु ।

उही तपाईंकी प्यारी साथी
कृषा

## क्रियाकलाप

**१. तपाईंको समुदायमा तीज र जनै पूर्णिमा कसरी मनाइन्छ ? कक्षाका साथीहरू दुई समूहमा बाँडिएर छलफल गरी प्रस्तुत गर्नुहोस् ।**

**२. हाम्रा चाडपर्वको महत्त्व शीर्षकमा कक्षागत वक्तृत्वकला आयोजना गर्नुहोस् ।**

**१. पाठका आधारमा कोष्ठकबाट मिल्ने शब्द छानेर खाली ठाउँमा भर्नुहोस् :**

क. ..................... चेली र माइतीलाई भेट गराउने चाड हो । (तीज, धान्य पूर्णिमा, जनै पूर्णिमा)

ख. जनै पूर्णिमाको दिनमा ..................... खाने चलन छ। (योमरी, दर, क्वाँटी )

ग. चण्डी पूर्णिमा ..................... का दिनमा मनाइन्छ। (मङ्सिर शुक्ल पूर्णिमा, माघ शुक्ल पूर्णिमा, श्रावण शुक्ल पूर्णिमा)

घ. तीजको ..................... का दिनमा हिन्दू महिलाहरू निराहार व्रत बस्छन् । (तृतीया, चौथी, पञ्चमी)

**२. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

क. तीजको कुनै चारओटा विशेषता लेख्नुहोस् ।

ख. जनै पूर्णिमामा गरिने मुख्य क्रियाकलापहरू लेख्नुहोस् ।

ग. धान्य पूर्णिमा कहिले र कसरी मनाइन्छ ?

घ. धुलिखेलका बौद्धमार्गी र हिन्दूहरूले वैशाख पूर्णिमा कसरी मनाउँछन् ?

# पाठ ३ हाम्रो राष्ट्रिय तथा स्थानीय पर्व

कक्षा ८ का विद्यार्थीहरूलाई परियोजना कार्यअन्तर्गत एउटा अध्ययन प्रतिवेदन तयार पार्न लगाइएको थियो । उनीहरूले तयार पारेको अध्ययन प्रतिवेदन यसप्रकार रहेको छः

१. **शीर्षकः हाम्रो राष्ट्रिय तथा स्थानीय पर्व**

२. **परिचय :**

कक्षा ८ को स्थानीय विषयअन्तर्गत हाम्रो परम्परा र कला पाठ अध्ययनका लागि गुरुले हामीलाई प्रतिवेदन तयार पार्न लगाउनुभयो । हामीलाई अभिभावकसँग सोधेर तथा इन्टरनेटबाट खोजेर हाम्रो राष्ट्रिय तथा स्थानीय पर्वको खोजी गरी प्रतिवेदन लेख्न लगाइएको थियो ।

३. **उद्देश्यः**

क. स्थानीय तथा राष्ट्रिय पर्वहरूको समानता र भिन्नता पहिचान गर्न

ख. स्थानीय तथा राष्ट्रिय पर्वहरूको महत्त्व र संरक्षणका उपायहरू पहिचान गर्न

४. **अध्ययन विधि :**

अन्तर्वार्ता तथा इन्टरनेटबाट खोजी तथा अध्ययन

५. **अध्ययनबाट पत्ता लागेका कुराहरू :**

यस अध्ययनबाट पत्ता लागेका कुराहरू निम्नअनुसार रहेका छन् :

५.१ **स्थानीय पर्व**

स्थानीय पर्व भनेको कुनै निश्चित क्षेत्र, समुदाय वा संस्कृतिसँग सम्बन्धित चाड वा उत्सव हो । यी पर्वहरूले स्थानीय परम्परा, धार्मिक विश्वास, सांस्कृतिक धरोहर वा ऐतिहासिक घटनालाई झल्काउँछन् । यी पर्वहरू प्रायः स्थान विशेषको संस्कृतिसँग गहिरो रूपमा जोडिएका हुन्छन् । नेपालमा विभिन्न क्षेत्रका र जातीय समुदायहरूका आफ्नै विशेष पर्वहरू छन् । धुलिखेल बजारमा मनाइने नवदुर्गा जात्रा, हरिसिद्धि जात्रा, बिस्केट जात्रा, धुलिखेलको देवीटारमा मनाइने देवी जात्रा, नमोबुद्ध जात्रा, बनेपाको चण्डेश्वरी जात्रा, थारु समुदायको सिरुवा पर्व आदि स्थानीय पर्व हुन् ।

## ५.२ राष्ट्रिय पर्व

राष्ट्रले नै विशेष महत्त्व दिएर मनाउने पर्वहरू राष्ट्रिय पर्व हुन् । यी पर्वहरूले देशको संस्कृति, धर्म, राष्ट्रिय एकता तथा राष्ट्रिय गौरव झल्काउने काम गर्छन् । विभिन्न धार्मिक तथा सांस्कृतिक समुदायहरूलाई सम्मान गर्दै सरकारले उत्सवका रूपमा यस्ता पर्वहरू मनाउने घोषणा गरेको हुन्छ । नेपाल बहुजातीय, बहुधार्मिक तथा बहुसांस्कृतिक मुलुक हो । नेपालमा थुप्रै किसिमका जातीय, क्षेत्रीय, धार्मिक तथा सांस्कृतिक चाडपर्वहरू मनाइन्छन् । नेपाल धर्म निरपेक्ष राष्ट्र घोषणा भएपछि जातीय तथा सांस्कृतिक एकता कायम गर्ने उद्देश्यले विभिन्न संस्कृतिका पर्वहरूलाई राष्ट्रिय पर्वका रूपमा मनाउन थालिएको छ । दसैँ, तिहार, छठ, ल्होसार, उभौली, उधौली, तीज, महाशिवरात्री, ईद, क्रिसमस डे, माघी पर्व, जनैपूर्णिमा, कृष्णाष्टमी आदि नेपालका राष्ट्रिय पर्व हुन् ।

## ६. निष्कर्ष

हाम्रा स्थानीय तथा राष्ट्रिय पर्वहरू हाम्रा अमूल्य सम्पत्ति हुन् । हाम्रो राष्ट्रिय, सांस्कृतिक, धार्मिक तथा जातीय पहिचान राख्ने हाम्रा चाडपर्वहरूलाई जीवन्त राख्नु हामी सबैको दायित्त्व हो । पर्वका नाममा हुने विभिन्न विकृतिहरूबाट बच्दै हाम्रा चाडपर्वहरूको संरक्षण र संबर्धनमा लाग्नु हामी सबैको दायित्त्व हो । हामी सबै नेपालीहरूको चासो र सक्रियताबाट मात्र हाम्रो राष्ट्रिय तथा स्थानीय पर्व जोगाउन सकिन्छ ।

## क्रियाकलाप

१. **हाम्रा स्थानीय तथा राष्ट्रिय पर्वहरूको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **हाम्रा चाडपर्व तथा जात्राहरूमा देखिएका विकृति न्यूनीकरणसम्बन्धी नारा लेखिएको प्लेकार्ड तयार पारी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. **पाठका आधारमा तल दिइएका तथ्यहरू ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस् :**

क. स्थानीय पर्व देशभर मनाइन्छ । (...............)

ख. स्थानीय पर्व एउटा खास क्षेत्रको परम्परा र धार्मिक आस्थासँग सम्वन्धित हुन्छ । (........)

ग. राष्ट्रिय पर्वले जातीय तथा सांस्कृतिक एकता कायम गर्छ । (..........)

घ. हाम्रा चाडपर्वहरूलाई जोगाउने दायित्त्व सरकारको हो । (..........)

ङ. ल्होसार स्थानीय पर्व हो । (............)

२. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

क. कस्ता पर्वलाई स्थानीय पर्व भनिन्छ ?

ख. राष्ट्रिय पर्वका विशेषताहरू लेख्नुहोस् ।

ग. हाम्रा चाडपर्वहरूको संरक्षण र संवर्धन गर्ने दुईओटा उपायहरू लेख्नुहोस् ।

घ. स्थानीय पर्व र राष्ट्रिय पर्वका समानता र भिन्नतालाई तालिकामा प्रस्तुत गर्नुहोस् ।

## परियोजना कार्य

तपाईँको घरपरिवारमा मनाइने कुनै चाडपर्वको बारेमा अभिभावकसँग सोधेर जानकारी लिई एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

# पाठ ४ हाम्रो स्थानीय बाजा

हाम्रो धुलिखेल बहुजातीय, बहुधार्मिक तथा बहुसांस्कृतिक नगर हो । यहाँ तामाङ, बाहुन, क्षेत्री, नेवार, भुजेल, मगर, दशनामी, दलित आदि जातजातिका मानिसहरूको बसोबास छ । उनीहरूका आआफ्नै परम्परा, संस्कार, संस्कृति, पर्व र उत्सव छन् । यस्ता धार्मिक तथा सांस्कृतिक पर्व तथा उत्सवलाई हर्षोल्सका साथ मनाउन, मनोरञ्जन गर्न तथा शोकको घडीमा दुःखको सङ्केत गर्न विभिन्न बाजाहरू बजाउने गरिन्छ । परम्परादेखि समाजमा प्रचलित यस्ता लोक बाजाहरू समाजको रहनसहन, जन्म, विवाह, मृत्युसंस्कारका साथै चाडपर्व, जात्रा, उत्सव, मेलापात आदिसँग गाँसिएर आउँछन् ।

हाम्रो स्थानीय समाजमा तारले रेटेर, मुखले फुकेर वा गजाले ठोकेर सुर ताल मिलाई विभिन्न अवसरमा लोक बाजाहरू बजाइने गरिन्छ । सारङ्गी रेटेर बजाइने बाजा हो । शङ्ख, सहनाई आदि मुखले फुकेर बजाइने बाजा हुन् । दमाहा, धिमय् (धिमे) आदि गजाले ठोकेर बजाइने बाजा हुन् । यी बाजाहरूलाई सुर बाजा र ताल बाजा गरी दुई प्रकारमा वर्गीकरण गरिन्छ । सारङ्गी, हार्मोनियम जस्ता धुन निकाल्ने बाजा सुर बाजाअन्तर्गत पर्दछन् भने मादल, दमाहा, झ्याली जस्ता लय दिने बाजा ताल बाजाअन्तर्गत पर्दछन् ।

यस पाठमा पाठ्यक्रमले तोकेका केही लोक बाजाहरूको बारेमा चर्चा गरिएको छ ।

## १. शङ्ख



शङ्ख शङ्खेकिराको खबटाबाट बनेको एक प्रकारको बाजा हो । यसलाई मुखले फुकेर बजाइन्छ । हाम्रो समाजमा विभिन्न पूजा पाठमा शङ्ख बजाउने प्रचलन छ । यसैगरी ब्राह्मण क्षेत्री समुदायमा शवयात्रा गर्दा पनि एकोहोरो शङ्ख बजाउने चलन छ । धार्मिक मान्यताअनुसार शङ्ख बजाउँदा नकारात्मक ऊर्जा हटेर जान्छ । शङ्ख बजाउँदा यसको आवाजले वातावरणमा भएका हानिकारक जिवाणु नष्ट हुन्छ । स्वास्थ्यका हिसाबले पनि शङ्खवादन लाभदायक हुन्छ । शङ्ख बजाउँदा फोक्सोको व्यायाम हुन्छ ।

## २. पञ्चेबाजा

पञ्चेबाजा हाम्रो समाजमा धार्मिक तथा सांस्कृतिक बाजाको रूपमा प्रयोग हुँदै आएको मौलिक लोकबाजा हो । पाँच बाजाहरूको समूह भएकाले यसलाई पञ्चेबाजा भनिएको हो । पञ्चेबाजामा दमाहा, झ्याली, ट्याम्को, नरसिङ्गा र सहनाई पर्दछन् । कतिपय ठाउँमा ढोलकी र कर्नाल बाजालाई पञ्चेबाजाको पूरक बाजाको रूपमा बजाउने गरिन्छ । धुलिखेलमा पञ्चेबाजा विशेषगरी विवाह, व्रतबन्धमा बजाइन्छ । कहिलेकाहीँ विशेष उत्सव तथा झाँकीहरूमा पनि यो बाजा बजाइन्छ ।

| बाजाको नाम | विवरण | बाजाको चित्र |
|---|---|---|
| सहनाई | सहनाई मुखले फुकेर बजाइने सुर बाजा हो । यो बाजा चाँदी वा पित्तलबाट बनेको हुन्छ । यसमा आठओटा प्वाल हुन्छन् । |  |
| झ्याली /झुर्मा | झ्याली बाजा काँसका पाताबाट बनेको हुन्छ । प्लेट आकारका दुईओटा पातालाई आपसमा ठोकेर बजाइने यो ताल बाजा हो । |  |
| दमाहा / नगरा | दमाहा गजो (मोटो लठ्ठी) ले ठोकेर बजाइने ताल बाजा हो । यो पिँधतिर सानो र मुखतिर ठुलो आकारको हुन्छ । तामाको खाली कचौराजस्तो आकारलाई छालाले मोरेर दमाहा बनाइएको हुन्छ । |  |
| ट्याम्को | ट्याम्को कम्मरमा भिरेर दुईओटा गजोले ठोकेर बजाइने ताल बाजा हो । यो दमाहा जस्तै स्वरूपको सानो बाजा हो । |  |
| नरसिङ्गा | नरसिङ्गा मुखले फुकेर बजाइने सुर बाजा हो । यो धातुको अर्ध गोलाकार नलीको दुई टुक्राबाट बनेको हुन्छ । यसको एकापट्टिको नली सानो र अर्कोपट्टिको नली फुकेको हुन्छ । |  |

### ३. मुर्चुङ्गा र बिनायो



मुर्चुङ्गा र बिनायो दुबै बाजा किरात सभ्यतासँग जोडिएको मौलिक लोकबाजा हो । पहिले धेरै प्रचलनमा रहेको यी बाजाहरू अहिले लोप हुँदै गइरहेका छन् । मुर्चुङ्गा फलाम, पित्तलगायतका धातुबाट बनाइएको त्रिशूल आकारको सानो बाजा हो । धातुका पातालाई पिटेर बनाइएको चिम्टीको बिचमा एउटा फलामको पातलो जिब्री राखेर मुर्चुङ्गा बनाइन्छ । यसलाई दाँतमा अड्याएर ओठमा च्यापी औँलाको सहायताले बिचमा रहेको जिब्रीमा कम्पन ल्याई बजाइन्छ ।

बिनायो बाजा मालिङ्गो बाँस (हल्का, लचिलो र ध्वनि प्रतिध्वनित गर्न सजिलो हुने बाँस)बाट बनाइन्छ । करिब ६ इन्च लामो र १ इन्च चौडा बाँसको भाटाको बिचमा खोपेर जिब्री निकाली दुई छेउमा धागो बाँधेर बिनायो बनाइन्छ । यसलाई मुखमा राखेर दाँतले च्यापी अगाडिपट्टिको लामो धागोलाई औँलाले झट्कारेर बजाइन्छ ।

### ४. मादल



मादल नेपाली समाजमा सबैभन्दा बढी प्रचलनमा रहेको ताल बाजा हो । यो बाजा धुलिखेलका सबै जातजातिहरूले सांस्कृतिक उत्सवमा बजाउने गर्छन् । मादललाई मगर (नाग) जातिको बाजा मानिन्छ । दार वा खमारीको काठलाई बेलनाकार ढुङ्ग्रो पारेर दुबैपट्टि छालाले मोरेर बिचमा खरी (काँस र किटको धुलो) लगाएर मादल बनाइन्छ । यसको एकापट्टिको भाग ठुलो र अर्कोपट्टिको भाग सानो हुन्छ । ठुलो भागलाई भाले र सानो भागलाई पोथी भनिन्छ । नेपालका विभिन्न भूभागमा विभिन्न तालामा मादल बजाइन्छ । झ्याउरे ताल, चुट्का ताल, मारुनी ताल, सोरठी ताल आदि मादलका मुख्य ताल हुन् ।

### ५. खैजडी

खैजडी ब्राह्मण क्षेत्री समुदायले भजन र रोइला गीत गाउँदा प्रयोग गर्ने ताल बाजा हो । रूख कटहर, काभ्रो, कोइरालो आदिको काठको गोलो सानो ढुङ्ग्रोमा एकापट्टि बाख्रा वा मृगको छाला मोरेर खैजडी बनाइन्छ । कतै कतै खैजडीमा काठको घेरामा प्वाल बनाएर मुजुराको रूपमा धातुको टुक्रा पनि राखेको पाइन्छ ।

सेतीदेवी खैजडी भजन समूह धुलिखेलको प्रस्तुति : https://youtu.be/S2-AC-5FxaI

मुर्चुङ्गासम्बन्धी सामग्री : https://youtu.be/NkhzXeOx4yM

बिनायोसम्बन्धी सामग्री : https://youtu.be/qz1CZQy23Po

## क्रियाकलाप

१. शिक्षकसँग सिकेर विद्यालयमा उपलब्ध बाजाहरू बजाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. हाम्रा स्थानीय सुरबाजा र ताल बाजाहरूको सूची तयार पारी कक्षाकोठामा टाँस्नुहोस् ।

## अभ्यास

१. मिल्ने उत्तरसँग जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| सहनाई | ब्राह्मण क्षेत्री समुदायमा प्रचलित लोकबाजा |
| ट्याम्को | धातुका चिम्टीबाट बनेको मौलिक बाजा |
| खैँजडी | पञ्चेबाजामा पर्ने एक प्रकारको ताल बाजा |
| मुर्चुङ्गा | पूजापाठमा मुखले फुकेर बजाइने बाजा |
| शङ्ख | पञ्चेबाजामा पर्ने एक प्रकारको सुर बाजा |

२. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

क. पञ्चे बाजामा समावेश हुने बाजाहरूको नाम लेख्नुहोस् ।

ख. किरात समुदायमा प्रचलित लोकबाजाको नाम लेख्नुहोस् ।

ग. शङ्खवादनका फाइदाहरू लेख्नुहोस् ।

घ. हाम्रा स्थानीय बाजा संरक्षणका उपायहरू लेख्नुहोस् ।

ङ. हाम्रा स्थानीय लोकबाजाहरूको संरक्षण गर्नु किन जरुरी छ । लख्नुहोस् ।

# पाठ ५ हाम्रो स्थानीय कला र प्रविधि



'हाम्रो स्थानीय कला र प्रविधि' विषयमा श्रीखण्डपुर माध्यमिक विद्यालयका कक्षा ८ का विद्यार्थी र शिक्षकबिच भएको छलफल अध्ययन गरौँ ।

**शिक्षक :** आज हामी हाम्रो स्थानीय कला र प्रविधिका विषयमा छलफल गर्छौँ । तपाईँहरूले आफ्ना जिज्ञासा र आफ्ना विचारहरू राख्न सक्नुहुन्छ है त ।

**प्रतीक :** गुरु, हिजो एउटा कार्यक्रममा हाम्रो वडा अध्यक्षले हामीले हाम्रा कला जोगाउनु पर्छ भन्दै हुनुहुन्थ्यो । खासमा यो कला भनेको चाहिँ के हो ?

**शिक्षक :** धन्यवाद ! तपाईँले राम्रो प्रश्न गर्नुभयो । तपाईँहरू कसैलाई कलाको बारेमा केही जानकारी छ त ?

**पूर्णिमा :** गुरु, हाम्रो कक्षाका कसैले गीत गाउनुहुन्छ । कोही चित्र बनाउनु सिपालु हुनुहुन्छ । म

राम्रो नाच्न सक्छु । सौगातले अभिनय गर्नुहुन्छ । यो सबै कला होइन र ?

**एलिना :** अनि गुरु, मेरो बुबाको फर्निचर छ । उहाँले कति राम्रा खाट, दराज, टेबुल बनाउनु हुन्छ । राम्रा राम्रा बुट्टा कुँदेर झ्याल ढोका पनि बनाउनुहुन्छ ।

**शिक्षक :** हो । पूर्णिमा र एलिनाले राम्रो विचार राख्नुभयो । उहाँहरूले भनेजस्तै कुनै खास किसिमको सिप नै कला हो । मानिसका कल्पना, भावना, सोच र अनुभवलाई विभिन्न माध्यमबाट सिर्जनात्मक रूपमा प्रस्तुत गर्ने शैली कला हो र यस्ता कला प्रस्तुत गर्ने व्यक्ति कलाकार हुन् ।

**युनिसा :** अनि गुरु, स्थानीय कला र प्रविधि भनेको चाहिँ के हो नि ?

**शिक्षक** राम्रो प्रश्न गर्नुभयो । स्थानीय कला भनेको कुनै विशेष स्थान, समुदाय, जाति वा क्षेत्रका मानिसहरूले सिर्जना गर्ने कला हो । यो स्थानीय भूगोल, संस्कृति, समाज, धार्मिक आस्था र इतिहाससँग जोडिएको हुन्छ । यसैगरी स्थानीय स्रोतसाधन, परम्परागत ज्ञान र सिपको प्रयोग गरी उत्पादन गर्ने तरिका नै स्थानीय प्रविधि हो ।

**ईशान्त :** गुरु, त्यसो भए हाम्रो समाजमा त थुप्रै स्थानीय कला रहेछन् अनि प्रविधि पनि ।

**खुसी :** ईशान्त, हाम्रो समाजमा त्यस्तो के कला र प्रविधि छ र ?

**ईशान्त :** खुसी, तपाईँले अघि गुरुले भन्नुभएको कुनै काम गर्ने विशेष सिप नै कला हो र अनि स्थानीय ज्ञानमा आधारित सिप स्थानीय प्रविधि हो भन्ने कुरा बुझ्नुभएन जस्तो छ । तल्ला गाउँको हर्के काका आरनमा भाँडा बनाउनु हुन्छ, हतियारमा धार लगाउनुहुन्छ । वीरमान काका जुत्ता बनाउनुहुन्छ । तपाईँकै हजुरबुबा चोयाबाट डोको, डालो, थुन्से, घुम बुन्नुहुन्छ । अनि बिमला दिदीले यति चिटिक्क पारेर हाम्रो पोशाक सिलाउनुहुन्छ । मैले बुझेअनुसार यी सबै काम गर्ने तरिका स्थानीय प्रविधि हुन् र यसमा संलग्न सबै शिल्पकार । हैन त गुरु ?

**शिक्षक :** स्याबास् ! ईशान्तले ठिक भन्नुभयो । हाम्रो समाजमा परम्परागत ज्ञान, अनुभव र सिप भएका थुप्रै व्यक्तिहरूले आफ्नो कला प्रस्तुत गरिरहनु भएको छ । हामीले यस्ता कला सिकेर हाम्रो पहिचानलाई जोगाउनु पर्छ ।

**समृद्ध :** गुरु, मेरी आमाले कति मिठा मिठा खानाका परिकार बनाउनेहुन्छ । सालको पातबाट दुना, टपरी गाँस्नुहुन्छ । कपासबाट बत्ती कात्नुहुन्छ । बाबियोको डोरी बाट्नुहुन्छ । गुन्द्री,

सुकुल, चकटी बुन्नुहुन्छ । फुर्सदको समयमा ऊनीको टोपी, स्वेटर पनि बुन्नुहुन्छ । उहाँ कलाकार कि शिल्पकार ? म त अलमल्लमा परेँ ।

**शिक्षक :** स्याबास् ! तपाईँले ठिक कुरा उठाउनुभयो । शिल्पकार भनेका कुनै खास ठाउँमा बस्ने समुदाय वा जातीय समुदाय जसले आफ्ना आवश्यकता पूरा गर्न परम्परागत ज्ञान, अनुभव र स्थानीय स्रोतको प्रयोग गरी विभिन्न चिजबिज बनाउने गर्छन् । यसै गरी चित्र, मूर्ति, सङ्गीत, नाटक, साहित्य आदि माध्यमबाट आफ्नो कला प्रस्तुत गर्ने व्यक्ति कलाकार हुन् ।

**विज्ञान :** गुरु, त्यसो भए मिठो धुनमा हार्मोनियम, मादल, बाँसुरी बजाउँदै हामीलाई सङ्गीत सिकाउने दिपक सर पनि कलाकार हुनुहुँदो रहेछ । भक्तपुरमा माटाका भाँडा बनाउने मेरा मामा, धुलिखेलमा तामा, पित्तलका भाँडा बनाउने भिनाजु सबै शिल्पकार पो हुनुहुँदो रहेछ । अनि पल्लाघरे ठुलाबाको सरस्वती बजारमा सुन पसल छ । उहाँ आफैँ सुनका आकर्षक गहना बनाउनु हुन्छ । उहाँ पनि स्थानीय शिल्पकार हुनुहुँदो रहेछ । पोहोर साल हाम्रो टोलमा एउटा टेलिफिल्म सुटिङ हुँदा मैले पनि मुखियाको छोरो भएर अभिनय गरेको थिएँ । म चाहिँ कलाकार रहेछु ।

**शिक्षक :** हो, तपाईँहरूले ठिक भन्नुभयो । हाम्रो समाजमा थुप्रै कला, कलाकार र शिल्पकारहरू रहेका छन् । हाम्रो देश कला र संस्कृतिमा धनी देश पनि हो । हाम्रा वास्तुकला, काष्ठकला, मूर्तिकला, प्रस्तरकला, हस्तकला, चित्रकला, नाट्यकला, साहित्य तथा सङ्गीतकला संसारभर प्रसिद्ध छन् ।

**प्रतीक :** गुरु, मैले त कला भनेको नाचगान गर्ने सिप र कलाकार भनेको नायक, नायिका, गायक, गायिका र हाँस्यव्यङ्ग्य गर्ने व्यक्तिहरू मात्र हुन् भन्ने पो बुझेको थिएँ त । आज बल्ल बुझेँ । हाम्रो समाजका हरेक पेसामा कला र स्थानीय सिप मिसिएको पो हुँदो रहेछ ।

**शिक्षक :** हो नि । हरेक कामहरूलाई सिर्जनात्मक रूपमा फरक र आकर्षक किसिमले प्रस्तुत गर्न सक्ने हाम्रो क्षमता नै कला हो नि । जस्तै : तपाईँहरूले रोपाई गरेको देख्नुभएकै छ । रोपाईँमा कसैले चिटिक्क पारेर आली लगाउन जान्दछन् । यो पनि कला हो । यसैगरी कोही पर्खाल लगाउन र घर बनाउने सिपालु हुन्छन् । कोही घरलाई चिटिक्क पारेर सजाउन जान्दछन् । यी सबै कला हुन् । सुनिरहूँ जस्तोगरी भाषण गर्ने, विद्यार्थीहरूलाई शिक्षण गर्ने सिप पनि कला हो नि । जडीबुटीबाट औषधी बनाउने, स्थानीय सामग्रीबाट विभिन्न बाजा बनाउने, काठका ठेकी भाँडा बनाउने सबै सिप कला हुन् नि । आजभोलि

कम्प्युटरमा ग्राफिक्स डिजाइन गर्ने, फोटोग्राफी गर्ने, केश सज्जाको काम गर्ने, व्यङ्ग्य चित्र (कार्टुन) बनाउने काम पनि कलाअन्तर्गत पर्दछन् ।

**विद्यार्थी :** हाम्रो कला र कलाकार सम्बन्धमा स्पष्ट पारिदिनु भएकोमा गुरुलाई धेरै धेरै धन्यबाद !

**शिक्षक :** मेरो पनि सबैलाई धन्यबाद !

## क्रियाकलाप

**१. स्थानीय स्तरमा कला क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिहरूको पहिचान गरी उहाँहरूको नाम र कामको सूची बनाउनेहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**२. शिक्षक वा स्रोत व्यक्तिको सहयोगमा दुना, टपरी बनाउने/बत्ती कात्ने/सुकुल, चकटी बुन्ने वा माटोको भाँडा बनाउने कला प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

**१. मिल्ने उत्तर छानेर पूरा वाक्यमा उत्तर लेख्नुहोस् ।**

क. कला भनेको के हो ?

अ. कुनै औजारलाई वैज्ञानिक तरिकाले प्रयोग गर्ने सिप

आ. काम गर्ने कुनै खास सिप

इ. कुनै काम गर्ने क्षमता

ई. अनुभवको स्तर

ख. स्थानीय कला केसँग सम्वन्धित हुन्छ ?

अ. देशको भूगोल र संस्कृति

अ. वैज्ञानिक उन्नति र आविष्कार

इ. स्थानीय भूगोल, संस्कृति, समाज, धार्मिक आस्था

ई. मानिसको शैक्षिक स्तर

ग. स्थानीय कलाको संरक्षण किन गर्नुपर्छ ?

अ. पुराना ज्ञान, सिप जोगाई आर्थिक अवसर सिर्जना गर्न

अ. आधुनिक जीवनयापन गर्न

इ. विदेशी कला हटाउन

ई. वैदेशिक रोजगारी बढाउन

घ. स्थानीय कलाको संरक्षण कसरी गर्न सकिन्छ ?

अ. स्थानीय कलासम्बन्धी चित्र सङ्कलन गरेर

आ. बुढापाकासँग गफ गरेर

इ. स्थानीय कला सिकेर र प्रचारप्रसार गरेर

ई. कलाकारलाई बेवास्ता गरेर

ङ. स्थानीय प्रविधि केमा आधारित हुन्छ ?

अ. आधुनिक तालिममा

आ. स्थानीय स्रोत र परम्परागत ज्ञानमा

इ. वैज्ञानिक आविष्कारमा

ई. खेतीपातीमा

२. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

क. स्थानीय कला भनेको के हो ?

ख. स्थानीय कलाले हाम्रो नगरको विकासमा कसरी योगदान पुऱ्याउन सक्छ ?

ग. वर्तमान युवा पुस्ताले स्थानीय कला र प्रविधि सिक्न किन जरुरी छ ?

घ. स्थानीय प्रविधिको संरक्षण र विकासबाट परनिर्भरता कसरी हटाउन सकिन्छ ? लेख्नुहोस् ।

## परियोजना कार्य

'स्थानीय कला र प्रविधिको विकास र कलाकार तथा शिल्पकारको सम्मानमा नगरपालिकाको भूमिका' शीर्षकमा समाचार तयार पार्नुहोस् ।

एकाइ
३

# प्राकृतिक स्रोत

## परिचय

प्रकृतिबाट प्राप्त हुने सजीव र निर्जीव वस्तुहरू जस्तै पानी, हावा, माटो, वन, खनिज, जनावर, सूर्यको किरण, नदी, पर्वत आदि प्राकृतिक स्रोत हुन् । यी स्रोतहरूले मानव जीवन, जीवजन्तु र वातावरणलाई सन्तुलनमा राख्न सहयोग गर्छ । प्राकृतिक स्रोतहरू मानवीय श्रमविना नै निःशुल्क रुपमा सिर्जित हुन्छन् । प्राकृतिक स्रोत नविकरणीय र अनवीकरणीय गरी दुई किसिमका हुन्छन् । यस इकाइमा धुलिखेलका प्राकृतिक स्रोतहरूका बारेमा अध्ययन गरिन्छ ।

## सिकाई उपलब्धि

- ☑ धुलिखेल नगरपालिका भित्र रहेका प्राकृतिक स्रोतको अवस्था बताउन ।
- ☑ प्राकृतिक स्रोतको सदुपयोग र संरक्षण गर्न ।
- ☑ प्राकृतिक स्रोतको व्यवस्थापन र परिचालन गर्न ।
- ☑ प्राकृतिक स्रोतको संरक्षणमा स्थानीय असल अभ्यासहरू उल्लेख गर्न ।



पाठ १

# हाम्रो प्राकृतिक स्रोत

धुलिखेल नगरपालिका काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित एक रमणीय नगर हो । यहाँ पानी, वन, जमिन, वन्यजन्तु र खनिजजस्ता महत्त्वपूर्ण प्राकृतिक स्रोतहरू पाइन्छन् । धुलिखेलको प्रमुख प्राकृतिक स्रोतमध्ये शुद्ध खानेपानी हो, जुन यहाँका प्राकृतिक मुहानहरूबाट उपलब्ध हुन्छ । नगरमा विभिन्न साना र ठूला खोला, झरना र पानीका स्रोतहरू छन् । धुलिखेलको हरियाली वन क्षेत्र जैविक विविधताको धनी छ । यहाँका वन क्षेत्रले वातावरणीय सन्तुलन कायम राख्न ठूलो भूमिका खेल्छन् । धुलिखेल आसपासका जमिनहरू कृषिका लागि पनि उपयुक्त छन् । वायुमण्डल सफा र स्वच्छ भएकाले यहाँको हावा प्राकृतिक स्रोतको रूपमा महत्त्वपूर्ण छ । नगरपालिका क्षेत्रभित्र थुप्रै प्राकृतिक जलस्रोतहरू संरक्षणमा रहेका छन् । स्थानीय जनता खानेपानीका स्रोतहरूलाई संरक्षण गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्छन् । धुलिखेलको उकालो-ओरालो भू-आकृति पनि प्राकृतिक सम्पत्तिमै पर्दछ । यहाँका वनस्पति तथा जडीबुटीहरू औषधीय महत्त्व बोकेका छन् । धुलिखेलको भूमि प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ, जसले पर्यटन विकासमा मद्दत गर्छ । यहाँका प्राकृतिक स्रोतहरूले नगरको आर्थिक विकासमा टेवा पुऱ्याइरहेका छन् । वन क्षेत्र संरक्षणका लागि धुलिखेलमा विभिन्न समुदाय आधारित कार्यक्रम सञ्चालन गरिन्छ । जल स्रोतहरू दिगो रूपमा प्रयोग गर्न वर्षाको पानी सङ्कलन र संरक्षण अभियान चलाइएको छ । धुलिखेल नगरपालिकाले प्राकृतिक स्रोतहरूको संरक्षण र दिगो उपयोगमा सक्रिय भूमिका खेलिरहेको छ ।

## पानीका स्रोतहरू

धुलिखेलमा ढुङ्गेधारा, कुवा, इनार, झरना, पानीका मुहान र खोला जस्ता पानीका स्रोतहरू छन् । यहाँको पुण्यमाता खोला, सुँडीखोला, छहरेखोला जस्ता खोला तथा साना मुहानहरूबाट खानेपानी र सिंचाइको काममा सहयोग मिलेको छ । केही ठाउँमा पानीको स्रोत सुक्दै गएको छ, जसले गर्दा पानीको अभाव हुन थालेको छ ।


## पुण्यमाता खोला



पुण्यमाता खोला धुलिखेल नगरपालिका वडा नं ५, श्रीखण्डपुर भएर बगेको छ । यो खोला बनेपा नगरपालिकामा रहेको त्रिशुल धाराबाट बग्न सुरु भएर बनेपाको चण्डेश्वरी खोलासँग मिसिएर श्रीखण्डपुर हुँदै पनौतीको रोशी खोलामा गएर मिसिन्छ। वर्षायाममा यो खोलाको पानीको सतह उच्च हुन्छ भने सुक्खा मौसममा पानीको मात्रा घटेर सतह कम हुन्छ। यो खोलाको पानीले श्रीखण्डपुर क्षेत्रको भू-भागमा अन्नबालीमा सिँचाइ गर्न मद्दत पुगेको छ।

वर्तमान समयमा मानिसहरूको हेलचेक्राइको कारणले यो खोला प्रदुषित भएको छ। यसका लागि समुदायद्वारा समय समयमा सरसफाइ अभियान सञ्चालन गर्दै आएको छ।

## छाँगे झरना



छाँगे झरना धुलिखेल नगरपालिका वडा नं १ र २ को सिमानामा अवस्थित एक आकर्षक प्राकृतिक सम्पदा हो। यो झरना छहरे खोलामा पर्छ, जसको शिर बनेपा नगरपालिका वडा नं ३ मा रहेको छ।

शिर अर्थात् मुहानदेखि करिब ४ देखि ५ किलोमिटरको दुरीमा पर्ने यो झरना धुलिखेल वडा नं १ को छाँगे टोल र वडा नं २ को टाउकेटार टोलको सिमानामा पर्दछ।



छहरे खोला पाँचखाल नगरपालिकाको भूभाग हुँदै बग्दै भोटेकोसी नदीमा मिसिन्छ। करिब ५३ फिट उचाइ भएको यो झरनामा वर्षभरि लगातार पानी जसले गर्दा यो झरना प्रकृति प्रेमीहरूका लागि एक आकर्षक गन्तव्य बनेको छ । यसैगरी धुलिखेलको वडा नं. ११ पातलेखेतमा कपिलेश्वर झरणा पनि रहेको छ।

## वन र बोटबिरुवा



धुलिखेलमा सामुदायिक वनहरू छन् । यहाँ सल्ला, कटुस, फलाँट, साल, चिलाउने आदि रुखहरू पाइन्छ्। जङ्गलमा बाँदर, बँदेल, दुम्सी, मृग, चितुवा आदि जनावरहरू र विभिन्न प्रकारका चराहरूपनि पाइन्छन् । दाउरा, घाँस, गाईगोठका लागि झारपात, काठ आदि वनबाट प्राप्त हुन्छ। वनले धुलो, धुँवा र प्रदूषण कम गरेर वातावरण सफा बनाएको छ। तर, केही ठाउँमा वन फडानी बढ्दा बन्यजन्तुका बासस्थान नष्ट हुँदै गएका छन् ।

## कटुवापाखा सामुदायिक वन

कटुवापाखा सामुदायिक वन धुलिखेल वडा नं. ८, बडाल गाँउमा ६८.८० हेक्टर क्षेत्रफलमा फैलिएर रहेको छ। जिल्ला वन कार्यालय, काभ्रेबाट मिति २०४६-१०-२९ मा स्थानीय समूहलाई यो वन हस्तान्तरण भएको हो। यस वनमा प्रशस्तै पानीका मुहानहरू रहेका छन्। यस वनमा खोटेसल्ला, चिलाउने, कटुस, चाँप, मौवा, फलाट, भलायो, सेतीकाठ, काउलो, अंगेरी, दालचिनी लगायतका रुखहरू रहेका छन् । त्यस्तै वन्यजन्तुहरूमा मृग, स्याल, बदेल, खरायो, चितुवा जस्ता जङ्गली जनावरहरू यस वनमा प्रशस्तरुपमा देख्न सकिन्छ भने चराचुरुङ्गीहरूमा ढुकुर, जुरेली, कालिज, लाम्पुच्छ्रे, माटोकोरी, भद्राई, फिस्टो आदि पाइन्छन् ।

यो वन पर्यापर्यटनको दृष्टिकोणले अधिक सम्भावना बोकेको वन हो। त्यसै अनुरुप यहाँ प्याराग्लाइडिङ ल्यान्डिङ ल्यान्डको निर्माणका साथै पर्यापर्यटन पार्क पिकनिक स्पोर्टको पनि निर्माण कार्य सुरु भएको छ। हालसालै चलचित्र छायाङ्कन स्टुडियोका लागि मिति २०८१ फागुन ५ मा धुलिखेल नगरपालिका र चलचित्र विकास बोर्ड बिच सम्झौता भएको छ।

## हावा र वातावरण

धुलिखेलको हावा सफा र चिसो छ यहाँ हरियाली धेरै छ। तर सवारी साधन र प्लास्टिकको प्रयोग बढ्दै जाँदा वातावरण केही प्रदूषित हुन थालेको छ।

### क्रियाकलाप

१. **आफ्नो घर नजिकको ढुङ्गेधारा, इनार, झरना वा सामुदायिक वन, जडीबुटी भ्रमण गरी तिनीहरूको अवस्था टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस्।**

## अभ्यास

१. **ठिक वा बेठिक लेख्नुहोस् ।**

क. धुलिखेलमा ढुङ्गेधारा, कुवा, मुहान र खोलाबाट पानी प्राप्त हुन्छ ।

ख. पुण्यमाता खोला सिँचाइको लागि प्रयोग गर्न मिल्दैन ।

ग. धुलिखेलको जङ्गलमा साल, कटुस, चिलाउनेका रुखहरू पाइँदैनन् ।

घ. प्लास्टिकको अत्यधिक प्रयोगले धुलिखेलको वातावरण प्रदूषित हुन थालेको छ ।

ङ. सामुदायिक वनको कारणले वन्यजन्तुहरूको बासस्थान विस्तार हुँदै गएको छ ।

२. **तलका प्रश्नहरूको उत्तर लेख्नहोस् ।**

क. प्राकृतिक स्रोत भनेको के हो ?

ख. धुलिखेलका पानीका मुख्य स्रोतहरू के-के हुन् ?

ग. खोलाबाट कस्ता कार्यहरूमा सहयोग पाइन्छ ?

घ. धुलिखेलका वनमा पाइने मुख्य रुख र जनावरहरू के-के हुन् ?

ङ. धुलिखेलको वातावरण किन प्रदूषित हुन थालेको छ ?

# पाठ २ हाम्रो प्राकृतिक स्रोतको उपयोग र संरक्षण

हामी मानिस प्रकृतिको सर्वश्रेष्ठ प्राणी हौं । प्रकृति र हामीबिच घनिष्ठ सम्वन्ध हुन्छ । प्रकृति बिना हामी बाँच्न सक्दैनौं । हामीले प्राकृतिक स्रोतहरूको उपयोग गरेर नै जीवन चलाइरहेका हुन्छौं । प्राकृतिक स्रोतहरूको सही तरिकाले उपयोग गर्दा मानव जीवन सहज हुन्छ तर दुरुपयोग वा अति धेरै उपयोगले भविष्यमा सङ्कट आउन सक्छ । त्यसैले यसको संरक्षण गर्नु जरुरी छ ।

## प्राकृतिक स्रोतको उपयोग



नेपालको संविधानले "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ" भन्ने व्यवस्था गरेको छ । यसका साथै स्थानीय सरकारले स्थानीय खानेपानी सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन, खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापनलाई स्थानीय तहको काम कर्तव्य र अधिकारको सूचीमा राखेको छ । संविधानमा उल्लिखित व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम पहिलो नगरसभाले नै धुलिखेल नगरपालिकाका हरेक नागरिकलाई संविधानले सुरक्षित गरेको मौलिक हक प्रदान गर्ने उद्देश्यले "एक घर एक धारा" नीति लिने निर्णय गऱ्यो । राज्य पुनःसंरचना भएपश्चात् गाभिएका क्षेत्रमा त्यति व्यवस्थित खानेपानीको व्यवस्थापन नभएको र उपभोक्ताले सामान्य रुपमा खानेपानीको व्यवस्थापन गरेको अवस्था थियो । तसर्थ २९ ओटा खानेपानीको योजना छनोट गरी धुलिखेल नगरपालिकाका शतप्रतिशत नागरिकको घरमा सुरक्षित खानेपानी पुऱ्याउने कार्यको थालनी भयो ।

नगरपालिकाबाट खानेपानीका आ.व. २०८०/८१ को अन्त्य सम्म आइपुग्दा ७,४९३ घरधुरीमा एक घर एक धारा जडान गर्न सफल भयो जुन कुल जनसङ्ख्याको ८७.४३% हुन आउँछ । यो उपलब्धि प्राप्त गर्दा नगरमा भएका स्थानीय खानेपानीका स्रोतहरूको प्रयोग भएका छन् भने मूलबाट स्रोतले

खानेपानी पर्याप्त नहुने ठाउँमा भूमिगत स्रोतको पानी प्रयोग गरिएको छ । यो क्रममा १० हजार देखि ९० हजार घ.मि क्षमताका ४४ ओटा रिजर्भ ट्यांकी निर्माण, ७ ओटा डिप बोरिंङ, पाइप लाइन विस्तारका कार्यहरूभए । यसै क्रममा धुलिखेल नगरपालिका वडा नं १ छाँगे र वडा नं ११ को धिताल टोललाई युनिसेफ नेपालले नेपालकै पहिलो सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गरेको थियो जुन दिगो विकासको लक्ष्य प्राप्ति गर्नको लागि कोसेढुङ्गा साबित भयो । बाँकी रहेका घरधुरीमा खानेपानी जडान गर्न नगरपालिकाले बजेट विनियोजनलाई निरन्तरता दिइरहेको छ र आ.व.२०८२/८३ को अन्त्यसम्म शतप्रतिशत घरधुरीमा खानेपानी सेवा पुऱ्याउने लक्ष्य रहेको छ । आ.व. २०७९/८० बाट खानेपानीको गुणस्तर परीक्षणको कार्य सुरु गरिएको छ । दिगो विकासको लक्ष्य अनुरुप सन् २०३० सम्म नगरपालिकाका ९०% भन्दा बढी घरमा सुरक्षित खानेपानी सुविधा उपलब्ध गराउन सकिने छ ।

साउथ एसिया इन्स्टिच्युट अफ एडभान्स स्टडिज (सियास) सँगको सहकार्यमा खानेपानी सँग सम्वन्धित सरोकारवालाहरूको छलफलका रुपमा पानी चौतारीका ६ ओटा श्रृङ्खला सञ्चालन गरी खानेपानी सम्बन्धी समस्या समाधानको कार्य भइरहेको छ । सियाससँगको सहकार्यमा नै धुलिखेलको ठुलोवन क्षेत्रमा ८४ ओटा रिचार्ज पोखरी र रिचार्ज ट्रेन्चहरू निर्माण गरी भूमिगत जलस्रोत संरक्षणको कार्य भएको छ ।

## प्राकृतिक स्रोतको संरक्षण

प्राकृतिक स्रोतहरूको संरक्षण गर्नु अत्यन्त आवश्यक छ । प्राकृतिक स्रोतहरूको संरक्षणले भविष्यका पुस्ताका लागि स्रोत सुरक्षित राख्छ । पानीको बचत गर्नु प्राकृतिक स्रोत संरक्षणको एक महत्त्वपूर्ण उपाय हो । वन फँडानी रोक्न वृक्षरोपण अभियान सञ्चालन गर्नुपर्छ । वर्षाको पानी सङ्कलन गरेर जल स्रोतको संरक्षण गर्न सकिन्छ । पुनः प्रयोग प्रविधिले स्रोतको बचतमा मद्दत गर्छ । कृषि कार्यमा जैविक मल प्रयोग गरेर माटोको उर्वरता जोगाउन सकिन्छ । अनावश्यक खनिज दोहन रोक्न सकिन्छ । हरित ऊर्जा, सौर्य र वायु ऊर्जा प्रयोग गरेर खनिज इन्धनमा निर्भरता घटाउन सकिन्छ । वन्यजन्तुको संरक्षणले पारिस्थितिक सन्तुलन कायम रहन्छ । जलवायु परिवर्तनलाई रोक्न प्राकृतिक स्रोतहरूको सन्तुलित उपयोग आवश्यक छ । शिक्षा र जनचेतना कार्यक्रमले संरक्षणका लागि मानिसहरूलाई प्रेरित गर्छ । संरक्षणका लागि सरकारी नीति तथा कानुनको प्रभावकारी कार्यान्वयन आवश्यक छ । माटो कटान रोक्नका लागि भूसंरक्षण प्रविधि अपनाउनुपर्छ । खोला तथा नदी स्रोतहरूको सफाइ र संरक्षण अभियान चलाउनुपर्छ । अनावश्यक पानी र बिजुली प्रयोग कम गर्नु संरक्षणको एउटा उपाय हो । वन क्षेत्रलाई सुरक्षित राख्न सामुदायिक वन कार्यक्रम प्रभावकारी हुन्छ । खडेरी तथा बाढी नियन्त्रणका उपायहरू पनि स्रोत संरक्षणसँग सम्वन्धित छन् । जैविक विविधताको संरक्षण प्राकृतिक

स्रोत रक्षा गर्न आवश्यक छ। स्रोत संरक्षणले दिगो आर्थिक विकासमा योगदान दिन्छ। प्राकृतिक स्रोतहरूको संरक्षण सबैको साझा दायित्त्व हो।



प्राकृतिक स्रोतको संरक्षण गर्दा वातावरण शुद्ध रहन्छ, जैविक विविधता जोगिन्छ र आगामी पुस्ताले पनि यसको उपयोग गर्न पाउनेछ।

## तःपुखु

धुलिखेल नगरपालिका वडा नं ५, श्रीखण्डपुरमा पूर्व दिशामा अवस्थित तःपुखु बस्तीका सबैभन्दा पुराना पोखरी भएको भनिन्छ। यो पोखरी ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ। समयक्रममा यो पोखरी दैनिक जीवनका विविध गतिविधिहरू जस्तै कपडा धुने, नुहाउने, र पशुहरूलाई पानी खुवाउने कार्यमा प्रयोग गरिन्थ्यो।



स्थानीय बासिन्दाहरूको जीवनशैलीमा पोखरीको विशेष स्थान थियो। त्यति बेलाका परम्परागत घरहरू ईँटा, माटो, काठ र गहुँको भूसी प्रयोग गरेर बनाइन्थ्यो। यस्ता निर्माण शैलीका कारण आगलागी हुने सम्भावना धेरै रहन्थ्यो। यही कारणले पोखरीहरूलाई पानीको भण्डारण ट्याङ्कीको रूपमा पनि उपयोग गरिन्थ्यो। विपद्का समयमा पोखरीमा सञ्चित पानीले आगो निभाउन ठूलो सहयोग पुऱ्याउँथ्यो। यो पोखरी सामुदायिक सहकार्यको प्रतीक पनि थियो। आज पनि यो पोखरीलाई पुरातात्त्विक र सांस्कृतिक सम्पदाका रूपमा संरक्षण गर्नुपर्ने आवश्यकता छ।

## क्रियाकलाप

१. तपाईंको विद्यालयमा पानी, बिजुली, कागज जस्ता स्रोतहरू कसरी बचत गर्न सकिन्छ, त्यसको सूची बनाउनुहोस् ।

२. प्राकृतिक स्रोत संरक्षणसम्बन्धी नारा तयार पार्नुहोस् । जस्तैः "प्रकृति बचाऊँ, भविष्य सुरक्षित बनाऊँ ।"

## अभ्यास

१. खाली ठाउँ भर्नुहोस् ।

क. माटोको संरक्षणका लागि ................. रोप्नुपर्छ ।

ख. प्राकृतिक स्रोतहरूको संरक्षणले ................. पुस्ताका लागि स्रोत जोगाउँछ ।

ग. सीमित स्रोतहरूको जथाभावी उपयोगले ................. निम्त्याउँछ ।

घ. वन फँडानी कम गरेर हामी ................. संरक्षण गर्न सक्छौँ ।

ङ. ................. बिना मानव जीवन असम्भव छ ।

२. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

क. प्राकृतिक स्रोत भनेको के हो ?

ख. प्राकृतिक स्रोतको उपयोग गर्दा के कुरामा ध्यान दिनुपर्छ ?

ग. दिगो प्राकृतिक स्रोतको उदाहरण दिनुहोस् ।

घ. प्राकृतिक स्रोतको अत्यधिक उपयोगले के असर पर्छ ?

ङ. प्राकृतिक स्रोतको संरक्षणका उपायहरू के-के हुन् ?

# पाठ ३ प्राकृतिक स्रोतको व्यवस्थापन र परिचालन

बालज्योति आधारभूत विद्यालय धुलिखेल १० का कक्षा ८ का विद्यार्थीहरू आज स्थानीय विषयअन्तर्गत प्राकृतिक स्रोतको व्यवस्थापन र परिचालनबारे नयाँ जानकारी लिन उत्सुक छन् । गुरुआमाले एउटा कथाको माध्यमबाट विषयवस्तुलाई प्रस्तुत गर्ने विचार गर्नुभयो । उहाँले स्मार्ट बोर्डमा एउटा कथा प्रदर्शन गर्नुभयो र ध्यानपूर्वक पढ्न अह्राउनुभयो । हामी पनि उहाँले प्रस्तुत गर्नुभएको कथा पढौँ र प्राकृतिक स्रोतको व्यवस्थापन र परिचालनबारे बुझौँ ।

## देवीस्थानको कार

काभ्रेपलाञ्चोक जिल्लाको सदरमुकाम धुलिखेल एक सानो र सुन्दर पर्यटकीय सहर । यहाँका बासिन्दा लामो समयदेखि कृषि, व्यापार र पर्यटन व्यवसायमा निर्भर थिए । जल, जमिन र जङ्गल नै जीवनका आधार थिए।

समय परिवर्तन हुँदै गयो । मानिसको हेलचेक्र्याइँ, अव्यवस्थित सहरीकरण र जलवायु परिवर्तनले त्यहाँको प्राकृतिक सुन्दरता र वातावरणीय स्वच्छता घटाउँदै लग्यो । वन विनाश बढ्न थाल्यो । पानीका मुहानहरू सुक्न थाले । फोहोर प्रदूषण बढ्दै गयो । खोलाहरू प्रदूषित हुन थाले । वायुमण्डल धुलो र धुवाँले दूषित हुँदै गयो । धुलो र धुँवाले हिमालहरू पनि स्पष्ट देखिन छोड्यो । वन्यजन्तु र जडीबुटी पनि लोप हुन थाले ।

धुलिखेलवासीहरूलाई यस्तो परिवर्तनले चिन्तित बनायो । मलिलो उब्जाउ माटो बगेर गइरहेको छ । भूक्षय, पहिरो, बाढीको बिगबिगी छ । भूमि मायालाग्दो गरी टुक्रिएको छ । जमिनको उत्पादन र उत्पादकत्व ह्रास हुँदै गएको छ । खेतीयोग्य जमिन पनि बाँझिदै गएका छन् । पानीका मुहानहरू सुक्दै छन् । होटल तथा पर्यटन व्यवासाय नै सङ्कटमा पर्ने खतरा बढेको छ ।

उनीहरूले यसलाई गम्भीरतासाथ लिए । उनीहरूले धुलिखेल नगरपालिकासँग समन्वय गरी ‘हरित भविष्य’ नामक परियोजना सुरु गरे । परियोजनाको उद्देश्य थियो - प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन र परिचालन ।

उनीहरूले माटो र जमिनको संरक्षण तथा उपयोगमा ध्यान दिए । बाँझो जमिनमा स्थानीय जातका अन्नबाली लगाउन थाले । खेतबारीमा जैविक मल प्रयोग हुन थाल्यो । नगरपालिकाको कृषि शाखाको सहयोगमा कतिपयले आधुनिक कृषि तथा फलफूल खेती सुरु गरे । सुन्थानका सुकेका सुन्तलाहरूले

पुनर्जीवन पाए ।  भिरालो जमिनलाई तह तह बनाई सम्म पारेर खेती गर्न थाले । प्लटिङको नाममा जमिनलाई अनावश्यक रूपमा खण्डीकरण गर्न नपाइने नीति बनाए । असुरक्षित रूपमा डाँडो भासेर जग्गा प्लटिङ गर्न नपाइने नियम बनाए । पहिरोको जोखिम भएका स्थानमा तथा खोला किनारमा टेवा पर्खाल लगाए । रुख बिरुवा तथा घाँस रोप्न प्रोत्साहित गरियो । भूक्षय र पहिरो नियन्त्रण भयो ।

वन क्षेत्रको संरक्षणका लागि पनि सबै जुटे । वन क्षेत्रको संरक्षण तथा उपयोगका लागि समुदायकै सक्रियतामा सामुदायिक वन विकास हुन थाले । सामुदायिक वनमा अवैध कटानी रोक्न निगरानी टोली बनाए । वन उपभोक्ता समितिले सुकेका र ढलेका रुख तथा काँटछाँट गरेका हाँगा स्थानीयलाई दाउराका रूपमा उपलब्ध गराउन थाल्यो । औषधीय वनस्पतिको खेती सुरु गरे । रैथाने जडीबुटीको संरक्षण र उपयोग हुन थाल्यो । प्राणी र वनस्पतिको संरक्षण भयो । विकासका पूर्वाधारको निर्माण गर्ने सन्दर्भमा वन क्षेत्रमाथि निरन्तर र अवैज्ञानिक रूपमा भइरहेको अतिक्रमण रोकियो । नगरका ग्रामीण भेगमा परम्परागत दाउरा प्रयोगलाई हटाएर सौर्य ऊर्जा र बायोग्याँस प्रयोग गर्न थाले । नाङ्गा डाँडाहरूमा वृक्षरोपण गरे । वनजङगल हराभरा भयो । वन्यजन्तु र चराचुरुङ्गी जङ्गलमा नाच्न र रमाउन थाले ।

नगरवासीले नगरपालिकाको सहयोगमा खानेपानीका मुहानहरूको संरक्षण अभियान सुरु गरे । नगरपालिकाले विभिन्न संघसंस्थासँगको सहकार्यमा धुलिखेलको ठुलो वन क्षेत्रमा रिचार्ज पोखरी र रिचार्ज ट्रेन्चहरू निर्माण गरी भूमिगत जलस्रोतको संरक्षण कार्यको पनि थालनी गऱ्यो । एक घर एक धारा नीति कार्यान्वयनमा आयो । कतै पानी खेर जाने र कतै पानीको अभाव हुने अवस्थाको अन्त्य भयो ।  नचाहिएको समयमा धाराको पानी रिजर्भ ट्याङ्कीमा जम्मा हुने प्रबन्ध गरे ।  खानेपानीको सदुपयोग भएकोमा उनीहरू दङ्ग परे । कतै वर्षाको पानी संकलन गर्ने प्रणाली स्थापना गरियो । सिँचाइको सुविधा विस्तार भयो । बाँध तथा कुलो निर्माणमा स्थानीय बासिन्दा र नगरपालिकाले सहकार्य गरे । पानी कम भएका क्षेत्रमा थोपा सिँचाई र प्लाष्टिक पोखरी प्रणालीको विकास भयो । नगरपालिका र वडा कार्यालयले पुराना धारा, ईनार र पोखरीको पुनःनिर्माण गऱ्यो । स्थानीयले तिनीहरूको संरक्षणको जिम्मा लिए ।

नगरवासी वातावरणीय शुद्धता तथा वायुमण्डलको शुद्धता कायम राख्न हरिया वनजङ्गलको संरक्षणमा जुटे । हरेक वडामा पार्कहरू निर्माण भए । सडक किनारहरूमा बोटबिरुवाहरू रोपिए । सडक निर्माण र मर्मत गर्दा धुलो नउडोस् भनी पानी हाल्न थालियो । विद्युतीय गाडीहरूको प्रयोगमा जोड दिन थाले । नगरपालिकाले फोहोरलाई वर्गीकरण गरी सङ्कलन गर्ने र व्यवस्थापन गर्ने कामलाई प्रभावकारी बनायो । धुलिखेल नगरभरि प्राकृतिक स्रोतको व्यवस्थापन र परिचालनको कार्यलाई अघि बढ्यो ।

प्राकृतिक स्रोतहरूको दीर्घकालीन संरक्षण, सन्तुलित उपयोग र पुनः प्राप्तिको प्रक्रियाको थालनीले धुलिखेलको स्वरूप फेरियो । धुलिखेलवासीले देवीस्थानको काखमा हरित भविष्य विकास गर्ने अभियानलाई सार्थक बनाए । पहिले नै स्वस्थ सहरको उपाधि पाएको धुलिखेलले हरित नगरको उपाधि पनि पायो । पर्यटकहरू अब केवल हिमाल हेर्न होइन, हरित व्यवस्थापन सिक्न पनि आउन थाले । युवाहरूले रोजगारी पाए । महिलाहरूको सहभागिता बढ्यो र वातावरणीय सन्तुलन कायम रह्यो ।

## क्रियाकलाप

१. **धुलिखेल नगरपालिकाले प्राकृतिक स्रोत व्यवस्थापनका लागि के के गर्नुपर्ला ? शिक्षक र साथीहरूसँग छलफल गरी बुँदा टिपोट गर्नुहोस् र कक्षामा टाँस्नुहोस् ।**

२. **प्राकृतिक स्रोतको व्यवस्थापन हुन नसक्दा कस्ता समस्या आउन सक्छन् ? समूहमा छलफल गरी चार्टमा तयार पार्नुहोस् र कक्षामा टाँस्नुहोस् ।**

३. **प्राकृतिक स्रोतको व्यवस्थापन र मानव जीवनको भविष्य शीर्षकमा कक्षागत वक्तृत्वकला आयोजना गर्नुहोस् ।**

## खाली ठाउ भनु

क. धुलिखेल नगरपालिकाले "...................." नीति अनुसार खानेपानी सेवा विस्तार गरेको हो ।

ख. धुलिखेल नगरपालिकाको खानेपानीमा हालसम्म करिब .................... खर्च भइसकेको छ ।

ग. .................... संस्थाको सहकार्यमा जलस्रोतको अवस्थागत चित्रण गरिएको हो ।

घ. धुलिखेल खानेपानीमा बाढीले .................... बराबरको क्षति भएको हो ।

ङ. .................... ले धिताल टोलको भ्रमण गर्नुभएको थियो ।

## अभ्यास

१. **खाली ठाउँमा मिल्ने उत्तर भर्नुहोस् ।**

क) प्राकृतिक स्रोतहरूको दीर्घकालीन संरक्षण, सन्तुलित उपयोग र पुनः प्राप्तिको प्रक्रियालाई

........... भनिन्छ । (प्राकृतिक स्रोतको विनास, प्राकृतिक स्रोतको व्यवस्थापन, प्राकृतिक स्रोतको उत्खनन)

ख) पहिरोको जोखिम भएका स्थानमा तथा खोला किनारमा टेवा पर्खाल लगाउने काम ............... कार्य हो । (भूसंरक्षण, जल संरक्षण, वायु संरक्षण)

ग) रिचार्ज पोखरी र रिचार्ज ट्रेन्चहरू निर्माण गरी ............ संरक्षण गर्न सकिन्छ । (वनजङ्गल, चराचुरुङ्गी, भूमिगत जलस्रोत)

घ) पानी कम भएका क्षेत्रमा सिँचाईका लागि...............प्रणालीमार्फत पानीको सदुपयोग गर्न सकिन्छ । (नहर सिँचाई, थोपा सिँचाई, कुलो सिचाई)

ङ) सौर्य ऊर्जा र बायोग्याँस प्रवर्द्धनले ............... को संरक्षणमा टेवा पुगेको छ । (वनजङ्गल, नदीनाला, जमिन)

## २. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

क) प्राकृतिक स्रोतको व्यवस्थापन अन्तर्गत के के पर्दछन् ?

ख) प्राकृतिक स्रोतको व्यवस्थापनबाट हामीलाई के फाइदा हुन्छ ?

ग) जलस्रोत व्यवस्थापनका तरिकाहरू लेख्नुहोस् ।

घ) भूमि व्यवस्थापन र परिचालन सही ढङ्गले नहुँदा उत्पन्न हुने समस्याहरूको सूची बनाउनुहोस् ।

ङ) वनजङ्गलको व्यवस्थापनबाट हुने कुनै चार फाइदा लेख्नुहोस् ।

लिखितम् श्री हनुमान माध्यमिक विद्यालय धुलिखेल ११(पातलेखेत), काभ्रेपलाञ्चोकमा अध्ययनरत विपन्न तथा जेहेनदार विद्यार्थीहरूको लागि प्रदान गरिने छात्रवृत्ति बापतको पहिलो किस्ताको रकम अभिभावकको रोहवरमा हामी तपसिलका विद्यार्थीहरूले बुझिलिई यो भरपाई गरिदियौँ ।

तपसिल

| क्र.सं. | विद्यार्थीको नाम | कक्षा | हस्ताक्षर | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | अविरल तामाङ | ८ | | १०००।- | |
| २ | उमेश श्रेष्ठ | ३ | | १०००।- | |
| ३ | कुशल दमाई | ९ | | १०००।- | |
| ४ | प्रशंसा भुजेल | ६ | | १०००।- | |

लिखितम् श्री हनुमान माध्यमिक विद्यालय धुलिखेल ११(पातलेखेत), काभ्रेपलाञ्चोकमा अध्ययनरत विपन्न तथा जेहेनदार विद्यार्थीहरूको लागि प्रदान गरिने छात्रवृत्ति बापतको दोस्रो किस्ताको रकम अभिभावकको रोहवरमा हामी तपसिलका विद्यार्थीहरूले बुझिलिई यो भरपाई गरिदियौँ ।

तपसिल

| क्र.सं. | विद्यार्थीको नाम | कक्षा | हस्ताक्षर | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | अविरल तामाङ | ८ | | १०००।- | |
| २ | उमेश श्रेष्ठ | ३ | | १०००।- | |
| ३ | कुशल दमाई | ९ | | १०००।- | |
| ४ | प्रशंसा भुजेल | ६ | | १०००।- | |

पाठ ४

# प्राकृतिक स्रोत संरक्षणमा स्थानीय असल अभ्यास




धुलिखेल नगरपालिका काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित एक पर्यावरणमैत्री नगरपालिकाको रूपमा परिचित छ । यहाँको प्राकृतिक सौन्दर्य, हरियाली वनजङ्गल, चिसो पानीका मुहानहरू, र जैविक विविधताले नगरलाई पर्यावरणीय दृष्टिकोणले महत्त्वपूर्ण बनाएको छ । यस्ता अमूल्य प्राकृतिक स्रोतहरूको संरक्षण गर्न नगरपालिकाले दीर्घकालीन रणनीति बनाउँदै आएको छ । नगरले वातावरणीय सङ्कटलाई मध्यनजर गर्दै प्राकृतिक स्रोतहरूको संरक्षणलाई आफ्नो प्रमुख कार्यसूचीमा राखेको छ ।

पानीको स्रोत संरक्षण धुलिखेल नगरपालिकाको एक प्राथमिक अभियान हो । नगर क्षेत्रभित्रका परम्परागत धारा, इनार र पानीका मुहानहरू संरक्षण तथा पुनःसंरचनाको काम भइरहेको छ । साथै, नगरले वर्षाको पानी सङ्कलन (रेन वाटर हार्वेस्टिङ), फोहर पानी प्रशोधन तथा पुनःप्रयोगजस्ता कार्यक्रमहरू पनि अघि सारेको छ । जैविक विविधता जोगाउन नगरले सामुदायिक वन संरक्षण, वृक्षरोपण अभियान र हरियाली विस्तारलाई पनि प्राथमिकता दिएको छ । यस्ता प्रयासहरूले स्थानीय बासिन्दा र पर्यटकहरू दुबैलाई वातावरण संरक्षणप्रति सचेत बनाउने कार्य गरेका छन् ।




खानेपानीका स्रोतहरूको उचित संरक्षण गर्नको लागि धुलिखेल नगरपालिकाले विभिन्न कार्यहरू गरिरहेको छ । साउथ एसिया इन्स्टिच्युट अफ एडभान्स स्टडिज (सीयास) सँगको सहकार्यमा खानेपानीसँग सम्वन्धित सरोकारवालाहरूको छलफलका रुपमा पानी चौतारीका ६ ओटा शृङ्खला सञ्चालन गरी प्राप्त सुझाव समेटेर खानेपानी सम्बन्धी समस्या समाधानको कार्य भइरहेको छ । सियाससँगको सहकार्यमा नै धुलिखेलको ठूलोवन क्षेत्रमा ८४

वटा रिचार्ज पोखरी र रिचार्ज ट्रेन्चहरू निर्माण गरी भूमिगत जलस्रोत संरक्षणको कार्य भएको छ। काठमाडौँ विश्वविद्यालयको सहकार्यमा रोशी खोलाको जलाधार क्षेत्रको जलस्रोत तथा जङ्गल क्षेत्रको म्यापिङ कार्य भएको छ जुन भावी रणनीति निर्माणमा महत्त्वपूर्ण दस्तावेजको रुपमा रहने छ।

धुलिखेल नगरपालिकाले विभिन्न वडाहरूमा रहेका पोखरी, ढुङ्गेधारा, झरनाहरूको क्रमिक रुपमा जिर्नोद्वार तथा पुनःनिर्माण कार्य पनि गरिरहेको छ। साथै, विद्यालय तहदेखि नै वातावरण संरक्षणसम्बन्धी पाठ्यक्रम, सरसफाइ अभियान, प्लास्टिक न्यूनीकरण, र फोहर व्यवस्थापन कार्यक्रम सञ्चालन भइरहेको छ। यसरी, धुलिखेल नगरपालिकाले नीतिगत, भौतिक र सामाजिक पहलमार्फत प्राकृतिक स्रोतको संरक्षणमा उदाहरणीय भूमिका निर्वाह गर्दै आएको छ, जसले दिगो विकासको मार्ग प्रशस्त गरेको छ।

## कपिलेश्वर झरना



धुलिखेल नगरपालिका वडा नम्बर ११, पात्लेखेतमा अवस्थित कपिलेश्वर झरना एक प्राकृतिक सौन्दर्यले भरिपूर्ण गन्तव्य स्थल हो। हरियाली जङ्गलको बिचबाट बग्दै आएको यो झरना शान्त वातावरणमा अवस्थित छ। यसले आगन्तुकहरूलाई मानसिक शान्ति र प्राकृतिक आनन्द प्रदान गर्दछ। झरनाको चिसो पानी, वरपरको हराभरा वनस्पति र चराचुरुङ्गीको मिठो आवाजले यहाँको वातावरण झनै रमणीय बनाएको छ। स्थानीय बासिन्दा तथा पर्यटकहरूका लागि यो झरना अवलोकन गर्न, फोटो खिच्न तथा छोटो पदयात्राका लागि उपयुक्त स्थान हो। यो झरना यस क्षेत्रको पर्यटकीय सम्भावनालाई उजागर गर्ने एक महत्वपूर्ण स्थलका रूपमा रहेको छ। विभिन्न प्राकृतिक विपत्ति र संरक्षणको अभावले हाल यो झरना सङ्कटमा परेको छ। यस झरणामा हाल वर्षायाममा मात्र पानी बग्ने गरेको छ।

### क्रियाकलाप

१. **धुलिखेल वडा नं ११ स्थित कपिलेश्वर झरना वा आफ्नो टोल वरपरको झरना, खोला वा वनको संरक्षण कसरी गरिएको रहेछ ? अध्ययन गरी कक्षामा प्रतिवेदन प्रस्तुत गर्नुहोस्।**

## अभ्यास

१. **जोडा मिलाउनुहोस् ।**

| | | |
|---|---|---|
| क. | वृक्षरोपण | प्राकृतिक स्रोतको दिगो उपयोगका लागि जनतालाई सचेत गराउने कार्य |
| ख. | जनचेतना | वनजङ्गल संरक्षणको प्रमुख उपाय |
| ग. | जल संरक्षण | धरातलमुनि सञ्चित पानी |
| घ. | भूमिगत पानी | माटो बग्न नदिने र माटोको उर्वराशक्ति जोगाउने कार्य |
| ङ. | भूरंक्षरण | पानीको बचत र सदुपयोग गर्ने प्रक्रिया |

२. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

क. कपिलेश्वर झरना कहाँ पर्दछ ?

ख. धुलिखेल नगरपालिकाको प्रमुख पर्यावरणीय प्राथमिकता के हो ?

ग. प्राकृतिक स्रोत संरक्षण गर्ने कुनै दुई उपायहरू लेख्नुहोस् ?

घ. धुलिखेल नगरपालिकाले प्राकृतिक स्रोत संरक्षण सम्बन्धी जनचेतना बढाउन के कस्ता कार्यक्रमहरू सञ्चालन गरेको छ ?


ङ. पानीका स्रोत संरक्षणका लागि नगरपालिकाले कुन संस्थासँग सहकार्य गरेको छ ?

एकाइ ४

# पर्यटकीय स्थल, पर्यटन र सरसफाइ

## परिचय :

पर्यटकीय स्थल, पर्यटन र सरसफाइ अन्तर्गत जिपलाइन, धुलिखेल नगरपालिकाको ऐतिहासिक सम्पदा, हाम्रो बाजा र लाखे नाच, पर्यटकीय स्थलको संरक्षणमा धुलिखेल नगरपालिकाको भूमिका, धुलिखेलमा पर्यटन व्यवसाय, घरबाट निस्कने फोहरको व्यवस्थापन र फोहरमैला व्यवस्थापनमा नगरपालिकाको भूमिकाको बारेमा यस एकाइमा अध्ययन गरिन्छ ।









## सिकाई उपलब्धि

- ☑ जिपलाइनको परिचय दिन
- ☑ धुलिखेल नगरको ऐतिहासिक सम्पदाको पहिचान गरी परिचय दिन
- ☑ लाखे नाच, बाजा र खैंजडी बाजाको परिचय दिन र बजाउने अभ्यास गर्न
- ☑ पर्यटकीय स्थलको संरक्षणमा नगरपालिकाको भूमिका प्रस्तुत गर्न
- ☑ पर्यटन व्यवसाय सम्बन्धी जानकारी र महत्त्व प्रस्तुत गर्न
- ☑ घरबाट निस्कने ठोस फोहरको व्यवस्थापन गर्न
- ☑ फोहरमैला व्यवस्थापनमा नगरपालिकाको भूमिका प्रस्तुत गर्न ।

# पाठ १ जिपलाइन

मिति : २०८२/०१/११
धुलिखेल, काभ्रेपलाञ्चोक

प्रिय साथी
दिनदिनको सम्झना ।

तपाईंले पठाउनु भएको चिठी हिजो बेलुका प्राप्त भयो । त्यहाँ तपाईं लगायत सपरिवारका सदस्यहरूलाई आरामै रहेछ । खुसी लाग्यो । तपाईंको पढाइ पनि राम्रै रहेछ । अझ राम्रो बनाउने प्रयत्न गर्नुहोस् । यहाँ म पनि आरामै छु । साथै सपरिवारका सदस्यहरूलाई आराम रहेको जानकारी गराउन चाहन्छु । यहाँ सबै कुरा राम्रो छ तर पानी नपरेर मात्र मकै छर्न समस्या परेको छ । आशा छ छिट्टै पानी पर्ला र हाम्रा आकङ्क्षा पूरा होलान् ।

साथी रमेश, तपाईंले जिपलाइनको बारेमा जिज्ञासा राखेर चिठी लेख्नुभएको रहेछ । त्यसको बारेमा म तपाईंलाई सामान्य जानकारी गराउन चाहन्छु । साहसिक खेलहरूमा जिपलाइन, बाइक रेसिङ, पर्वतारोहण, माउण्टेन बाइक रेसिङ, र्‍याफ्टिङ, प्याराग्लाइडिङ आदि पर्दछन् । त्यस मध्ये जिपलाइन एक हो । शरीरमा हार्नेस बाँधेर क्याराभिनाको मद्दतले लट्ठा (फलामको डोरी) माथि घिर्नीमा झुण्डिदै एक ठाँउबाट अर्को ठाँउमा पुग्ने साहसिक खेल जिपलाइन हो । हाम्रो यस काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल नगरपालिका वडा नं. ८ थाक्लेमा यस्तो जिपलाइन रहेको छ । यो काठमाडौं उपत्यकाबाट नजिकै रहेको नेपालकै दोस्रो जिपलाइन पनि हो । यो एक साहसिक खेल हो । धुलिखेलमा रहेको जिपलाइन धुलिखेल नगरपालिकाको वडा नं. ८ बाट सुरू भई पाँचखाल नगरपालिका स्थित खावासम्म रहेको छ । यसको लम्बाइ ११०० मिटर रहेको छ । यो जिपलाइन समुद्री सतहबाट १३०० मिटरको उचाइमा रहेको स्टेसनबाट १०० मिटर तल अर्थात १२०० मिटरमा झर्छ । यसमा २४० फिटको भर्टिकल ड्रप



हुने गरी डोरी टाँगिएको छ । पर्यटकीय क्षेत्र धुलिखेलको थाक्लेमा रहेको यो जिपलाइन अरनिको राजमार्गसँग जोडिएको छ । यसले अरनिको राजमार्गमा यात्रा गर्ने यात्रुहरूलाई पनि आकर्षण गरिरहेको छ साथै अन्य आन्तरिक र बाह्य पर्यटकहरूलाई लोभ्याइरहेको छ । यहाँ आउने पर्यटकको सङ्ख्या दिनानुदिन बढिरहेको छ । यस साहसिक खेलबाट डोरीमा झुण्डिएर १ मिनेट २० सेकेण्डसम्मको आनन्द लिन सकिन्छ ।

जिपलाइनको स्थापनाले गर्दा यहाँको आर्थिक उपार्जन गर्न सहज भएको छ । यहाँ आउने स्वदेशी तथा विदेशी पाहुनाले आफ्नो देशको मुद्रा खर्च गर्छन् । त्यसैले गर्दा विदेशी मुद्रा आर्जन गर्न पनि सहज भएको छ । पर्यटकहरूले आफू र आफ्ना हितैषीहरूलाई यहाँको बारेमा व्याख्या गर्नाले थप पर्यटकको आगमन हुन गई थप आम्दानीमा सहयोग पुग्दछ । यहाँका मानिसहरूको रोजगारीमा वृद्धि हुनको साथसाथै स्थानीय स्तरमा उत्पादन भएका सामानहरूको खपत बढ्न गएको छ । त्यस्तै विभिन्न परिवेशबाट आउनुहुने स्वदेशी तथा विदेशी पर्यटकहरूले यहाँको स्थानीय भाषा, संस्कृति, परम्परा बारे बुझ्नुहुन्छ । ठाउँ, परिवेश, जीवजन्तु, विभिन्न किसिमका वनस्पति, हिमालको मनोरम दृश्य, वनजङ्गलको अध्ययन, विभिन्न प्राकृतिक छटाहरूको राम्रोसँग अध्ययन र अवलोकन गर्न पाउनुहुन्छ । त्यस्तै अर्को सकारात्मक पक्ष साहसिक खेल जिपलाइन हेर्न र खेल्न आउने जोकोहीले यहाँको स्थानीय समाज, वेशभूषा, धर्म, संस्कृति, परम्परा, विभिन्न प्रकृतिको संस्कृति आदिको बारेमा पनि जानकारी लिएर फर्कनुहुन्छ । यसले नै जिपलाइनको महत्त्वलाई अझ उजागर गरेको छ ।

साथी, खेल मनोरञ्जन प्राप्त गर्ने माध्यम हो । चाहे एकल खेलिने होस् वा सामूहिक, चाहे घरभित्र खेलिने होस् वा घरबाहिर, चाहे शारीरिक होस् वा मानसिक खेल नै किन नहोस् । जिपलाइन चाहिँ साहसिक खेल भएकाले ऊ वातावरणमा रमाउन चाहन्छ । समय निर्धारण गरेर मात्र खेलमा सहभागी हुन्छ । यहाँको जिपलाइन खेलमा एकल र जोडी पनि एकैसाथ खेलेर मनोरञ्जन लिन सक्छन् । साथी, तिमी पनि फुर्सदको समय मिलाएर हाम्रो यस धुलिखेल नगरपालिका वडा नं. ८ थाक्लेमा अरनिको राजमार्गमै रहेको जिपलाइन साहसिक खेलमा सहभागी हुनका लागि र यहाँको सम्पूर्ण पक्षहरूको अवलोकन गर्न आउनुहोस् है? आज "जिपलाइन पर्यटन विकासको एक खुट्किला" का बारेमा मैले भ्याएसम्म र सम्झेसम्मका विषयवस्तुका बारेमा लेख्दै पूरै अवलोकनका लागि आमन्त्रण गर्दै यो कलम यहीँ बन्द गर्दछु ।

तपाईंको हितैषी मित्र
आशीष शर्मा

## क्रियाकलाप

१. तपाईं माथिको पाठमा आशिष शर्माले लेखेको चिठीको आधारमा पोखरा बस्ने आफ्नो मिल्ने साथीलाई जिपलाइनको महत्त्व दर्शाउँदै एउटा चिठी तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईँको जानकारीमा रहेको जिपलाइन जस्तै अर्को कुनै एक साहसिक खेलको नाम लेख्नुहोस् । त्यसको बारेमा पत्र पत्रिका, लेख रचनाहरू, जानेबुझेका व्यक्तिहरूलाई सोधेर वा इन्टरनेटबाट खोजी गरेर लेख्नुहोस् र कक्षामा साथीहरूलाई सुनाउनुहोस् ।

३. जिपलाइनको बारेमा एउटा समाचार लेख्नुहोस् र छलफल गर्नुहोस् । त्यसपछि विद्यालयको प्रदर्शन पाटीमा टाँस गर्नुहोस् ।

४. दिइएको पाठपत्र पढ्नुहोस् र सोधिएका प्रश्नहरूको जवाफ दिनहोस् ।

### काभ्रेमा प्याराग्लाइडिङ

काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल नगरपालिका वडा नं. ९ स्थित पर्यटकीय स्थल देवीस्थान डाँडाबाट प्याराग्लाइडिङ उडान सुरु गरिएको छ । विश्वबजार प्याराग्लाइडिङ प्रा.लि.ले देवीस्थानबाट धुलिखेल नगरपालिका वडा नं. ८ बडालगाँउसम्म पुग्नेगरी १.५ किलोमिटरको दूरीमा ५,५०० फिटको उचाइमा उडानका लागि अनुमति प्राप्त गरेको छ । प्याराग्लाइडिङ खेल साहसिक र मनोरञ्जनात्मक खेल हो । सङ्घीय राजधानीको नजिक रहेको यस खेलले धुलिखेलको विकास र सम्वृद्धिमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ । यसले धुलिखेल नगरलाई थप चिनाउनुका साथसाथै आयआर्जनमा समेत वृद्धि हुनेछ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन प्राधिकरणले "मनोरञ्जनात्मक उड्डयन सञ्चालन" अनुमति दिएको छ ?

क. धुलिखेलको कुन ठाँउमा प्याराग्लाइडिङ सुरु गरिएको छ ?

ख. प्याराग्लाइडिङ खेल सञ्चालनका लागि कसले अनुमति दिएको हो ?

ग. धुलिखेलको देवीस्थान डाँडाबाट सञ्चालन गरिने प्याराग्लाइडिङ खेलको दूरी कति रहेको छ ?

घ. प्याराग्लाइडिङ खेलले धुलिखेल नगरलाई के फाइदा पुग्छ ?

## अभ्यास

१. **खाली ठाउँ भर्नुहोस् ।**

क. जिपलाइन धुलिखेलको .................... मा रहेको छ ।

ख. धुलिखेलको जिपलाइनले .................... विकासमा सहयोग पुऱ्याएको छ ।

ग. प्याराग्लाइडिङ धुलिखेलको ....................मा सुरु गरिएको छ ।

घ. प्याराग्लाइडिङ भनेको .................... उड्यान हो ।

ङ. थाक्लेको जिपलाइनको दूरी .................... मिटर रहेको छ ।

२. **तलका प्रश्नको उत्तर दिनुहोस्**

क. जिपलाइन भनेको के हो ?

ख. कुनै तीनओटा साहसिक खेलहरूको नाम लेख्नुहोस् ।

ग. धुलिखेलमा रहेको जिपलाइनको परिचय एक अनुच्छेदमा लेख्नुहोस् ।

घ. पर्यटन प्रवर्द्धनका लागि जिपलाइनको महत्त्व प्रष्ट पार्नुहोस् ।

ङ. धुलिखेल नगरको विकासमा जिपलाइनले पार्ने प्रभावको बारेमा उल्लेख गर्नुहोस् ।

पाठ २

# धुलिखेल नगरको ऐतिहासिक सम्पदा

परियोजना कार्य अन्तर्गत धुलिखेल नगरपालिका वडा नं. ७, अड्डाबजारमा रहेको श्री सञ्जीवनी माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थीहरूका लागि एउटा अध्ययन प्रतिवेदन तयार गर्न लगाइएको थियो । उनीहरूले समूहमा तयार गरेको प्रतिवेदन यहाँ प्रस्तुत गरिएको छ :

## शीर्षक : धुलिखेल नगरको ऐतिहासिक सम्पदाको अध्ययन

### परिचय



कक्षा ८ को पर्यटकीय स्थल, पर्यटन र सरसफाइ एकाइ अन्तर्गत "धुलिखेल नगरको ऐतिहासिक सम्पदा" भन्ने पाठका लागि शिक्षकले हामीलाई धुलिखेल बजार क्षेत्रमा रहेका घरहरूमा भएका परम्परागत र स्थानीय स्तरमा पाइने वस्तुहरू जस्तैः परम्परागत रूपमा रहेका पुराना घरका बुट्टे झ्यालहरू, ढोकाहरू, मन्दिरमा रहेका टुँडालहरू, ढिब्री(टुकी), अन्ती, ठेकी, मदानी, चौंठी, बुनेको नाम्लो, चकटी, घुम, सुरो, धुपौरो, हुक्का, चिलिम, नली, तमाखु टाँस्ने पातो, लाल्टिन, भोटे ताल्चा आदिको प्रत्यक्ष अवलोकन गरी प्रतिवेदन तयार गर्न लगाउनुभयो । सो अनुसार नै यो प्रतिवेदन तयार गरिएको छ ।

### उद्देश्य

यस अध्ययनको उद्देश्य निम्नानुसार रहेका छन् :

- धुलिखेल नगरको ऐतिहासिक सम्पदाको पहिचान गर्ने
- धुलिखेल नगरको ऐतिहासिक सम्पदाको परिचय दिने
- कलात्मक ऐतिहासिक सम्पदाले पर्यटनको विकासमा पुऱ्याएको योगदान पत्ता लगाउन ।
- ऐतिहासिक सम्पदाहरूको महत्त्व पत्ता लगाउने ।

### अध्ययनका क्रममा प्रयोग गरिएका विधिहरू

- धुलिखेल नगरमा रहेका ऐतिहासिक वस्तुहरूको प्रत्यक्ष अवलोकन
- अन्तरक्रिया
- समूह छलफल
- अन्तर्वार्ता

### पत्ता लागेका तथ्यहरू

यस अध्ययनबाट पत्ता लागेका तथ्यहरू यसप्रकार रहेका छन् :

धुलिखेल नगरलाई देश विदेशमा चिनाउने, हाम्रो विगतसँग जोडिएका र ऐतिहासिक महत्त्व बोकेका सम्पदाहरूलाई धुलिखेल नगरको सम्पदा भनिन्छ । धुलिखेल नगरभित्र रहेका ऐतिहासिक सम्पदाहरू पुराना काष्ठकला अन्तर्गत पुराना घरका कलात्मक बुट्टे झ्याल र ढोका, मन्दिरका टुँडालहरू, हस्तकला अन्तर्गत माटाका सामान, ढलोटका सामान, र स्थानीय प्रयोगका सामग्रीहरू जस्तैः चौंठी/गरीयो, ठेकी, मदानी, ढिब्री(टुकी), अन्ती, हुक्का, चिलिम, नली आदि हुन् । त्यसैगरी धुलिखेल नगरभित्र रहेका मठ, मन्दिर, गढी, पोखरी, गुम्बा, चैत्य, मूर्तिहरू, शिलालेख आदि पनि ऐतिहासिक सम्पदाको रूपमा रहेका छन् ।

### धुलिखेल नगरभित्र रहेका ऐतिहासिक प्रयोगका सामग्रीहरू

१. झ्याल र ढोका (बजारभित्र पुराना घरहरूमा रहेका कलात्मक बुट्टा भएको)

२. टुँडाल (छाना अड्याउनका लागि भित्तामा बुट्टा कुँदेर राखिएको टेको)

३. चौंठी/गरीयो (तेल राख्ने काठको भाँडो)

४. हर्पे (घिउ राख्ने काठको भाँडो)

५. ठेकी (दही राख्ने काठको भाँडो)

६. मदानी (दही मथ्नका लागि प्रयोग गरिने सामान)

७. ढिब्री (टुकी) (मट्टितेल राखेर बत्ती बालीने भाँडो)

८. अन्ती (रक्सी राख्ने धातुको भाँडो)

९. हुक्का (तमाखु खानको लागि प्रयोग गरिने साधन)

१०. चिलिम (तमाखु राखेर आगोले सल्काएर खाइने माटोको भाँडा)

**पर्यटक आकर्षणमा ऐतिहासिक सम्पदा तथा कलात्मक वस्तुको योगदान :**

१. कलात्मक वस्तुको तस्विर खिचेर आनन्द लिने

२. कलात्मक वस्तुको दृश्यावलोकनको आनन्द लिने

३. पुराना लोप हुन लागेका वस्तुहरूको अवलोकन गर्ने

४. स्थानीय समाजको कला, धर्म, संस्कृति र परम्पराको अध्ययन गर्ने

५. पर्यटनको माध्यमबाट ऐतिहासिक सम्पदाको अध्ययन गर्ने

६. वातावरणीय स्वच्छता अवलम्बन गर्ने

७. सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न सहयोग आदान प्रदान गर्ने ।

**कलात्मक वस्तुहरूको महत्त्व :**

१. धुलिखेल नगरमा रहेका कलाहरूको पहिचान स्थापित हुन्छ ।

२. पुराना र परम्परागत वास्तुकला, मूर्तिकला, चित्रकला, हस्तकलासँग सम्वन्धित वस्तुहरूको संरक्षण र संवर्द्धनमा सहयोग पुग्छ ।

३. पुराना कलाको अध्ययन र अनुसन्धानमा सहयोग पुग्छ ।

४. आर्थिक उपार्जनमा सहयोग पुग्छ ।

५. विदेशी मुद्रा आर्जन हुन्छ ।

६. पर्यटकीय गतिविधि बढाउन सहयोग पुग्छ ।

७. पर्यटन उद्योगहरूको प्रवर्द्धन गर्न सहयोग पुग्छ ।

८. वातावरणीय सन्तुलन कायम राख्न सहयोग पुग्छ ।

९. एक अर्को देशका नागरिकहरूबिच भाइचारामा वृद्धि हुन्छ ।

**निष्कर्ष :**

धुलिखेलका ऐतिहासिक सम्पदा धुलिखेल नगरका अमूल्य पहिचान हुन् । यिनीहरूको संरक्षण र संवर्द्धन गर्नु हामी सबैको जिम्मेवारी र कर्तव्य हो । पुराना वस्तुहरूलाई जोगाइ राख्न र पर्यटकहरूलाई तिनीहरूको माध्यमले आकर्षण गर्न सकेमा धुलिखेल नगरबासीले रोजगारी प्राप्त गर्नुका साथै आर्थिक उन्नति गर्न सक्छन् । पर्यटकहरूलाई मनोरञ्जन प्रदान गरी उनीहरूको बसाइलाई लम्ब्याउन सकिन्छ र थप आय आर्जन गर्न सकिन्छ । पर्यटन व्यवसाय समेत फस्टाउन गई नगरको आय समेत बढ्न जान्छ । धुलिखेल नगरको ऐतिहासिक कला, संस्कृति र सम्पदालाई जीवन्त राख्न सकिन्छ ।

## क्रियाकलाप

१. तपाईंको घरमा भएका ऐतिहासिक प्रयोगका सामग्रीहरू सङ्कलन गर्नुहोस् र विद्यालयमा लैजानुहोस्। विद्यालयमा तिनीहरूको पालैपालो साथीहरूलाई पहिचान गर्न लगाई छलफल गर्नुहोस् र आवश्यकतानुसार थप प्रष्ट पार्नुहोस्।


२. तपाईंले पहिचान गरेका ऐतिहासिक प्रयोगका सामग्रीहरूको चित्र/तस्विर सङ्कलन गर्नुहोस् र चार्ट पेपरमा टाँस गरी चित्रको नाम समेत लेखी प्रदर्शन गर्नुहोस्।

३. स्थानीय महत्त्वपूर्ण ऐतिहासिक ठाउँ वा सम्पदाको अवलोकन भ्रमण गर्नुहोस् र त्यसले पर्यटन आकर्षणका लागि के के वस्तुहरू पहिचान गर्नुभयो ? कक्षामा प्रस्तुत गर्नुहोस्।

## अभ्यास

१. तल दिइएका चित्रको नाम लेख्नहोस् :



२ तल दिइएका प्रश्नहरूको उत्तर दिनहोस्।

क. ऐतिहासिक सम्पदा भनेको के हो ?

ख. धुलिखेल नगरको पाँचओटा ऐतिहासिक सम्पदाहरूको नाम लेख्नुहोस्।

ग. ठेकी र अन्तीको बारेमा छोटकारीमा लेख्नुहोस्।

घ. धुलिखेल नगरमा रहेका कलात्मक वस्तुहरूको महत्त्व उल्लेख गर्नुहोस्।

ङ. धुलिखेल नगरमा पर्यटकहरूलाई आकर्षण गर्न कलात्मक वस्तुहरू र ऐतिहासिक सम्पदाले खेल्ने भूमिका उल्लेख गर्नुहोस्।

## परियोजना कार्य

तपाईंको विद्यालय वा समुदाय नजिक रहेको कुनै एक ऐतिहासिक सम्पदाको छनोट गर्नुहोस् र अवलोकन गरी पाइएका विवरणहरू समावेश गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

**प्रतिवेदन लेखनको ढाँचा**

शीर्षक :

परिचय :

उद्देश्य :

विधि :

पत्ता लागेका कुरा :

सुझाव

निष्कर्ष :

पाठ ३

# हाम्रो बाजा र लाखेनाच

श्री पूर्णसञ्जीवनी लङ्खनामाई माध्यमिक विद्यालय कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूलाई धुलिखेल नगरपालिकामा भएका र आफूले विभिन्न धर्म, संस्कार(जन्म, मृत्यु, विवाह), चाडपर्व, जात्रा, मेला, महोत्सवमा देखेका र अग्रजबाट सुनेको आधारमा हाम्रो बाजा र लाखेनाचको बारेमा अध्ययन गर्न दिइएको थियो । सोका आधारमा उनीहरूले अध्ययन गरी निम्नानुसार प्रस्तुत गरेका छन् ।



**रमेश :** नमस्कार ! म धुलिखेल नगरपालिकाभित्र रहेका बाजाहरूको नाम भन्ने अनुमति चाहन्छु । हाम्रो नगरपालिकामा विभिन्न जातजाति, भाषाभाषी, धर्म, संस्कृतिका मानिसहरूको बसोबास रहेको छ । उनीहरूका आ-आफ्ना सामाजिक परम्परा र चालचलनहरू रहेका छन् । सोही परम्परा र चालचलन अनुसार बाजाहरू पनि फरकफरक हुन्छन् । समग्रमा धुलिखेल नगरपालिकाभित्र चलनचल्तीमा रहेका बाजाहरूमा शङ्ख, झ्याली, सहनाइ, ट्याम्को, दमाहा, मादल, ढोलक, डम्फू, खैंजडी, बाँसुरी, पछिमा खिङ्, नायो खिङ्, नगरा, डमरू, च्वालिङ्, तबला आदि हुन् । यिनीहरूमध्ये केहीलाई मिलाएर पञ्चेबाजा, नौमती बाजाको रूपमा पनि प्रयोग गर्ने गरिएको छ ।

**दुर्गा :** नमस्कार ! म धुलिखेल नगरपालिकाभित्र रहेका बाजाहरू क-कसले कहिले कहिले प्रयोग गर्छन् भन्ने बारेमा केही कुरा भन्ने अनुमति चाहन्छु । धुलिखेल नगरपालिकामा ब्राह्मण क्षेत्री, तामाङ र नेवार समुदायको बाहुल्य रहेको पाइन्छ । उनीहरूको आ-आफ्नो धर्म, संस्कार (जन्म, मृत्यु, विवाह), संस्कृति, चाडपर्व, जात्रा, मेला, महोत्सव आदि रहेका छन् । त्यसैले उनीहरूले आ-आफ्नो परम्परा धान्न चाडपर्व, संस्कार, मेला र जात्राहरूमा विभिन्न किसिमका बाजाहरूको प्रयोग गर्ने गर्दछन् । ब्राह्मण क्षेत्रीहरूको समुदायमा पूजाआजा, संस्कारमा शङ्ख, खैंजडी बाजा, पञ्चे बाजा, नौमती बाजा वा

बैण्ड बाजाको प्रयोग गर्दछन् । तामाङ समुदायमा पूजा, मृत्यु संस्कार गर्दा, मेला, पर्व, जात्रा र झारफुकको समयमा डम्फु, ट्याम्को, द्याङ्ग्रो आदि बाजाको प्रयोग गर्दछन् । नेवार समुदाय बाजागाजामा धनी मानिन्छ । उनीहरू आफ्नो संस्कार, संस्कृति, परम्परा, जात्रा र चाडपर्वमा पछिमा खिङ, नायो खिङ, धिमे, नगरा, झ्याली, डमरू, बाँसुरी, तवला, ढोलक, मादल आदि बाजाको प्रयोग गर्दछन् ।

**सन्तोष :** नमस्कार ! म धुलिखेल नगरपालिकाभित्र रहेका बाजाहरूको महत्त्वलाई बताउन चाहन्छु । यी बाजाहरूले धुलिखेल नगरको मौलिक संस्कृतिको संरक्षण र जगेर्ना गर्न मद्दत गर्दछ । नगरबासीहरूलाई शुभकार्यको सङ्केत दिनुका साथै मनोरञ्जन प्रदान गर्दछ । नगरभित्र रहेका विभिन्न जातजातिका समुदायहरूको पहिचान कायम राख्दछ । नागरिकहरूलाई शारीरिक र मानसिक रूपमा तन्दुरुस्त राख्न सहयोग गर्दछ । हाल आएर पेसाको रूपमा अबलम्बन हुन गई व्यक्तिको आयआर्जनमा समेत टेवा पुऱ्याउँछ ।

**आशिका :** नमस्कार ! साथीहरूले हाम्रो नगरका बाजाहरूको बारेमा धेरै कुरा बताइसक्नुभएको छ । म पनि यसको विशेषताहरू बताउन चाहन्छु । हाम्रा नगरका बाजाहरूले समुदायका संस्कार, संस्कृति र परम्पराको जगेर्ना गर्ने, मनोरञ्जन प्रदान गर्ने, सङ्गीतको सिर्जना गर्ने, प्रेमभाव प्रकट गर्ने र शुभकार्यको सङ्केत गर्ने गर्दछ ।



**जीवन :** नमस्कार साथीहरू ! म हाम्रो नगरका बाजाहरूमध्ये खैंजडी बाजाको बारेमा बताउने अनुमति चाहन्छु । काठको घेरामा मृग, बाख्रा वा गोहोरोको छाला प्रयोग गरेर बनाइएको एक प्रकारको बाजालाई खैंजडी बाजा भनिन्छ । यो पौराणिक कालदेखि नै चलनचल्तीमा रहेको पाइन्छ अर्थात अहिले चलन चल्तीमा रहेका आधुनिक बाजाहरूको आविस्कार हुनुपूर्व नै सुरू भएको मानिन्छ । यो प्रायः ब्राह्मण क्षेत्री समुदायमा प्रचलनमा रहेको र हाल खैंजडी भजनको रूपमा लोकप्रिय छ । यसलाई मनोरञ्जनको एक साधनको रूपमा पनि लिने गरिएको छ । खैंजडी भजन गाउँदा सबैजना वरिपरि गोलो घेरामा बस्छन् र भट्याउने व्यक्ति बिच भागमा बस्छन् । यो भजन श्रीमद् भागवत महापुराणका आधारमा भट्याउनुपर्ने हुनाले भट्याउने व्यक्ति भागवतको जानकार हुनुपर्दछ । सुरूमा मङ्गलाचरणबाट सुरू गर्दै विभिन्न देवी देवताहरूको नाम उच्चारण गर्दछन् । तत् पश्चात

श्रीमद् भागवत महापुराणका मूल ग्रन्थको कथामा आधारित रहेर भट्याउने गर्दछन् र अरू वरपर गोलो घेरामा रहेका व्यक्तिहरूले खैंजडीको तालमा थपेर गिती लयमा भजन भन्ने गर्दछन् । खैंजडी बाजाको तालमा भजन भन्ने कार्य विभिन्न शुभकार्य, धार्मिक कार्य, पूजाआजाका बेला, तिहार र एकादशी मेलामा गर्ने गरिन्छ । हाल यसको महत्त्व र प्रयोग बढिरहेको छ ।

**सञ्जय :** नमस्कार ! साथीहरू म हाम्रो नगरको नेवार समुदायमा रहेको प्रचलित लाखेनाचको बारेमा बताउन चाहन्छु । नेवार समुदायमा कुनै विशेष मेला, पर्व, जात्राहरूमा लाखेको मुकुण्डो लगाएर नाचिने नाचलाई लाखेनाच भनिन्छ । यो नाच विभिन्न स्थानमा रहेका नेवार समुदायले आ-आफ्नो परिवेश र पुर्खाले चलाएका चलन अनुसार फरक फरक समयमा नाच्ने गर्दछन् । त्यसैगरी धुलिखेल नगरको पुरानो बजारमा रहेका नेवार समुदायले पनि यो नाच हरेक वर्ष एउटै समयमा नाच्ने गर्दछन् । धुलिखेलमा यो नाच हरेक वर्षको गठेमङ्गल (घण्टाकर्ण) चाड सकिएपछि गुन्हिपुनी (हिलेजात्रा) पर्व अगाडि पुरानो बजार रहेको क्षेत्र स्थित चोच्छेटोल, इटोल, दुटोल र ओटोलका मुख्य चोकहरूमा नाचिन्छ । यो लाखेनाच नचाएपछि कोही पनि मानिसहरूले अकालमा मृत्युवरण गर्नु पर्दैन र कुनै पनि भूतप्रेत र पिशाचले दुःख दिँदैन भन्ने विश्वास गरिन्छ । धुलिखेलको लाखेनाचमा लाखे, सिङ्चा र कवान्चा भन्ने पात्रलाई पछिमा खिङ, बाँसुरी, भुइयाँ, केयँ, नायो खिङ भन्ने बाजामा नचाइन्छ । लाखेनाच नाच्ने बेलामा "ए लाखे चा छँ त म्हच सु" भन्ने बोलमा नचाइन्छ ।

**शिक्षक :** धन्यवाद ! तपाईंहरूले धुलिखेल नगरपालिकामा बजाइने स्थानीय बाजाहरूको बारेमा देखे बुझेका र अग्रजहरूबाट सुनेका आधारमा सिकेका सिकाइ र अनुभवहरू व्यक्त गर्नुभयो । धुलिखेल नगरपालिकाभित्र बसोबास गरेर आफ्नो जातजाति र परम्परादेखि नै चलन चल्तीमा ल्याइएका वाद्यवादनका साधनहरूलाई स्थानीय बाजाका रूपमा लिइन्छ । समय अनुसार अन्य बाजाहरू पनि भित्रिदै गएको छ । धुलिखेल बजारमा हाल धिमे बाजाको पनि प्रचलन रहेको पाइन्छ । हामीले नगरमा रहेका बाजाहरूका साथै धर्म, संस्कृति, परम्परा, मेला, जात्राहरूको संरक्षण सम्वर्द्धन गरेर अनन्तकालसम्म जोगाइ राख्न हाम्रो कर्तव्य र जिम्मेवारी रहेको हुन्छ । त्यसैले हाम्रा स्थानीय स्तरमा रहेका कला, संस्कृति, बाजा, लाखेनाच, खैंजडी भजन, धिमे बाजा, डम्फू आदिको पठन पाठन विद्यालय तहदेखि नै गर्नुपर्ने र समयसापेक्ष रूपमा यसको प्रयोगमा जोड दिनुपर्दछ ।

## क्रियाकलाप

१. तपाईंको समुदायमा चलनचल्तीमा रहेका बाजाहरूको सम्बन्धमा सोधखोज गरेर सूची तयार गर्नुहोस् र त्यससँग सम्वन्धित चित्रहरू सङ्कलन गरी प्रदर्शन पाटीमा टाँस गर्नुहोस् ।

२. धुलिखेल नगरपालिकाभित्रका प्रचलित बाजाहरू कहिले कहिले कसरी प्रयोग गरिन्छ भन्ने बारेमा समुदायका अग्रज व्यक्तिहरूसँग सोधखोज गरी लेख्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. धुलिखेल नगरपालिकाभित्र प्रयोग गरिने स्थानीय बाजाहरूको महत्त्व र विशेषता झल्कने चार्ट तयार गर्नुहोस् र कक्षामा टाँस गर्नुहोस् ।

४. तपाईंको समुदायमा प्रयोग गरिने कुनै एक बाजाको छनोट गर्नुहोस् साथै त्यसको परिचय र महत्त्व दर्शाउदै एउटा लेख तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. तपाईंको विद्यालयमा वा समुदायमा स्थानीय बाजा बजाउन जान्ने व्यक्तिहरू भए नभएको पहिचान गर्नुहोस् त्यसपछि जान्ने व्यक्तिलाई स्रोतव्यक्तिको रूपमा कक्षमा आमन्त्रण गर्न शिक्षकलाई अनुरोध गर्नुहोस् र बाजा बजाउन लगाई अवलोकन गरेर अभ्यास गरी बाजा बजाउन सिक्नुहोस् ।

## अभ्यास

१. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

क. धुलिखेल नगरपालिकाभित्र स्थानीय रूपमा बजाइने कुनै तीनओटा बाजाहरूको नाम लेख्नुहोस् ।

ख. धुलिखेल नगरबासीले बाजाहरूको प्रयोग कहिले गर्ने गरेका छन् ? प्रष्ट पार्नुहोस् ।

ग. धुलिखेल नगरभित्रका स्थानीय बाजाहरूको महत्त्व उल्लेख गर्नुहोस् ।

घ. “खैंजडी बाजा पौराणिक कालदेखि नै चलनचल्तीमा रहेको छ” भन्ने भनाइमा आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

ङ. धुलिखेलमा नाचिने लाखे नाचको बारेमा एउटा कथा लेख्नुहोस् ।

२. ठिक बेठिक छुट्याउनुहोस् ।

क. लाखे नाच तामाङ समुदायको संस्कृति अन्तर्गत पर्दछ ।

ख. गठेमङ्गल नेवार समुदायको पर्व हो ।

ग. धिमेबाजा नेवारी समुदायको परम्पागत बाजा हो ।

घ. डम्फु दनुवार समुदायको परम्पागत बाजा हो ।

ङ. खैजेडी भजन गर्दा प्रयोग गरिने बाजा हो ।

# पाठ ४ हाम्रो पर्यटकीय स्थल

(श्री सेतीदेवी माध्यमिक विद्यालय धुलिखेल नगरपालिका वडा नं. २ का कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरू, स्थानीय विषय शिक्षक र चासो राख्ने केही अभिभावकहरूबिच यही मिति २०८२ साल बैशाख १३ गते शनिबारका दिन विद्यालयको प्राङ्गणमा भएको भेलामा धुलिखेल नगरपालिका अन्तर्गत धुलिखेल बजार र अन्य वरपरका भूभागसम्म पर्यटकलाई कसरी आकर्षण गर्न सकिन्छ भन्ने विषयमा भएको संवादको अंश यहाँ प्रस्तुत गरिएको छ ।)

**विद्यार्थी :** वातावरण पढाउने सरले हामीलाई पर्यटन, पर्यटक र पर्यटकीय स्थलको बारेमा निबन्ध लेखेर ल्याउन भन्नुभएको छ । यसबारे सामान्य जानकारी गराउनुहोस् न सर ।

**शिक्षक :** लौ सुन्नहोस् सागर, पर्यटन भन्नाले घुमफिर गर्ने काम हो । यसले मानिसलाई मनोरञ्जन दिन्छ । अनि पर्यटकीय स्थल भन्नाले घुमफिर गर्ने ठाउँलाई बुझाउँछ ।



**अभिभावक :** सागरले मलाई पनि पर्यटन, पर्यटक र पर्यटकीय स्थलको बारेमा बताइदिनुहोस् बुबा/सरले मलाई निबन्ध लेखेर ल्याउनु भन्नुभएको छ भनेर हिजो नै सोध्दै थियो । मौकैमा आज सरसँग यस विषयमा कुराकानी गर्ने अबसर जुऱ्यो । मैले भन्दा सरले नै राम्रोसँग बताइदिनुहोस् है सागरलाई ।

**शिक्षक :** हुन्छ, मैले जाने बुझेसम्म बताइहाल्छु नि । ल ध्यान दिएर सुन्नुहोस् सागर । अनि केही कुराहरू टिपोट गर्नु परेमा टिपोट पनि गर्नुहोस् है त ।

**विद्यार्थी :** हस् सर । तपाईं भन्दै जानुहोस्, म सुन्दै र आवश्यक बुँदा टिपोट गर्दै जान्छु ।

**शिक्षक :** पर्यटक दुई प्रकारका हुन्छन् (१) आन्तरिक पर्यटक (२) बाह्य पर्यटक । आन्तरिक पर्यटक भन्नाले आफ्नो देशको सीमाभित्र घुमफिर गर्ने, मनोरञ्जन लिने, मन खुसी पार्ने पर्यटक हुन भने बाह्य पर्यटक भन्नाले हाम्रो देशको सिमानाभन्दा बाहिरका विदेशीहरू हाम्रो देशको विभिन्न कला, धर्म, संस्कृति, हिमाल, पहाड, पोखरी, रहनसहन, वेषभूषा

अथवा सम्पूर्ण प्राकृतिक छटाहरू हेर्न बुझ्न र केही सिक्न अनि मनोरञ्जन प्राप्त गर्न आउने पर्यटकहरू भन्ने बुझिन्छ । बुझ्नुभयो त सागर ?

**विद्यार्थी :** बुझेँ नि सर । हजुरले भन्नुभएको कुरा मुख्य मुख्य बुँदाका रूपमा टिपोट पनि गर्दै छु ।

**अभिभावक :** सागरले सोधेका प्रश्नको समाधान सरले सरल तरिकाले प्रष्ट पारिदिनुभयो । यसबारे अझै विस्तृत रूपमा प्रकाश पारिदिनुहुन्छ कि सर ?

**शिक्षक :** हुन्छ नि अभिभावक ज्यू, मैले जानेबुझेसम्म सबै कुरा बताउँछु, ध्यान दिएर सुन्नुहोला । सबैभन्दा पहिला अवस्था पहिचान गर्ने, त्यसका लागि हाम्रो धुलिखेल नगरपालिकाभित्रका प्राकृतिक तथा मानव निर्मित स्थल, प्राकृतिक छटा हेर्ने स्थल आदिको बारेमा जानकारी प्राप्त गर्नुपर्दछ । **एकले थुकी सुकी सयले थुकी नदी** भने झैं एक दुई जनाको प्रयासले मात्र पर्यटन व्यवसाय फस्टाउन सक्दैन । यसका लागि स्थानीय सरकार हाम्रो धुलिखेल नगरपालिकाको पनि विशेष चासो हुनुपर्दछ । त्यसका लागि हामीले धुलिखेल नगरपालिकालाई घच्घच्याउन सक्छौँ । समुदाय, टोल, वडा आदिमा जमघटको तयारी गर्न सक्छौँ । नगरपालिकाको निर्देशन र हाम्रो पहलमा स्थानीय बुद्धिजीवी, बा, आमा, भद्रभलादमी, वडा समिति तथा स्थानीय पार्टी प्रतिनिधि लगायत सरोकारवालाहरूको जमघटबाट जनस्तरसम्म सचेतना अभिवृद्धिको कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ ।

**विद्यार्थी :** अनि अरू के के कार्यक्रम गर्नुपर्ला सर ? थप प्रष्ट पारिदिनहोस् न सर ।

**शिक्षक :** सुन्नहोस् म भन्दै जान्छु । सबैभन्दा पहिला आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न पर्यटकीय स्थलहरूको खोजी गर्नुपऱ्यो । ती स्थलहरूको खोजी गर्न स्थानीय सरोकारवालाहरूको जमघटबाट प्राप्त तथ्याङ्क अनुसार आफ्नो धुलिखेल नगरपालिकाभित्र के कस्ता र थप सम्भाव्यता भएका स्थलहरू छन् तिनीहरूको सम्भव भएसम्म स्थानीय व्यक्तिबाटै र बढी खर्च गर्नुपर्ने भएमा वडा र नगरपालिकासँग अनुरोध गरेर बजेट माग गरी मर्मतसम्भार गर्नुपर्दछ । मर्मतसम्भारका लागि स्थानीय सरोकारवाला व्यक्तिहरू सबैको लिङ्ग, जात, धर्म, राजनैतिक आस्था आदि सबै वर्गलाई मिलाएर समिति बनाउनुपर्दछ । त्यसरी निर्माण गरिएको समितिले आफ्नो स्थानीय स्तरमा निर्मित पाटी, पौवा, मन्दिर, गुम्बा, वनभोज स्थल, पार्क आदिको संरक्षण समिति समेतले सधैं रेखदेख, सरसफाइमा ध्यान दिनुपर्दछ । सबै वर्गलाई जिम्मेवारी बाँडफाँड गरेपछि निर्मित समितिभित्र अपनत्वको भावना पैदा भएर दिगो विकासको लागि समेत टेवा पुग्दछ ।

**अभिभावक :** सरले त पर्यटन, पर्यटक र पर्यटकीय स्थलको बारेमा धेरै राम्ररी छर्लङ्ग पारिदिनुभयो । यसबारे अरू केही भन्नु छ कि सर ?

**शिक्षक :** वडा र नगरपालिकाले पूर्वाधारको विकास र मर्मत सम्भारका लागि सक्दो पहल गर्ने, बजेटको व्यवस्था गर्ने, समूह निर्माण गर्ने, जिम्मेवारी तोक्ने, अनुगमन गर्ने, पुरस्कारको व्यवस्था गर्ने, प्रवेश शुल्क तोक्ने, पार्किङ शुल्क निर्धारण गर्ने, सम्भाव्यता अध्ययन गर्ने, बेलाबेलामा सभा, गोष्ठी, सेमिनारको आयोजना गर्ने गर्नुपर्दछ । आफ्नो क्षेत्रभित्रका त्यस्ता स्थलहरूको बारेमा स्तरोन्नतिका लागि पहल गर्ने आदि कार्य गरेमा आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ । नयाँ प्रविधिको निर्माण तथा स्थापना गर्न पहल गर्न सकिन्छ । अझ भनौं प्राकृतिक र मानव निर्मित दुवै हिसाबले पर्यटक बढाउन पर्यटकीय स्थलको बढोत्तरी गर्न सकिन्छ जसले गर्दा बेरोजगारी घट्छ, आन्तरिक तथा बाह्य पर्यटक बढ्छन् र स्थानीय स्तरमा आम्दानी बढ्छ ।

**विद्यार्थी :** सरले धुलिखेलका पर्यटनको बारेमा धेरै जानकारी दिनुभयो । अब म राम्ररी निबन्ध लेख्न सक्छु । सरलाई धेरै धेरै धन्यवाद ।

(आफूले सरसँग धेरै सिकेको बताउँदै विद्यार्थी, शिक्षक र अभिभावक आ-आफ्नो घर फर्कन्छन् ।)

## क्रियाकलाप

१. **"पर्यटकीय स्थलहरूको संरक्षणमा विद्यार्थी, शिक्षक र अभिभावकको भूमिका" विषयमा संवाद तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **पर्यटकीय स्थलको संरक्षणमा धुलिखेल नगरपालिकाको भूमिका कस्तो हुनुपर्दछ ? समूहमा छलफल गर्नुहोस् र आएको निष्कर्षलाई न्यूजप्रिन्ट पेपरमा तयार गरी कक्षामा टाँस गर्नुहोस् ।**

३. **धुलिखेल नगरपालिकाको नक्सा तयार गर्नुहोस् र तयार गरिएको नक्सामा तीनओटा पर्यटकीय स्थलहरू भर्नुहोस् ।**

## अभ्यास

१. **तल दिइएका प्रश्नको सही विकल्पमा (√) चिह्न लगाउनुहोस् ।**

**क. मनोरञ्जनको लागि विभिन्न स्थानमा घुम्ने व्यक्तिलाई के भनिन्छ ?**

अ. घुमन्ते    ख. पर्यटक

इ. पर्यवेक्षक    ई. पथ प्रदर्शक

**ख. पर्यटकलाई सेवासुविधालाई ध्यानमा राखी गरिने व्यवसायलाई के भनिन्छ ?**

अ. व्यापार    ख. सेवा

इ. पर्यटन व्यवसाय    ई. पशुपालन व्यवसाय

**ग. धुलिखेल नगरपालिकामा पर्ने पर्यटकीय स्थल कुन हो ?**

अ. नमोबुद्ध    ख. पलाञ्चोक

इ. नगरकोट    ई. हजार सिँढी

**घ. धुलिखेलमा पर्यटकलाई आकर्षण गर्ने कुरा के के छन् ?**

अ. हिमालको दृश्यावलोकन र चिसो हावापानी

आ. बोटिङ र मठमन्दिर

इ. जङ्गली जनावरको सिकार र साइक्लिङ

ई. जङ्गल सफारी र चरा अध्ययन

**ङ. पर्यटनको विकासको लागि नगरपालिकाले के काम गरेको छ ?**

अ. पर्यटकीय स्थलको पूर्वाधार विकास

आ. पर्यटकीय स्थलको पहिचान

इ. होमस्टे निर्माणमा सहयोग

ई. माथिका सबै

**२. तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क. पर्यटकीय स्थल भनेको के हो ?

ख. बाह्य पर्यटकहरू हाम्रो धुलिखेल नगरपालिकामा किन आउँछन् ?

ग. हाम्रो धुलिखेल नगरपालिकाभित्र रहेका प्राकृतिक र मानव निर्मित पर्यटकीय स्थलहरूको सूची तयार गर्नुहोस् ।

घ. पर्यटकीय स्थलको संरक्षणमा वडा र नगरपालिकाको भूमिका उल्लेख गर्नुहोस् ।

ङ. पर्यटकीय स्थलको संरक्षणमा तपाईंले गर्न सक्ने कार्यहरू उल्लेख गर्नुहोस् ।

पाठ ५

# धुलिखेलमा पर्यटन व्यवसाय

मानिसहरू धार्मिक, व्यवसायिक, मनोरञ्जनात्मक उद्देश्यका साथ एक स्थानबाट अर्को स्थानमा जाने अर्थात घुम्ने कार्यलाई पर्यटन भनिन्छ। यसभित्र तीर्थाटन पनि पर्दछ। हुन त तीर्थाटन धार्मिक हुन्छ तापनि यसले पनि निश्चित उद्देश्य पूरा गर्नुका साथै मनोरञ्जन समेत प्रदान गर्दछ। पर्यटन पनि मनोरञ्जनात्मक नै हुन्छ। मानिसले मानसिक र शारीरिक परिश्रम खर्च गर्दछ। सधैं परिश्रम गर्दा ऊ आफूलाई हिनताबोध महसुस गर्दछ। उसलाई फुर्सद निकालेर देश तथा विदेशका विभिन्न हिमाल, ताल, पोखरी, मन्दिर, विभिन्न प्राकृतिक छटाहरू, मानव निर्मित कला, वस्तु, पार्क, सङ्ग्रहालय आदि अवलोकन गर्न निस्कन्छन्। यसरी घुम्न निस्कने मानिसहरू दुई किसिमका हुन्छन्। (१) आन्तरिक (२) बाह्य यसरी आन्तरिक र बाह्य जोसुकै भएता पनि त्यस्ता मानिसहरूलाई पर्यटक भनिन्छ। आन्तरिक पर्यटकले एक ठाँउको पैसा अर्को ठाँउमा खर्च गर्दछन् भने बाह्य पर्यटकले विदेशी मुद्रा खर्च गर्दछन्।



धुलिखेल नगरपालिका काभ्रेपलाञ्चोक जिल्लाको सदरमुकाम हो। यो नेपालको राजधानी काठमाडौंबाट ३० किलोमिटर पूर्वमा अवस्थित एक सानो तथा प्राकृतिक मनोरम दृश्य हेर्नका लागि राम्रो पर्यटकीय स्थल हो। यहाँबाट चाँदीझैं टलक्क टल्कने हिमालको दृश्य हेर्न, यहाँका प्राचीनकालीन मठ, मन्दिर, पोखरी, हिटी (धारा), काष्ठकला, मूर्ति, वनजङ्गल, गुम्बा, चैत्य हेर्न, साहसिक खेलहरूबाट मनोरञ्जन लिन, कला संस्कृतिको अवलोकन गर्न आन्तरिक तथा बाह्य पर्यटकहरू आउँछन्। यसरी आउँदा उनीहरूले खानाको लागि, बास बस्नका लागि, साहसिक खेल खेल्नका लागि र यहाँ उत्पादित सामग्री खरिद गर्नका लागि मुद्रा खर्च गर्दछन्। धुलिखेलबासीले उत्पादन गरेका स्थानीय वस्तुहरू देश तथा विदेशसम्म पुग्छन्। स्थानीय व्यक्तिहरूले रोजगार पाउँछन्। होटल व्यवसाय फस्टाउँछ।

राम्रो बोली र व्यवहार भएमा पर्यटकले आफूमात्र होइन अरूलाई पनि धुलिखेल र सेरोफेरोमा भ्रमण गर्न सल्लाह दिन्छन् । यसरी आन्तरिक पर्यटकको आगमनले स्वदेशी मुद्राको आर्जन हुन्छ भने विदेशी पर्यटकबाट विदेशी मुद्राको आर्जन हुन्छ साथै धुलिखेल नगरपालिकालाई व्यावसायिक कर वृद्धि हुन गई आन्तरिक आम्दानीमा समेत वृद्धि हुन्छ ।



पर्यटनका लागि प्राकृतिक सुन्दरता, बाटो, मानव निर्मित वस्तु, मानिसको बोली र व्यवहार, नयाँ उत्पादित सामग्री, साहसिक खेल स्थल, स्तरीय होटल आदिको आवश्यकता पर्दछ । यसका लागि मानिसहरू व्यवसायिक रूपमा लाग्नुपर्दछ । **पर्यटकहरूलाई सेवा र सुविधा दिएर नाफा कमाउने उद्देश्यले सञ्चालन गरिएको पेसा व्यवसायलाई नै पर्यटन व्यवसाय भनिन्छ ।** अहिलेको पुस्ता देशमा व्ययवसायमा लाग्नुको साटो विदेश पलायन हुन थालेका छन् । **धुलिखेलका पर्यटन विकासका लागि** धुलिखेलका अग्रज बाजे-बज्यै, बा-आमा तथा व्यवसायमा संलग्न व्यक्तिहरूले पुख्यौली पेसा पछिल्लो पुस्तालाई हस्तान्तरण गर्दै जानुपर्दछ । कहिलेकाहीँ द्वन्द्व, महामारी, घटना आदिले व्यवसायमा उत्पन्न गर्ने अप्ठ्यारा पार गर्दै अगाडि बढ्नुपर्दछ । धुलिखेल नगरपालिकाले आफ्नो नगरभित्र अझ विशेष गरी जिल्ला सदरमुकाम क्षेत्रभित्रका सम्पूर्ण प्राकृतिक छटा, अन्य हेर्न लायक स्थलहरू, साहसिक खेलहरू र पर्यटन व्यवसायमा संलग्न व्यक्तिहरूलाई निरन्तरता दिनुपर्दछ । अझ उत्पादित वस्तुहरू सङ्कलन गरी कोसेली घरको स्थापना, होमस्टेको स्थापना, परम्परागत सिपका सामानहरूको उत्पादन र बिक्री स्थलको व्यवस्था गर्नुपर्छ । सङ्ग्रहालयको स्थापना गरी थाङ्का चित्रहरू, मूर्तिकला, कलात्मक सामानहरूको संरक्षण गर्नुपर्छ । ट्रेकिङ रूट चार्ट आदिको व्यवस्था गर्नुपर्ने देखिन्छ । त्यसका लागि धुलिखेल नगरपालिकाले पर्यटन गुरू योजना र पर्यटन परिषद गठन र परिचालन गरेर पर्यटन व्यवसायलाई अझ सुदृढ बनाउने सकिन्छ ।

पर्यटक पर्यटन(घुमफिर) गर्न आउँछन् । उनीहरूका विविध रूचि हुन्छन् । धार्मिक, मनोरञ्जनात्मक, कला, धर्म, संस्कृति, वेशभुषा, मेला, जात्रा आदिको अवलोकन, साहसिक खेल जिपलाइन, मनोरम हिमालको दृश्यावलोकन गर्न आदि । जे भए पनि पर्यटकको बढ्दो आकर्षणले गर्दा आन्तरिक आम्दानी बढ्छ । स्थानीय व्यक्तिहरूले रोजगारी प्राप्त गर्दछन् । बाह्य पर्यटकको आगमनले विदेशी

मुद्रा भित्रिन्छ । स्थानीय कला र संस्कृतिको संरक्षण र संबर्द्धन हुन्छ । धुलिखेलमा रहेका पर्यटकीय स्थल र पर्यटन व्यवसायको बारेमा देश विदेशसम्म प्रचार प्रसार हुन्छ । व्यापार व्यवसायमा वृद्धि हुन्छ र रोजगारीमा समेत वृद्धि हुन गई विदेश पलायन हुने युवाहरूलाई देशभित्रै अड्याउन सकिन्छ । यस्तो मनोरम छटाहरू रहेको धुलिखेल नगरपालिकाको लागि पर्यटन व्यवसायमा विकास र विस्तार गर्ने थुप्रै सम्भावनाहरू छन् । यो सहर आफैंमा सौन्दर्यले भरिपूर्ण छ । यहाँबाट हिमाली दृश्यावलोकन सहज तरिकाले गर्न सकिन्छ । विभिन्न कलाकृतिका प्राचीन घर, मठमन्दिर, हिटी(धारा), पोखरी, पाटीपौवा, मूर्तिकला, इनार, जिपलाइन र सुविधा सम्पन्न होटलहरूका साथै विभिन्न धार्मिक एवं पर्यटकीय स्थलहरू निर्माण भएका छन् । अझ यसको प्रमुख स्रोत भक्तपुरको नगरकोटदेखि बासुकी, काँसीभञ्ज्याङ, टन्चोक हुँदै धुलिखेलसम्मको पदयात्रा पनि हो । धुलिखेलको भविष्य पर्यटन व्यवसाय नै हो भन्नेमा कसैको दुईमत छैन ।

## क्रियाकलाप

१. **धुलिखेलमा पर्यटन व्यवसायको महत्त्व सम्बन्धमा कक्षामा साथीहरूसँग छलफल गरी बुँदा टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **कक्षामा भएका सबै विद्यार्थीहरू दुई समूहमा बराबरी सङ्ख्यामा बाँडिएर बस्नुहोस् । दुबै समूहले एक एकजना टोली नेता छान्नुहोस् र धुलिखेलमा पर्यटन व्यवसायका बारेमा १०/१० ओटा प्रश्नहरू समूहमा छलफल गरी तयार गर्नुहोस् । प्रश्नहरू सकेसम्म एक अर्को समूहसँग फरक पर्ने गरी तयार गर्नुहोस् । त्यसपछि पालैपालो एउटा समूहबाट प्रश्न सोध्नुहोस् र अर्को समूहलाई उत्तर भन्न लगाइ प्रश्नोत्तर खेल खेल्नहोस् । मिले नमिलेको जाँच गरी मूल्याङ्कन गर्न शिक्षकलाई अनुरोध गर्नुहोस् । सबै प्रश्नको जवाफ आइसकेपछि विजेतालाई तालीद्वारा हौसला प्रदान गर्नुहोस् ।**

३. **"धुलिखेलमा पर्यटन व्यवसायको सम्भावना छ कि छैन" भन्ने विषयमा कक्षामा वादविवाद प्रतियोगिता सञ्चालन गर्नुहोस् र विजेतालाई हौसला प्रदान गर्नुहोस् ।**

## अभ्यास

२. **जोडा मिलाउनुहोस् ।**

| समूह क | समूह ख |
|---|---|
| देशभित्र एक स्थानबाट अर्को स्थान गरिने घुमफिर | थाङ्का |
| देशबाहिर घुमफिर | हिटी |

| | |
|---|---|
| कपडामा बनाइएको चित्र | आन्तरिक पर्यटन |
| घर भवन निर्माण सम्बन्धी कला | बाह्य पर्यटन |
| परम्परागत ढुङ्गेधारा | वास्तुकला |

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

क. पर्यटन भनेको के हो ?

ख. पर्यटन व्यवसाय भनेको के हो ?

ग. धुलिखेल नगरपालिकाभित्र रहेका पर्यटन व्यवसायहरूको सूची तयार गर्नुहोस् ।

घ. धुलिखेलमा पर्यटन व्यवसायको महत्त्व प्रष्ट पार्नुहोस् ।

ङ. धुलिखेलमा पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न के के गर्नुपर्ला ? आफ्नो विचार व्यक्त गर्नुहोस् ।

च. "धुलिखेल नगरमा पर्यटकहरू पर्यटन गर्न आउँछन्" भन्ने विषयमा एउटा निवन्ध तयार गर्नुहोस् ।

# पाठ ६ फोहरमैला व्यवस्थापन

(वातावरण दिवसको अवसरमा विद्यालयमा आयोजित विचार गोष्ठीमा फोहरमैला व्यवस्थापनमा हाम्रो दायित्वका बारेमा वक्ताहरूले राखेका विचारहरू यस प्रकार रहेका छन् ।)

**वक्ता १ : धुलिखेल नगरपालिका विपद्, वन तथा वातावरण शाखा प्रमुख**

सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथि, अतिथि गण तथा सम्पूर्ण उपस्थित महानुभावहरू,

वातावरण दिवसको अवसरमा यस विद्यालयमा आयोजना गरिएको विचार गोष्ठीमा मलाई पनि आमन्त्रण गरी फोहरमैला व्यवस्थापनमा हाम्रो दायित्वका बारेमा आफ्नो विचार राख्ने मौका प्रदान गर्नुभएकोमा आयोजक विद्यालय परिवारलाई हार्दिक धन्यवाद दिन्छु । सर्वप्रथम म फोहरमैलाको बारेमा आफ्ना विचारहरू राख्न गइरहेको छु । मानवीय गतिविधिबाट निष्काशन हुने विभिन्न प्रकारका अनावश्यक र काम नलाग्ने वस्तुहरूलाई फोहरमैला भनिन्छ ।

फोहरमैला भन्नाले मानवीय तथा मानवेत्तर प्राणीहरूले विभिन्न प्रकारका खाद्यवस्तु, सरसफाइ गरे पश्चात उत्पन्न हुने सडेगलेका सामग्री, दुर्गन्ध फैलने, कालो-धमिलो, मैलो, देख्दै घिन लाग्दो वस्तु भन्ने बुझिन्छ । यस्ता वस्तुहरू मानिसको बसोबास भएको ठाउँ, घर, समाज, विद्यालय, कलकारखाना, बजार, मानिसको सुविधाको लागि भारी बोक्न प्रयोग गरिने गधा, खच्चर, घोडा आदि हिँड्ने बाटो आदिमा हुन्छन् । करीब आठ अरब भन्दा बढी जनसङ्ख्या रहेको विश्वमा मानिसले विविध उत्पादित वस्तुहरूको विविध तरिकाले प्रयोग गर्दछन् । ती प्रयोग पछिका काम नलाग्ने वस्तु पनि विभिन्न प्रकारका हुन्छन् । कुहिने, नकुहिने, जलाउन मिल्ने, जलाउन नमिल्ने आदि । हाम्रो घरमा दैनिक भोजनमा समावेश हुने गरेका विविध वस्तुहरू काम नलाग्ने थुप्रै हुन्छन् । यस्ता वस्तुहरूलाई घरायसी फोहरमैला भनिन्छ । घरबाट निष्कने फोहर, विभिन्न फलफूलका बोक्राहरू, कोयाहरू, जरा, पहेंला पातहरू, भेट्ना, मासुका हड्डीहरू, प्लास्टिक, तरकारी बाँधेका परालका त्यान्द्राहरू, औषधी र पानीका बोतलहरू, फलामका टुक्रा, किला, जस्तापाता, पुराना कपडाहरू, बिजुलीका चिमहरू, तारहरू, करेसाबारी, खेतबारीमा उत्पादित झारपातहरू, मानिस तथा जनावर ओहोरदोहोर गर्दा निस्कने कसिङ्गर, हुरी बतासले ल्याएका धुलो, पातपतिङ्गर आदि ठोस फोहरमैला हुन् भन्ने भनाइ राख्दै म आफ्ना भनाइहरू यही विश्राम गर्ने अनुमति चाहन्छु ।

**वक्ता २ : (वातावरण विज्ञ) आदरणीय यस सभाका सभाध्यक्षज्यू,**

प्रमुख अतिथि, अतिथि गण तथा सम्पूर्ण उपस्थित महानुभावहरू,

आजको यस कार्यक्रममा वक्ताको रुपमा आमन्त्रण गरी आफ्ना विचारहरू राख्ने अवसर प्रदान गर्नुभएकोमा आयोजक विद्यालय परिवारप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । पूर्व वक्ता मित्रले फोहरमैलाको बारेमा प्रष्ट पारी सक्नुभएको छ । अब म घरायसी फोहरमैला व्यवस्थापन गर्ने विधिहरूको बारेमा आफ्नो विचार राख्न गइरहेको छु । **"घर,टोल सफा भए मन सफा हुन्छ। फोहर व्यवस्थापन भए रोग पनि व्यवस्थापन हुन्छ।"**

फोहरमैलालाई जैविक र अजैविक गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । जैविक फोहरमैला भन्नाले कुहिने फोहरलाई जनाउँछ । जैविक फोहरमा बिरुवाका पात, पतिङ्गर, झार, तरकारीका बोट, पात, जरा, बोक्रा घरबाट निस्कने कसिँगर, फलफूलका बोक्रा, मुठा पारेका परालका त्यान्द्रा, खेर गएका खानेकुरा, खसी, कुखुराका भुत्ला, लादी, अण्डाका बोक्रा, आदि जुन पुरै कुहिएर माटोमा मिल्छ । अजैविक फोहरमैला भन्नाले नकुहिने फोहरलाई जनाउँछ । अजैविक फोहरमा जलेका चिम, प्लास्टिकका बोतल, औषधीका सिसी, प्लास्टिकका थैला, ब्लेड, फलामका टुक्रा, सिसाका गिलास आदि पर्दछन् । कुहिने फोहरमैला व्यवस्थापनका लागि अबलम्वन गर्न सकिने तरिकाहरूमा कम्पोस्ट मल बनाउनु सकिन्छ । सो अन्तर्गत (१) बिन कम्पोस्टिङ (२) पिट कम्पोस्टिङ (३) गड्यौला मल विधि रहेका छन् ।

### १. बिन कम्पोस्टिङ (भाँडामा मल बनाउने) विधि

घर र भान्साबाट निस्कने फोहर, फलफूलका बोक्रा, परालका त्यान्द्रा, खेर गएका खानेकुरा, खरानी, झारपात आदि कुहाएर मल बनाउनु सकिन्छ । यस्ता वस्तुहरू कुहाएर मल बनाउँदा प्रयोग गरिने प्लास्टिकको भाँडोलाई कम्पोस्ट बिन भनिन्छ । कम्पोस्ट बिनको माथिल्लो ठूलो भागलाई मल बन्ने कक्ष र तल्लो भागलाई मल सङ्कलन गर्ने कक्ष भनिन्छ । घरबाट निस्किएको फोहर दिनदिनै कम्पोस्ट बिनमा राख्दै जानुपर्दछ । यो बिन भान्साभन्दा अलि टाढा राख्नुपर्दछ । त्यसपछि त्यो भाँडामा राखिएका कुहिने वस्तुहरूलाई ४५ दिन पछि मलको रुपमा तल्लो मल सङ्कलन गर्ने भागमा जम्मा हुन जान्छ । त्यसरी जम्मा भएको मललाई आवश्यकतानुसार झिकेर बोटबिरुवाहरूमा राख्न सकिन्छ ।



## २. पिट कम्पोस्टिङ (खाडल र थुप्रो बनाएर मल बनाउने) विधि :

बोट बिरुवा र पशुपन्छीबाट प्राप्त हुने गोबर, मुत्र, छ्वाली, पराल, पात पतिङ्गर, झारपात, खरानी चुन आदि नियमित रुपमा राखी पत्र पत्र बनाई ओल्टाई पल्टाई गरी कुहाएर तयार पारिएको मललाई पिट कम्पोस्टिङ मल भनिन्छ । कम्पोस्ट मललाई पनि दुई प्रकारले बनाउने सकिन्छ ।

क. **खाडल बनाएर मल बनाउने विधि :** पानी कम हुने ठाउँमा आवश्यकतानुसार खाडल खनेर उक्त खाडलमा भान्सा र घरबाट निस्कने जैविक फोहर, गाईभैंसीको गोबर, मुत्र, सोतर, झारपात आदिलाई बेला बेलामा चुन, माटो, पानी हालेर कुहाएर राख्नु पर्दछ । खाडल भरिएको एक महिनापछि त्यसलाई पल्टाएर पुनः अर्को महिनामा पल्टाउनु पर्दछ र कालो हुने गरी कुहाएर पाक्ने गरी व्यवस्थापन गर्नु पर्दछ । अन्तमा आवश्यकतानुसार अन्नबाली र फलफूलमा प्रयोग गर्न सकिन्छ ।



ख. **थुप्रो बनाएर मल बनाउने विधि :** वर्षायाम अर्थात पानी पर्ने समयमा पानी जम्न गई मलको झोल बग्ने समयमा कम्पोस्ट मल बनाउँदा थुप्रो बनाएर बनाउनु सकिन्छ । यसरी मल बनाउँदा जमिन माथि घर र भान्साबाट निस्किएका फोहर वस्तु, चियापत्तीको धुलो, पातपतिङ्गर, झारपात, गाई, भैंसीको गोबर, पिसाब, बड्कौंला आदि थुपार्नुपर्दछ । थुप्रो जम्मा भैसकेपछि दुर्गन्ध नआउने गरी प्लास्टिक वा त्रिपालले छोप्नुपर्दछ र बेलाबेलामा ओल्टाई पल्टाई गरेर रालगोल हुने गरी व्यवस्थापन गर्नुपर्दछ । मल तयार हुँदा कालो र कुनै पनि वस्तुको अबशेष चिन्न नसक्ने हुनुपर्दछ जसले गर्दा यस्ता वस्तुको मल माटोमा मिसिएर माटो खुकुलो बन्छ र माटोको चिस्यान कायम राख्न मद्दत गर्दछ । त्यसपछि आवश्यकतानुसार बोटबिरुवा र फलफूलहरूमा प्रयोग गर्न सकिन्छ ।

## ३. गड्यौला मल विधि

गड्यौला प्रयोग गरी तयार गरिएको कम्पोस्ट मललाई गड्यौला मल भनिन्छ । गड्यौला मल तयार गर्न आवश्यकतानुसार बिन वा पिटको तयारी गर्नुपर्दछ । गड्यौला मलका लागि गाई भैंसीको सेलाएको गोबर वा गोबरग्याँसको लेदो प्रयोग गर्नुपर्दछ । पिंधमा भिजेका घाँस, पराल, सोतर, कागजका टुक्राको ओछ्यान बनाएर त्यसमाथि गोबर, माटो, कम्पोस्ट वा काठको धुलो आदि राख्नुपर्दछ । त्यसपछि विशेष

प्रकारका गड्यौला राख्नुपर्दछ । उक्त बिन वा पिटमा दैनिक भान्साबाट निस्केका फोहर, फलफूलका बोक्रा, खेर गएका खानेकुराहरू, चियापत्तीको धुलो आदिलाई स-साना टुक्रा बनाइ भाँडामा राख्ने र भिजाएको जुटको बोराले छोप्नुपर्दछ । गड्यौलाले फोहर खाई उत्पादन गरेको मल ३-४ महिनामा सङ्कलन गरी बोटबिरुवामा आवश्यकतानुसार प्रयोग गर्न सकिन्छ ।

यसरी फोहरमैलाको व्यवस्थापन हुनुका साथै कम्पोस्ट मल तयार भई अन्नबाली, बोटबिरुवा र फलफूलका बिरुवा आदिमा प्रयोग गर्न सकिन्छ । यस्ता मलले माटोको उर्बरा शक्ति बढाउने (नियन्त्रण समेत कायम गर्न सहयोग) गर्दछ भन्ने भनाइहरू राख्दै म आफ्ना भनाइहरू यहीँ टुङ्ग्याउने अनुमति चाहन्छु । हवस् त धन्यवाद ।

**गड्यौला मल**

- यो प्राङ्गारिक मलको लागि अति उत्तम मल हो ।
- गड्यौलाले खाएको खाना ५-१० भाग मात्र शरीरमा प्रयोग हुने र बाँकी भाग निष्काशन गर्ने गर्दछ ।
- यसले निष्काशन गरेको भागलाई काष्ट भनिन्छ ।
- यसले खाएर पचाएको दिसाको रुपमा दानेदार मललाई गड्यौला मल भनिन्छ ।
- संसारमा १८०० प्रजातिका गड्यौलाहरू पाइन्छन् ।
- रातो विग्लर्स(Red Wigglers) मल बनाउँदा प्रयोग हुने गड्यौला हुन् । यो मल ४५ देखि ६० दिनमा तयार हुन्छ ।

## क्रियाकलाप

१. **तपाईंको घरमा फोहरमैला व्यवस्थापन कसरी भैरहेको छ ? घरका अग्रजहरूलाई सोध्नुहोस्, सोको अवलोकन गरी टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **विद्यालयमा जम्मा हुने जैविक फोहरबाट बिन कम्पोस्टिङ, पिट कम्पोस्टिङ र गड्यौला मल बनाउने विधिको प्रयोग गरेर कम्पोस्ट मल बनाउन् सकिन्छ भन्ने विषयमा साथीहरूबिच छलफल गरी कक्षामा विचार गोष्ठीको आयोजना गर्नुहोस् ।**

३. **गड्यौला मलका फाइदाहरू समूहमा छलफल गरी टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख्नुहोस् ।**

क. फोहरमैला भनेको के हो ?

ख. घरबाट निस्कने फोहरमैलाहरू के के हुन सक्छन् ? उल्लेख गर्नुहोस् ।

ग. बिन कम्पोस्टिङ विधिबाट मल बनाउने तरिकाको बारेमा उल्लेख गर्नुहोस् ।

घ. जैविक फोहरबाट पिट कम्पोस्टिङ विधिको प्रयोग गरी कसरी मल बनाउनु सकिन्छ ? लेख्नुहोस् ।

ङ. गड्यौला मल बनाउने तरिका उल्लेख गर्नुहोस् ।

२. **ठिक बेठिक छुट्याउनुहोस् ।**

क. फोहर जैविक र अजैविक दुई प्रकारका हुन्छन् ।

ख. कम्पोस्ट मल अजैविक फोहरबाट बनाइन्छ ।

ग. गड्यौला लगाएर बनाउने मललाई बिन कम्पोस्ट मल भनिन्छ ।

घ. कुहिने र नकुहिने फोहरलाई अलग अलग छुट्याउनु पर्दछ ।

ङ. भान्साबाट निस्कने फोहरबाट पनि कम्पोस्ट मल बनाउनु सकिन्छ ।

## परियोजना कार्य

कक्षाका सबै साथीहरू मिलेर विद्यालयमा निष्काशन हुने जैविक फोहरमैलाबाट कम्पोस्ट मल बनाउनु पिट विधिको प्रयोग अन्तर्गत उपयुक्त स्थानमा खाडल खन्नुहोस् । उक्त खाडलमा दैनिक रुपमा विद्यालयमा उत्पादन हुने कुहिने फोहरहरू जम्मा गर्नुहोस् । दुर्गन्ध नआउनका लागि बेलाबेलामा थोरै माटोले छोप्नुहोस् वा प्लास्टिकले छोप्नुहोस् । दुई तीन पटक ओल्टाई पल्टाई गरेर फोहर वस्तुको अबशेष नरहने गरी कुहिन दिनुहोस् । कम्पोस्ट मल तयार भएपछि विद्यालयको करेसाबारीमा रहेको फलफूल, बोटबिरुवामा हाल्नुहोस् । पहिले र कम्पोस्ट मल हालेपछि पाइएका फरकहरूलाई समावेश गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ७

# फोहरमैला व्यवस्थापनमा नगरपालिकाको भूमिका

हाम्रो वरिपरि रहेका माटो, हावा, पानी, प्राणी, वनस्पति आदिको सन्तुलित अवस्थालाई वातावरण भनिन्छ । हामीले देखेका यी वातावरणमा असन्तुलन आउनु भनेको वातावरण प्रदूषण हो । वातावरण प्रदूषणको मुख्य स्रोत भनेको मानव नै हो । मानवीय क्रियाकलापले नै वातावरणलाई असन्तुलित बनाउने कार्य गरीरहेका छन् । धुलिखेल नगरपालिका पनि वातावरण असन्तुलनको क्रियाकलापबाट बाहिर निस्कन सकेको छैन ।



१. **धुलिखेल नगरपालिकामा वातावरण प्रदूषणका कारणहरू**

- अन्यत्रबाट यस नगरपालिकामा भएको बसाइँ सराइ
- अरनिको राजमार्ग तथा विपी राजमार्गमा चल्ने गाडीहरूबाट निस्कने प्लास्टिक र बोतलहरू
- तीब्र रुपमा बढ्दै गरेको सहरीकरण
- घर तथा वरपरबाट उत्पादित फोहरमैला
- निर्माणाधीन सडक

## २. धुलिखेल नगरपालिकाले वडा तथा नगरपालिका क्षेत्रमा वातावरण प्रदूषण न्यूनीकरण गर्न अबलम्बन गरेका उपायहरू

- आवश्यक ऐन, नीति तथा कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गरिएको
- जनचेतनामूलक रुपमा घरदैलो कार्यक्रम सञ्चालन गरिएको
- ट्रिटमेन्ट प्लान्टमा लेदोजन्य फोहरलाई विसर्जन गरी नमुनाको रुपमा बायोग्याँस उत्पादन गरी वितरण गरिएको
- नगरबाट निस्कने फोहर पानीलाई प्रशोधन गर्ने गरिएको
- शून्य कार्वन उत्सर्जनका लागि नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गरिएको

## ३. फोहरमैला व्यवस्थापनमा नगरपालिकाको भूमिका

स्थानीय सरकारलाई फोहरमैला व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन ऐन, २०४८ र नियमावली, २०७० ले फोहरमैलाको स्रोतमा नै न्यूनीकरण गर्न, पुनः प्रयोग गर्न र प्रशोधन गर्न व्यवस्था गरेको छ । सरसफाइको सिलसिलामा जम्मा भएको फोहरमैला सङ्कलन र व्यवस्थापनको जिम्मेवारी नगरपालिकाको हुने गर्दछ। त्यसै अनुरुप धुलिखेल नगरपालिकाको पनि फोहरमैला व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । जुन यस प्रकार रहेको छ :

### क. ऐन, नियमको निर्माण र कार्यान्वयन

- धुलिखेल नगरपालिकाको दिसाजन्य लेदो व्यवस्थापन नीति, २०७७ कार्यान्वयनमा रहेको
- धुलिखेल नगरपालिकाको फोहरमैला सङ्कलन ऐन, २०७८ कार्यान्वयनमा रहेको
- धुलिखेल नगरपालिकाको वार्षिक बजेट नीति तथा कार्यक्रम, २०८१/८२ कार्यान्वयनमा रहेको

**धुलिखेल नगरपालिका क्षेत्रमा हालसम्मको फोहोरमैला व्यवस्थापनको अवस्था**

- दैनिक उत्पादन हुने फोहोरमैला = १०-१५ टन
- जैविक = ४०-५०%
- प्लास्टिक = २०-२५%
- कागज = ५-७%
- मेडिकलजन्य = ३-६%
- प्लास्टिक बोतल = ३-५%
- कार्टुन = २-४%
- सिसा = २.४%
- कपडा = १.५%
- टिन = ०.५-१.५%
- फलाम = ०.१-१%
- अन्य = ५-७%

## ख. तत्कालीन कार्यहरू

- कम्पोस्ट बिन वितरण गरिएको तथा सोको लागि तालिम सञ्चालन गरी घरमा नै मल बनाउने गरिएको
- फोहरमैला सङ्कलनलाई व्यवस्थित गर्न डष्टबिन वितरण गरिएको
- जनचेतनामूलक घरदैलो कार्यक्रम सञ्चालन गरिएको
- सार्वजनिक स्थलहरू (मठ, मन्दिर, सडक, चोक) मा फलामको बिन बनाइ प्लास्टिकका बोतल सङ्कलन गर्ने गरिएको
- मरेका जीवजन्तुहरूलाई नजिकैको डम्पिङ साइटमा रहेको सार्वजनिक स्थानमा खाल्डो खनी विसर्जन गर्ने गरिएको
- भोजभतेर तथा निर्माण सामग्रीजन्य फोहरमैलाको उचित व्यवस्थापनका लागि घरदैलो अनकल सर्भिस मार्फत फोहरमैला विसर्जन गर्ने गरिएको
- नगरप्रहरी मार्फत फोहरमैला व्यवस्थापनको अनुगमन गर्ने गरिएको

## ग. मध्यमकालीन कार्यहरू



- ट्रिटमेन्ट प्लान्टमा लेदोजन्य फोहरलाई विसर्जन गरी नमुनाको रुपमा बायोग्याँस उत्पादन गरी समुदायमा वितरण गरिएको
- बाँकी रहेका छोक्रालाई जैविक फोहर मिसाइ कम्पोस्ट मल उत्पादन गर्ने योजना रहेको
- नगरक्षेत्रमा देहायका ट्रिटमेन्ट प्लान्ट रहेका छन् :
  - वडा नं. ३ चंखुबेंसी स्थित ढल प्रशोधन केन्द्र
  - वडा नं. ४ भ्यानडोल स्थित ढल प्रशोधन केन्द्र
  - वडा नं. ५ श्रीखण्डपुर स्थित ढल प्रशोधन केन्द्र
  - वडा नं. ६ पिपलबोट स्थित ढल प्रशोधन केन्द्र

- वडा नं. ८ ठकुरीगाँउ स्थित ढल प्रशोधन केन्द्र
- धुलिखेल अस्पताल स्थित ढल प्रशोधन केन्द्र

## घ. दीर्घकालीन कार्यहरू

- प्लास्टिक ब्लक बनाउने योजना रहेको
- फोहरमैलालाई स्रोतमा नै वर्गीकरण गरी जैविक फोहरबाट बायोग्याँस, मल उत्पादन गर्ने र अजैविक फोहरलाई पुनःप्रयोग तथा नष्ट गर्ने
- फोहरमैला व्यवस्थापन गर्न भेन्चरवेस्ट टु इनर्जी प्रा.लि.सँग सम्झौता भई डिपिआर तयार भएको
- प्लास्टिकमुक्त सहर घोषणा गर्ने नीति रहेको
- धुलिखेल नगरपालिका वडा नं. ८ मा जग्गा खरिद गरी फोहर व्यवस्थापनबाट बायोग्याँस र मल उत्पादन गर्न डिपिआर तयार भएको

## ङ. फोहरमैला सङ्कलन र व्यवस्थापन गर्न अबलम्बन गरिएका प्रयासहरू

- फोहरलाई जैविक र अजैविक गरी छुट्याई बार तोकेर सङ्कलन गर्ने गरिएको
- नगरपालिकाका वडाहरूलाई तीन वर्गमा विभाजन गरी फोहरमैला सङ्कलन गर्ने गरिएको
    - पहिलो वर्गमा पूर्ण सहरी क्षेत्रका वडाहरू (वडा नं ६ र ७)
    - दोस्रो वर्गमा मध्यम सहरी क्षेत्रका वडाहरू (वडा नं. ३, ४, ५, ८ र १२)
    - तेस्रो वर्गमा ग्रामीण क्षेत्रका वडाहरू (वडा नं. १, २, ९, १० र ११)
- पूर्ण सहरी क्षेत्रका वडाको फोहर मध्ये कुहिने र नकुहिने वर्गीकरण गरी विसर्जन गर्ने गरिएको
- मध्यम सहरी क्षेत्रका वडाको फोहर मध्ये अजैविक फोहर सङ्कलन गर्ने गरिएको र कुहिने फोहर स्थानीयस्तरमै व्यवस्थापन गर्न तालिम दिने गरिएको
- ग्रामीण क्षेत्रका वडाहरूका सडक तथा मुख्य व्यवसायबाट अजैविक फोहर मात्र सङ्कलन गर्ने गरिएको र कुहिने फोहर स्थानीयस्तरमै व्यवस्थापन गर्न तालिम दिने गरिएको
- नगरपालिकाको स्थापनाकालदेखि नै जैविक फोहरलाई धुलिखेल नगरपालिका वडा नं.

८ अरनिको राजमार्ग नजिकैको सार्वजनिक स्थानमा विसर्जन गर्ने गरिएको ।

- अजैविक फोहरमध्ये प्लास्टिकजन्य, फलामजन्य तथा सिसाजन्य छुट्टयाई नेप्सेम्याक प्रा.लि.ले पुनःप्रयोग र पुनरुत्पादनका लागि अन्यत्र व्यवस्थापन गर्ने गरेको ।
- सुसूचित नागरिक पारदर्शी नगरपालिका रेडियो कार्यक्रम मार्फत हरेक दिन फोहरमैला व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गरिएको
- प्रत्येक फोहरमैला सङ्कलन गर्ने गाडीबाट फोहरमैला व्यवस्थापन सम्बन्धी सचेतनामूलक सन्देश माइकिङ गरी प्रसारण गर्ने गरेको
- विद्यार्थी मार्फत फोहरमैला व्यवस्थापनका लागि अभिभावक घर सचेतना कार्यक्रम सञ्चालन गर्ने गरिएको ।

## क्रियाकलाप

१. **धुलिखेल नगरपालिकामा दैनिक उत्पादन हुने फोहरमैला व्यवस्थापनको अवस्था बारेमा सोधखोज गरी समूहमा छलफल गरेर तालिका तयार गर्नुहोस् र कक्षामा टाँस्नुहोस् ।**

२. **धुलिखेल नगरपालिकाभित्र वातावरण प्रदूषणका कारणहरू पहिचान गरी तिनीहरूको न्यूनीकरणका उपायहरू समूहमा छलफल गरी चार्टमा लेख्नुहोस् र विद्यालयमा सबैले देख्ने ठाउँमा टाँस्नुहोस् ।**

३. **धुलिखेल नगरपालिकाले फोहरमैला व्यवस्थापनका लागि के के गर्नुपर्ला ? घरपरिवार, साथीभाइ र शिक्षकसँग सोधपुछ गरेर बुँदा टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. **उपयुक्त विकल्प छानी खाली ठाउँ भर्नुहोस् ।**

क. धुलिखेल नगरपालिकाले .................... बाट नगरको फोहर उठाउने गरेको छ । (गाडी, मेसिन, मानिस)

ख. धुलिखेल नगरपालिकाले .................... मार्फत फोहर व्यवस्थापनका लागि अभिभावक घर सचेतना कार्यक्रम सञ्चालन गरेको छ । (कर्मचारी, शिक्षक, विद्यार्थी)

ग. धुलिखेल नगरपालिकाले वडाहरूलाई .................... वर्गमा विभाजन गरी फोहरमैला सङ्कलन गर्ने गरेको छ । (दुई, तीन ,चार)

घ. धुलिखेल नगरपालिकाले ट्रिटमेन्ट प्लान्टमा लेदोजन्य फोहरलाई विसर्जन गरी नमुनाको रुपमा ..................... उत्पादन गरी समुदायमा वितरण गरेको छ । (बायोग्याँस, कम्पोस्ट मल, कम्पोस्ट बिन)

ङ. धुलिखेल नगरपालिकाको ..................... ओटा वडामा ट्रिटमेन्ट प्लान्ट सञ्चालन गरको छ । (चार, पाँच, छ)

२. **तलका प्रश्नको उत्तर लेख्नुहोस् ।**

क. वातावरण प्रदूषण भनेको के हो ?

ख. धुलिखेल नगरपालिकाले वातावरण प्रदूषणको न्यूनीकरणका लागि अबलम्बन गरेका उपायहरू उल्लेख गर्नुहोस् ।

ग. फोहरमैला व्यवस्थापनमा धुलिखेल नगरपालिकाको भूमिका उल्लेख गर्नुहोस् ।

घ. फोहरमैला व्यवस्थापन गर्न हाल धुलिखेल नगरपालिकाले अबलम्बन गरेका प्रयासहरू लेख्नुहोस् ।

ङ. धुलिखेल नगरपालिकाले फोहरमैला व्यवस्थापन गरी वातावरणीय प्रदूषण घटाई पर्यटकलाई आकर्षण गर्न थप के के गर्नुपर्ला ? तपाईंका आफ्ना गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् ।

एकाइ ५

# पेशा, व्यवसाय र आर्थिक क्रियाकलाप

यस एकाइमा विद्यार्थीहरूलाई धुलिखेल नगरपालिकाभित्रको हावापानी, यहाँ हुने र गर्न सकिने कृषि व्यवसाय आदिको बारेमा परिचित गराउनुका साथै विभिन्न कृषि व्यवसायका बारेमा जानकारी प्रदान गरिने छ । बाली बिरुवामा लाग्ने रोग तथा किराहरू र तिनीहरूको रोकथामका बारेमा समेत प्रयोगात्मक तरिकाले सिकाइ गरिने छ । यस एकाइमा विद्यार्थीहरूमा कृषि क्षेत्र प्रति सकारात्मक सोचको विकास हुने छ भन्ने लक्ष्य लिइएको छ ।








## सिकाई उपलब्धि

- ☑ स्थानीय क्षेत्रमा हुने/गर्दै आइरहेको खेतीको परिचय र महत्त्व प्रस्तुत गर्न
- ☑ फलफूल खेतीको परिचय दिई महत्त्व बताउन
- ☑ फलफूल खेतीमा सहयोग (सुन्तला, कागती, किवी खेती) गर्न
- ☑ बाली बिरुवामा लाग्ने रोग तथा किराहरूका पहिचान गर्न र नियन्त्रण गर्ने उपाय प्रस्तुत गर्न
- ☑ कृषि व्यवसायमा नगरपालिकाको सहयोग र प्रोत्साहनका कार्यक्रमहरू गर्न
- ☑ लोपोन्मुख स्थानीय पेसा व्यवसायको संरक्षण वा आधुनिकीकरणका उपाय पत्ता लगाउन

# पाठ १ हाम्रो कृषि उत्पादन

कृषिबालीलाई परम्परादेखि खेतीपाती भन्ने चलन थियो । आफ्नै वा सार्वजनिक जमिनमा बिउ/बिरुवा रोपेर त्यसबाट बिउ, अन्न, फलफूल, तरकारी, मसला आदि बाली उत्पादन गर्ने कार्यलाई कृषि उत्पादन भनिन्छ । कोदो, भटमास, आलु, सिमी, मकै, गोलभैँडा जस्ता कृषिखेती विभिन्न क्षेत्रबाट भित्रिएको भन्ने विषयमा कृषि विज्ञहरूको आलेखमा उल्लेख गरेको पाइन्छ । वर्तमान अवस्थामा अनगिन्ति नयाँ जातका बिउविजन विकासित भएका छन् । पुराना कृषिबालीहरू मध्ये केही आनुवंशिक स्रोतहरू लोप पनि भएका छन् । उदाहरणको लागि अछामे र रामविलास धानको आनुवांशिक स्रोत लोप भएको छ । जी टेन तथा च्याम्पियन जस्ता नयाँ जातका धानहरू अन्य देशबाट भित्रिएका छन् । अधिकांश नेपाली युवा युवतीहरू वैदेशिक रोजगारमा जाने कारणले गर्दा वर्तमान अवस्थामा कृषि उत्पादनमा ह्रास आएको छ ।

## क्रियाकलाप

१. **तल केही कृषिबालीका नामहरू लेखिएका छन् । धुलिखेल नगरपालिका क्षेत्रभित्र उत्पादन हुने कृषिबाली पहिचान गरेर छुट्ट छुट्टै कागजका टुक्रामा लेख्नुहोस् ।**

| | | | |
|---|---|---|---|
| मकै | काउली | प्याज | भोगटे |
| किवी | गहुँ | मास | जौ |
| आलु | केरा | कोदो | सुन्तला |
| बोडी | धान | मुसुरो | सिमी |
| मस्याङ | च्याउ | नास्पाती | रायोको साग |
| मेकाडेमिया नट | मुसुरो | फापर | बन्दा |

चार जनाको समूहमा बस्नुहोस् । ठूलो कागजमा तल दिएको जस्तै तालिका बनाउनुहोस् । टिपेका नामहरू समूहमा छलफल गरेर तलको तालिकामा मिल्ने गरी टाँसेर सूची बनाउनुहोस् । सबै समूहले पालैपालो प्रस्तुत गरेर भित्तामा टाँस्नुहोस् ।

| क.सं. | अन्नबाली | तरकारीबाली | फलफूलबाली | दलहनबाली |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

२: क. सबै विद्यार्थीहरू दुई समूहमा विभाजित हुनुहोस् । माथिको क्रियाकलाप १ को तालिकामा उल्लेख गरिएका कृषिबालीहरू मध्ये नगदेबाली र खाद्यबालीको छुट्टा छुट्टै सूची बनाउनुहोस् (तलको जस्तै तालिका बनाई राख्नुहोस्) यस बाहेक धुलिखेल नगरपालिका क्षेत्रमा खेती गरिने थप नगदे वा खाद्य बालीहरू तल्लो कोठामा लेख्नुहोस् । समूहमा छलफल गरेर भित्तामा टाँस्नुहोस् ।

नोट : विक्री गरेर तुरुन्त नगदमा परिणत गर्न सकिने बालीलाई नगदेबाली र खानको लागि खेती गरिने बालीलाई खाद्यबाली भनिन्छ ।

| नगदे बाली | खाद्य बाली |
|---|---|
| | |
| | |
| | |

ख. क्रियाकलाप २ (क) को सूचीलाई धुलिखेल नगरपालिकामा धेरै उत्पादन हुने देखि कम उत्पादन हुने खेतीबालीको क्रममा राखेर व्यक्तिगत रुपमा पुनर्लेखन गरेर प्रस्तुत गर्नुहोस् ।

३. **तल लेखिएका छ ओटा कार्यहरूको कृषिबालीसँग के साइनो जोडिएको छ ? तपाईँको अभिभावकसँग सोधेर हरेक बुँदामा छोटो अनुच्छेद लेखेर ल्याउनुहोस् । कक्षामा प्रकाशन गरेर सङ्ग्रहालय भ्रमण गर्नुहोस् र साथीहरूसँग छलफल गरेर कृषिको महत्त्व बारेमा मौलिक लेख लेख्नुहोस् ।**

- घाँस दाउराको आपूर्ति :
- मासुको आपूर्ति :
- खाद्यान्नको आपूर्ति :
- जडीबुटीको आपूर्ति :
- काठको आपूर्ति :
- दुधको आपूर्ति :

कृषि उत्पादनको दृष्टिकोणबाट धुलिखेल नगरपालिका विविधतायुक्त क्षेत्र हो । यहाँ चुरे भावरको जस्तो आँप, लिची, धान, चना र लेकको जस्तो काफल, नासपाती, कोदो, फापर आदि कृषि बालीहरू हुन्छन् । जैविक विविधतायुक्त यस नगरपालिकामा वडा नं एक र दुईमा खेतीयोग्य जमिन प्रशस्त छ । यहाँका किसानहरू मकै, धान, गहुँ जौ, तोरी कोदो आदि परम्परागत खेती गर्छन् । वडा नं ३ देखि ७ सम्मका जमिन धेरैजसो घर घडेरीले ओगटेको छ । वडा नं ८, ९ र ११ का धेरै भाग सार्वजनिक जङ्गलले ढाकेको छ । वडा नं १० र १२मा फलफूल तथा तरकारी खेती लगाएका छन् । वडा नं ३ देखि ७ सम्मका खाली जमिनहरूमा तरकारी तथा फलफूल खेती गरेका छन् । जस्तै वडा नम्बर ४ को बखुण्डोलमा टनेलमा तरकारी खेती छ । वडा नं १० शारदा बतासेमा सुन्तला खेती व्यापक छ । त्यसैगरी वडा नं. ११ को फस्कोटमा किवी खेती असाध्यै राम्रो भएको छ । वडा नं. १२ शङ्खुमा पनि सुन्तलाखेती प्रशस्त छ । धुलिखेल नगरपालिकाको १४०० मि. देखि १५०० मि. सम्मको भूभागमा धान खेती र त्योभन्दा माथिको उचाइमा मकै, तरकारी र फलफूल खेती गरिएको छ ।

## अभ्यास

१. **जोडा मिलाउनुहोस्**

| समूह (क) | समूह (ख) |
| --- | --- |
| सबै भन्दा पुरानो अन्न बाली | काउली |
| तरकारी बाली | जौ |
| शङ्खुमा फस्टाएको फलफूल बाली | बखुन्डोल |
| टनेलमा तरकारी खेती गरेको ठाउँ | मुसुरो |
| दलहन बाली | सुन्तला |

२. तलका खाद्य बालीको दायाँ तर्फको खाली कोठामा (नगदेबाली वा खाद्यबाली) मिल्ने शब्द लेख्नुहोस्

| | |
|---|---|
| मकै | |
| तोरी | |
| च्याउ | |
| कोदो | |

३. धुलिखेल नगरपालिकामा धेरै फस्टाएको खेती कुन हो ?

४. धुलिखेल नगरपालिकामा कुन कुन दलहन बालीको खेती गरिन्छ ?

५. धुलिखेल नगरपालिकामा उत्पादनहुने ५ ओटा अन्नबालीहरूको नाम लेख्नुहोस् ।

६. कृषिको चारओटा महत्त्वहरू लेख्नुहोस् ।

७. तपाईँको घर छिमेकमा भएका बुढापाकाहरूसँग सोधेर; पहिले खेती गरिएको र अहिले लोप भएको दुई–दुई ओटा अन्न, फलफूल, तरकारी र दलहनबालीहरूको नाम लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ २ फलफूल खेती

फलफूल खेती पनि कृषिबालीको एउटा रुप हो । धेरै घर परिवारले धु.न.पा.वडा नं १० शारदा बतासे गाउँमा सुन्तला खेतीलाई व्यवसायिक बनाएका छन् । वडा नं ११ मा किवी, मेकाडेमिया नट जस्ता फलफूल खेती फस्टाएको छ । अन्य वडाहरूमा पनि फलफूल खेती गरेका छन् ।

## क्रियाकलाप

१. **फलफूल खेतीको बारेमा धु.न.पा. कृषि विकास शाखाको बुलेटिन पढौः**

**फलफूलको बोटले के भन्छ ?**

- रोप्दा नै मलाई खेतको आलीमा रोपे, अरु बाली नहुने ठाउँ रोजे, मैले राम्रो बढ्ने ठाउँ नै पाइनँ । मैले जरा फैलाउने माटो नै पाइनँ ।
- लगाएपछि मलाई कहिल्यै काँटछाँट गरेनन्, पानी र मलको कुरै नगरौं म त धान, मकै, गहुँ कोदोको मलले मात्रै बाँचेको छु ।
- जेनतेन हुर्के, बढेँ, फल पनि दिएँ, आशा गरेको थिएँ, फलेपछि मेरो हेरचाह गर्लान् दुध दिने गाई जस्तै व्यवहार गर्लान् ।
- फल टिपे, बेचे, पैसा थन्क्याए तर मलाई केही दिएनन् (मलखाद, पानी, काँटछाँट गोडमेल) खै कस्तो न्याय हो कुन्नि मलाई त झन लहरे बालीको थाँक्रो पो बनाउँछन् । आज भोलि रोगी र कमजोर भएको छु । बाख्रा, भैंसी रोगी भए भेटेनरी डाक्टर बैद्य बोलाउँथे होलान्, पशु अस्पताल धाउँथे होलान् तर मलाई रोग लागेको वास्तै छैन । बरु फलफूल फल्दैन भनेर अपजस पो दिन्छन् । खै, कस्तो कृषकको बारीमा परेछु, हुर्केछु, अन्यायमा परेको छु ।
- अब मैले आन्दोलन गर्दैछु, अर्को वर्षदेखि कम फल्नेछु, तेस्रो वर्ष फल्दै फल्दिनँ र चौथो वर्ष सुकेर जान्छु । अनि हेरौं मलाई रोप्ने तर स्याहार नगर्ने कृषकको ढुकुटी कसरी भरिँदो रहेछ ?
- कमसेकम फल खाने समयमा त माया गर्लान् भनेको त लाठाले हिर्काउने, लछार पछार

पारेर घाउ नै घाउ बनाइ दिने, पात झारेर सत्यानास पार्ने, मैले खाना बनाउने पातै झारिदिए पछि अर्को वर्ष कसरी फल दिन सकिएला त खै सोचेको ?

- फलफूल बोट नै नभए कसरी हुँदो रहेछ कृषकको गाउँ रमाइलो ? अब मलाई यस्तै गर्ने हो भने कृषकलाई मबाट पाइने पोषण र आम्दानी पाउन कठिन हुनेछ, अनि क्वाप्प खाने कसरी ?

**माथिको लेख पढेर साथीसँग छलफल गर्नुहोस् र कुराकानीको सारंश लेख्नुहोस् ।**

**फलफूलका बिरुवाको हेरचाह कसरी गर्नु पर्ने रहेछ ? बुँदा टिपोट गर्नुहोस् र कक्षामा टाँस गर्नुहोस् ।**

२. **तलका तस्बिरहरू हेर्नुहोस्, कुन कुन फलफूल हो चिन्नुहोस् । धुलिखेल न.पा.को कुन गाउँ/टोलमा यसको खेती गरिएको छ ? त्यो ठाउँको हावापानी कस्तो छ ? त्यो ठाउँमा किन यो जातको फलफूल फस्टाएको होला ? तल दिइएको जस्तै तालिका बनाएर भर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**



तस्बिर १



तस्बिर २

तस्बिर ३

| तस्बिर | फलको नाम | कहाँ खेती गरिएको छ ? | कस्तो हावापानीमा हुन्छ ? | यो फलफूलको उपयोगिता के होला ? |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

३. माथिका बाहेक तपाईंलाई मनपर्ने तीन ओटा फलफूलको बोट हेरेर चित्र बनाउनेहोस् । त्यो फलफूल तपाईंलाई किन मन परेको ? त्यसको बोट फल र बिउ कस्तो हुन्छ ? लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. तलको वाक्य ठिक भए (√) र बेठिक भए (x) चिह्न लगाउनुहोस् :

क. फलफूको बिरुवा आली कान्लोमा रोप्दा जरा फैलन र बढ्न सक्दैन । ☐

ख. फलफूलमा वर्षेनी काँटछाँट गर्ने, गोडमेल गर्ने, मल र पानी दिने गर्नु पर्दछ । ☐

ग. बोटबाट फलफूल टिप्दा हाँगा भाँचेर वा लाठाले हानेर झार्नु राम्रो उपाय हो । ☐

घ. धुलिखेल नगरपालिका अन्तर्गत फस्कोटमा किवी खेती फस्टाएको छ । ☐

ङ. सुन्तला खाद्यबालीको रुपमा व्यवसायिक खेती गरिन्छ । ☐

२. तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।

क. धुलिखेल नगरपालिकामा सबैभन्दा धेरै कुन फलफूलको खेती गरेको देख्नु भएको छ ?

ख. धुलिखेल नगरपालिकामा कस्तो कस्तो हावापानी छ ?

ग. धुलिखेल नगरपालिकामा किन विविध खालको फलफूल र तरकारीहरू उत्पादन हुन्छ ?

घ. धुलिखेल नगरपालिकाको गर्मी क्षेत्र र जाडो क्षेत्रमा उत्पादन हुने ५/५ ओटा फलफूलको नाम लेख्नुहोस् ।

ङ. धुलिखेल नगरपालिकामा उत्पादन हुने १० ओटा तरकारीको नाम लेख्नुहोस् ।

## परियोजना कार्य

तपाईंको गाउँ/टोलमा फस्टाएको कुनै एउटा फलफूलको बिउ रोप्नेदेखि फल खानेबेला सम्मको अवस्थाहरू र रोग तथा उपचार समेतको एउटा प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ३

# बालीमा लाग्ने रोग किरा र नियन्त्रण

**हाम्रा कृषि विज्ञहरूले अनुसन्धान गरेर पहिचान गरेका केही रोग र त्यसका कारणहरू**

बालीबिरुवाहरूमा लाग्ने मुख्य मुख्य रोग तथा किराहरू निम्नानुसार छन् :

- **धान बाली :** धान बालीमा लाने रोगहरूमा बोट मरुवा, फैँद कुहिने, खैरो थोप्ला, पाते, फैँद डढुवा आदि छन् भने यी रोगहरू ब्याक्टेरिया, ढुसी, जुका, रोगलाग्ने जातको बिउ,सशक्त जीवाणुको उपस्थिति, रोग अनुकुलको वातावरण आदिको कारणले लाग्ने गर्दछ ।
- **मकै बाली :** मकै बालीमा लाग्ने रोगहरूमा डढुवा, पात र डाँठमा लाग्ने धब्बे, घोगा र गेडा कुहिने, डढ्ने रोग, डाँठ कुहिने, कालो पोके आदि हुन् भने यी रोगहरू विभिन्न प्रकारका ढुसीहरू, ब्याक्टेरिया, गवारो किरा, फुसिलकिरा, खुम्रेकिरा आदिबाट लाग्ने गर्दछ ।
- **गहुँ बाली :** गहुँ बालीमा लाग्ने रोगहरूमा डढुवा, खैरो सिन्दुरे, पहेँलो सिन्दुरे, कालोपोके आदि रोगहरू ढुसीको कारणबाट लाग्ने गर्दछ ।
- **तरकारी बाली :** तरकारी बालीमा लाग्ने रोगहरूमा बेर्ना कुहिने, गाँठे रोग, कालो थोप्ले, डढुवा, पात घुम्रिने, ओइलाउने आदि विभिन्न प्रकारका ढुसीहरू, अम्लीय माटो, जीवाणु, लार्भा, पुतलीहरू, फुसिलकिरा, खुम्रेकिरा, सेतो झिँगा आदिबाट लाग्ने गर्दछ ।
- **फलफूल बाली :** (क) फलफूल बालीमा लाग्ने रोगहरूमा ढुसीजन्य रोगहरू जस्तै : जरा कुहिने, बोटको फेद कुहिने, कालो ध्वाँसे, चिचिला फल झर्ने आदि (ख) ब्याक्टेरियाले गर्दा लाग्ने रोगहरू जस्तै : क्याङ्कर, ग्रिनिङ (ग) भाइरसले गर्दा लाग्ने रोगहरू जस्तैः फल झर्ने, दाना सानो हुने (घ) जुकाले गर्दा लाग्ने रोगहरू जस्तै : जरा गाँठा पार्ने र जरा कुहिने जस्ता रोगहरू, झिङ्गाहरू, पोतेरो, गवारो, लाही, पुतली आदि किराहरूले गर्दा लाग्ने गर्दछ ।

## क्रियाकलाप

१. **तालिकामा दिइएका कृषिबालीमा लाग्ने रोगहरूको स्थानीय नाम र घरेलु उपचारको बारेमा कृषकहरूलाई सोधखोज गरी लेखेर ल्याउनुहोस् र कक्षामा प्रकाशन गर्नुहोस् :**

| क्र.सं. | रोगको प्रकृति | रोगको स्थानीय नाम | घरेलु उपचार |
|---|---|---|---|
| १ | कागती/सुन्तलाको पात कालो हुने | | |
| २ | सुन्तलाको टुप्पो सुक्ने | | |
| ३ | धान, गहुँको बालामा कालो पोका हुने | | |
| ४ | अमिलो जातको फलभित्र किरा पर्ने | | |
| ५ | लाही किराले बिरुवाको कलिलो पात, फूल र फलको रस चुस्ने | | |
| ६ | मकैको बोटको गुबो लार्भाले खाइदिने | | |

कृषिबालीमा किरा, किटाणु (व्याक्टेरिया), बिषाणु (भाइरस) र ढुसी तथा परजीवीहरू बाट रोग लाग्दछ । त्यसकारण यिनै किरा, किटाणु, बिषाणु र ढुसी तथा परजीवीहरूबाट जोगाउन गरिने उपायहरूलाई रोगको नियन्त्रण भनिन्छ । रोग नियन्त्रणको लागि सकेसम्म प्राकृतिक उपाय अपनाउनु पर्दछ । जस्तै तितेपाती, निम, टिमुर, खिर्रो, तथा सुर्तीको रसमा गाइको गहुँत र पानी मिलाएर छर्नु पर्दछ । यस्तो प्राकृतिक विधिबाट मित्रजीवीहरूको वृद्धि भई शत्रुजीवीहरू नष्ट हुन्छन् । घुम्तीबालीको विधिले पनि कृषिबालीमा आवश्यक तत्त्वहरूको परिपूर्ति भई कृषिबालीमा छिट्टै रोगले आक्रमण गर्न सक्दैन । विज्ञहरूले जाँच नगरी रासायनिक विषादिको प्रयोग गर्नु हानिकारक छ । टनेल खेती वा मौसम अनुकुल खेती गरेर रोगबाट जोगाउन सकिन्छ । पारिस्थितिक प्रणालीलाई बिगार्ने काम गर्नु हुँदैन ।

२. **माथि पाठमा उल्लेख गरिएका विभिन्न बालीमा लाग्ने विविध रोगहरू र रोगको नियन्त्रण गर्न गरिएका उपायहरूको तालिका तयार गरेर कक्षामा टाँस गर्नुहोस् । (तालिकाको नमूना तल दिइएको छ:)**

**तालिकाको नमुना :**

| बालीमा लाग्ने रोगको नाम | रोगको नियन्त्रण गर्न उपाय |
|---|---|
| १. | |
| २. | |
| ३ | |

३. सङ्ग्रहालय भ्रमण गरेर सबैको तालिका अध्ययन गर्नुहोस् र मौलिक आलेख तयार गर्नुहोस् । सबैको आलेख सङ्कलन गर्नुहोस् । शिक्षकसँग सहयोग मागेर **बाली बिरुवामा लाग्ने रोग तथा नियन्त्रणका उपायहरू** नामको एउटा पुस्तक बनाउनेहोस् । कक्षामा उक्त पुस्तक विमोचन/लोकार्पणको कार्यक्रम गर्नुहोस् ।

४. हामीले देखेका र नदेखिएका किरा, किटाणु, विषाणु र परजीवीहरू हानिकारक मात्र हुँदैनन् । लाभदायक पनि हुन्छन् । कुनै कुनै जीवहरूले हाम्रो कृषिबाली नोक्सान गर्ने जीवहरूलाई खाएर वा भगाएर हामीलाई मद्दत गरिरहेको हुन्छ । त्यस्तो सजीवहरूलाई मित्रजीवी भनिन्छ । जस्तै : गाइने किरा, खपटे किरा । कुनै सजीवहरूले हाम्रो कृषिबालीको लागि अत्यावश्यक खाना (मल खाद) तयार गरिदिएर उत्पादनलाई वृद्धि गराइ दिन्छन् । जस्तै : नाइट्रो फाइङ् व्याक्टेरीया, नाइट्रोजन फिक्सिङ् व्याक्टेरिया । यी व्याक्टेरियाहरू गेडागुडी/दलहन बालीका जराको गाँठोमा बस्छन् र वायुमण्डलमा भएको नाइट्रोजन ग्यासलाई तानेर माटोमा नाइट्रेट र नाइट्राइट भन्ने यौगिक बनाउछन् । नाइट्रेट र नाइट्राइट भन्ने यौगिकले माटोको उर्बरा शक्ति बढाउदँछ । सजीवको शरीर नष्ट गर्ने व्याक्टेरियाले पनि माटोमा भएका मृत शरीरलाई माटोसँग मिलाएर माटोको उर्बराशक्ति बढाइदिन्छ, कमिला र धमिराहरूले पनि माटोलाई उर्बर बनाई दिन्छन् । कुनै सजीवहरूले परागशेचन गर्न मद्दत गरेर उत्पादन बढाइदिन्छन् जस्तै : माहुरी, भमरा, पुतली, आदि । सबै जीबहरू लाभदायक छन् ।

कृषिबालीको लागि लाभदायक र हानिकारक जीबहरूको पहिचान गर्नुहोस् । तलको जस्तै तालिका बनाउनुहोस् । बुढापाका वा किसानलाई पनि सोध्नुहोस् र तलको तालिकामा लेख्नुहोस् । कक्षामा प्रस्तुत गर्नुहोस् :

| कृषिमा लाभदायक जीवहरूको नाम | कृषिमा हानिकारक जीवहरूको नाम |
| --- | --- |
| | |

## अभ्यास

१. **मिल्दो शब्द छानेर खालीठाउँ भर्नुहोस् ।**

क. गहुँमा कालोपोके रोग ............. को कारणबाट लाग्दछ। (भाइरस, ढुसी, व्याक्टेरिया)

ख. बिरुवाको जरा गाँठा पार्ने.......... बाट हुने रोग हो । ( ढुसी, जुका, भुसिल्किरा)

ग. ........... लाई मित्रजीवी भनिन्छ । (जुका, लार्भा, माहुरी)

घ. माटोको उर्बरा शक्ति बढाउने किरा ........ हो । (कमिला, माहुरी, भमरा)

२. **मिल्ने उत्तरमा चिह्न (√) लगाउनुहोस् ।**

क. गहुँमा भाइरस, ढुसी र व्याक्टेरियाबाट कस्ता रोगहरू लाग्छन् ?

अ. खैरो सिँदुरे, पहेलो सिँदुरे र कालोपोके रोग

आ. फल र जरा कुहिने रोग

इ. पात र टुप्पो सुक्ने रोग

ई. फल र पात झर्ने रोग

ख. कृषि बालीमा के को कारणबाट रोगहरू लाग्छन् ?

अ. मानिस र जनावरको कारणबाट

आ. असिना र पानीको कारणबाट

इ. किटाणु, बिषाणु र परजीवीको कारणबाट

ई. हावा र पानीको कारणबाट

ग. किसानका लागि माहुरी, भमरा, पुतली, नाइट्रोजन फिक्सिङ् तथा नाइट्रो फाइङ व्याक्टेरियाहरू कस्ता जीव हुन् ?

अ. शत्रुजीवी आ. मित्रजीवी

इ. परजीवी ई. हानिकारक जीव

घ. नाइट्रोफाइङ् व्याक्टेरिया र नाइट्रोजन फिक्सिङ् व्याक्टेरिया कृषिबालीको कुन भागमा पाइन्छ ?

अ. गहुँको बोटमा आ. मकैको घोगामा

इ. धानको बालामा ई. दलहन बालीको जरामा

**३. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

क. दुई ओटा मित्रजीवीको नाम लेख्नुहोस् ।

ख. धान बालीमा लाग्ने कुनै चार ओटा रोगका नामहरू लेख्नुहोस् ।

ग. आलुमा कुन कुन जीवहरूले रोग ल्याउँछन् ?

घ. नाइट्रोफाइङ् व्याक्टेरिया र नाइट्रोजन फिक्सिङ् व्याक्टेरियालाई किन लाभदायक जीव भनिन्छ ?

पाठ ४

# कृषिमा नगरपालिकाको सहयोग

धुलिखेल नगरपालिका कृषिको लागि महत्त्वपूर्ण पकेट क्षेत्र हो । ५४.६२ वर्ग कि.मि.क्षेत्रफल भएको यो नगरपालिकामा १२ ओटा वडाहरू छन् । वडागत कुल जनसङ्ख्यामध्ये हरेक वडामा किसानको बाहुल्यता छ। राष्ट्रिय कृषि गणना २०७८ अनुसार यस नगरपालिकाभित्र खेतीयोग्य जग्गा १६१३.२ हेक्टर क्षेत्रफ़ल रहेको छ । जसमा ५२९१ कृषक परिवार सङ्ख्या कृषि पेसामा आबद्ध भएको पाइएको छ । धुलिखेल नगरपालिकामा गरिने विभिन्न पेसा व्यवसाय मध्ये सबैभन्दा बढी कृषि व्यवसाय नै हो । यस नगरपालिकाको मुख्य अन्नबालीमा क्रमस : मकै, धान, गहुँ, जौ, कोदो, फापर हुन् ।

तरकारी बालीमा आलु, गोलभेंडा, काँक्रो, काउली, बन्दा, रायो आदि हुन् । फलफूल बालीहरूमा मुख्यतः सुन्तला, कागती, किवी, केरा आँप जस्ता बालीहरू रहेका छन् । परम्परा देखिनै निर्वाहमुखी ढङ्गले गरिदैं आएको कृषि व्यवसायलाई व्यावसायिक कृषिको रुपमा परिवर्तन नगरिएसम्म कृषि व्यवसायको संवर्धन र आधुनिकीकरण हुन सम्भव छैन । गरिबी निवारणको महत्त्वपुर्ण आधारको रुपमा रहेको कृषि व्यवसायको महत्त्वलाई ध्यानमा राखी कृषिमा सकारात्मक परिवर्तन ल्याउन नगरपालिकाले विभिन्न प्रयास गर्दै आएको छ। नगरपालिका क्षेत्रभित्रका कृषकहरूको आवश्यकता र समस्यालाई ध्यानमा राखी कृषि कार्यक्रमलाई सहज रुपमा कृषकको पहुँचमा पुऱ्याउन नगरपालिकामा कृषि विकास शाखाको स्थापना भएको हो। कृषि विकास शाखाले नगरबासीलाई विभिन्न प्राविधिक सेवा दिँदै आएको छ।

नगरपालिकाको कृषि शाखाले सञ्चालन गर्ने कार्यक्रमलाई वडाहरू मार्फत कृषकको पहुँचमा पुऱ्याउने काम गरिन्छ। कृषि शाखाबाट प्रदान गरिने प्राविधिक सेवाको जानकारी पनि सूचना मार्फत वडाहरूमा पठाइने गरिन्छ। वडा मार्फत नै प्राथामिकताको आधारमा सिफारिस सहित कृषक तथा मागको छनौट गरी कृषि शाखामा आउँछ। आएका विवरणको आधारमा कार्यक्रम वितरण गर्ने निर्णय हुन्छ र सोही अनुरुप कार्यक्रम सञ्चालन गरिन्छ।

धुलिखेल नगरपालिकाले चारवर्षे कृषि विकास रणनीति तयार गरेको छ । कृषि विकास शाखाले सोहि रणनितिलाई अनुशरण गर्दै वडा अनुसार तोकिएका पकेट क्षेत्रहरूमा कार्यक्रम सञ्चालन हुन्छ । यसका अलावा कृषि शाखाबाट विभिन्न कृषि सामग्रीहरू, कृषि प्रविधि र यान्त्रिकरणमा

जोड दिई खेती बिस्तार गरिएको छ । यसैगरी तरकारी बाली, अन्नबाली, फलफूलबालीमा मौसम अनुसार देखिने विभिन्न रोग किरा र अन्य समस्याहरूको समाधानको लागि प्राविधिक सेवा पुऱ्याउँदै आइरहेको छ । कृषि शाखाले प्रदेश सरकारबाट अनुदानित रासायनिक मल विक्रेता सूचीमा दर्ता भएका कृषि सहकारीसँग सहकार्य गरी कृषकहरूलाई आवश्यक मल वितरण गर्दै आइरहेको छ ।

कृषिको योजनबद्ध विकासका लागि नगरस्तरीय तथ्याङ्क सङ्कलन गरिएको थियो । यसबाट नगरमा कृषिको वास्तविक अवस्था पहिचान भएको छ । सोही तथ्याङ्कको आधारमा क्रियाकलापहरू सञ्चालन गर्ने उदेश्यका साथ धुलिखेल नगरपालिका कृषि तथा पशुपन्छी दर्पण प्रकाशन गरिएको छ । साथै कृषकहरूलाई आफ्नो पहिचान दिलाउनको लागि राष्ट्रिय तथ्याङ्क प्राणालीमा आबद्ध गाराउने उद्देश्यले किसान सूचीकरण कार्यक्रम सञ्चालन भइरहेको छ । त्यसैगरी शाखाले विभिन्न समयमा कृषिमा आउने महामारी सम्बन्धी कार्यक्रम, आकस्मिक बाली संरक्षण सेवा, बाली उपचार शिविर, बगैँचा व्यवस्थापन तथा सुधारका कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ । जलवायु परिवर्तनका कारण कृषिमा हुने क्षति न्यूनीकरण सम्बन्धी कार्यक्रम अन्तर्गत माटो परीक्षण शिविर मार्फत उच्च प्रविधियुक्त संरचना निर्माण गरी तरकारी प्रबर्धन कार्यक्रम, र साना सिंचाई कार्यक्रम सञ्चालन गर्दै आएको छ । शाखाबाट कृषिसँग सम्वन्धित प्राविधिक सेवा तथा परामर्श पनि नियमित रुपमा सञ्चालन हुँदै आएको छ ।

माथि उल्लेखित कार्यक्रम सञ्चालन गर्नका निमित्त नगरमा कृषि विकास रणनीति, कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी ऐन २०७४ र जलवायु परिवर्तनका कारण कृषिमा हुने क्षति न्यूनीकरण कार्यक्रम कार्यविधि २०८१ पारित भई सोही अनुसार कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

## क्रियाकलाप

१. **तपाईंको कपीमा तलको जस्तै तालिका बनाउनेहोस् र पाठबाट पहिचान भएका कुराहरू लेख्नुहोस् :**

| क्र.स. | धुलिखेल नगरपालिकाले किसानको हितको लागि तयार गरेका नीति नियमहरू | धुलिखेल नगरपालिकाले किसानलाई प्रवाह गरेका प्राविधिक सहयोगका कार्यहरू |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

| | | |
|---|---|---|
| ६ | | |

२. **कृषि व्यवसाय र धुलिखेल नगरपालिकाको सन्दर्भ जोडेर तस्बिरको बारेमा ५/५ वाक्य लेख्नुहोस् ।**



तस्बिर १



तस्बिर २

## अभ्यास

१. **सही उत्तरमा चिह्न √ लगाउनुहोस् :**

क. धुलिखेल नगरपालिकामा खेती योग्य जग्गा कति हेक्टर छ ?

अ. ५२९१ हेक्टर आ. १६१३.२ हेक्टर

इ. १३९१.२ हेक्टर ई. १३१६.२ हेक्टर

ख. धुलिखेल नगरपालिकाले हाल कति अवधिको कृषि विकास रणनीति तयार गरेको छ ?

अ. चार वर्षे आ. पाँच वर्षे

इ. छ वर्षे ई. दश वर्षे

ग. धुलिखेल नगरपालिकाको कृषि विकास शाखाबाट कृषकले कस्तो प्रकारको सेवा पाउछन् ?

अ. प्रशासनिक सेवा आ. शैक्षिक सेवा

इ. प्राविधिक सेवा ई. स्वास्थ्य सेवा

घ. धुलिखेल नगरपालिकाले कुन ठाउँलाई सुन्तलाको लागि पकेट क्षेत्र घोषणा गरेको छ ?

अ. वखुण्डोल आ. बडालगाउँ

इ. खावा ई. शारदा बतासे

२. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

क. कृषि तथा पशुपन्क्षी दर्पण भनेको के हो ?

ख. धुलिखेल नगरपालिकाले किसान सूचीकरण कार्यक्रम किन सञ्चालन गरेको हो ?

ग. धुलिखेल नगरपालिकाले माटो परीक्षण शिविर सञ्चालन गरेर किसानको हितमा के काम गरेको देख्नु भएको छ ?

घ. धुलिखेल नगरपालिकाको कृषि शाखाले कुन कुन नीति नियममा रहेर कार्यक्रम सञ्चालन गरेको छ ?

## परियोजना कार्य :

धुलिखेल नगरपालिकाले तरकारी प्रवर्द्धन र साना किसान सिँचाइ कार्यक्रम कहाँ कहाँ सञ्चालन गरेको छ बुझ्नुहोस् र उक्त ठाउँमा गएर अवलोकन गर्नुहोस् । तपाईंको आफ्नो भाषामा प्रतिवेदन बनाएर कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ५

# लोपोन्मुख स्थानीय पेसा

जीवन यापनको लागि गरिने मुख्य कामलाई पेसा वा व्यवसाय भनिन्छ । परम्परागत केही पेसाहरू लोप भएका छन् । केही पेसाहरू लोपोन्मुख (लोप हुने क्रममा) छन् । कुनै कुनै पेसालाई आधुनिक प्रविधिले विस्थापन गरेका छन् । कुनै कुनै पेसाको सट्टामा नयाँ पेसा विकसित भएका छन् । तालिकामा लोप भएका पेसा दिइएको छ ।

| लोप भएको पेसा | अर्थ | विकसित भएको नयाँ पेसा वा प्रविधि |
|---|---|---|
| कटुवाल | सरकारी उर्दी सुनाउने पेसा | सामाजिक सञ्जाल |
| डोले | डोली बोकेर जीविका चलाउने पेसा | मोटर/कार |
| बालीघरे | वर्षभरी लुगा सिलाएबापत अन्न लिने प्रथा | टेलरिङ |
| कमारा/कमारी | घरेलु कामदारको लागि दास भएर बस्ने पेसा | ज्यालादारी कामदार |
| धाइआमा | अर्काको बच्चाको पालन पोषण गर्ने आमा समानकी भएर बस्ने पेसा (महिला) | ज्यालादारी कामदार |
| घाँसी | घाँस काटेर बेच्ने पेसा | ज्यालादारी कामदार |
| घट्वारे | घट्टमा अरुको अन्न पिसेर ज्याला लिएर जीवन निर्वाह गर्ने पेसा | पिसानी मिल |
| नाउ (नापित) | अरुको कपाल र नङ काट्ने पेसा | सैलुन |
| आठपहरिया | राजा महाराजाको अङ्ग रक्षक भएर बस्ने पेसा | बडी गार्ड |

माथिको तालिकामा उल्लेखित लोप भएका पेसा व्यवसायलाई पुनःजाग्रित गर्न वा टिकाइ राख्न आवश्यकता देखिदैन । कटुवाल, डोले, बालीघरे, कमारा/कमारी, धाइआमा, घाँसी, घटुवारे, नाउ (नापित), आठपहरिया जस्ता पेसाहरू अरुचिकर छन् । यी पेसाहरू हेपिएका, जातिवादी र उपनामजन्य व्यवसाय मानिन्छन् । यस्ता पेसालाई विकासको क्रमसँगै समाजले बेवास्ता गरी छाड्दै गएका छन् । त्यसकारण यी पेसाहरूलाई आधुनिकीकरण गर्नु आवश्यक छैन ।

**कृषि उत्पादनमा आधारित लोप हुनलागेका (लोपोन्मुख) स्थानीय पेसा/व्यवसाय**

| कृषिबाली | लोपोन्मुख व्यवसाय | लोपोन्मुख उद्योग | विस्थापन गर्ने आधुनिक उत्पादन |
|---|---|---|---|
| कोदो, फापर, गहत, घैया, जुनेलो, मस्याङ् | रोटी, मर्चा, जाँड, रक्सी उत्पादन | घरेलु उद्योग | ठूला अन्तराष्ट्रिय औद्योगिक उत्पादन |
| पराल, खोस्टा, छ्वाली | डालो, ढकी, चकटी, गुन्द्री, सुकुल उत्पादन | घरेलु उद्योग | प्लास्टिक जन्य उत्पादन |
| बाँस, वेत, निगालो | डोको, डालो, घुम, भकारी, नाम्लो, खकन उत्पादन | कुटीर उद्योग | प्लास्टिक जन्य उत्पादन |
| काठ तथा रुख (सिकर्मी/चुनारो) | ठेकी, मदानी, हलो, जुवा, दाँदे, लेर्को, झ्याल, ढोका, थाम, निदाल, दलिन, टुँडाल, मादल, खैंजडी, आरी, गरीयो दाउरा उत्पादन | कुटीर उद्योग | फर्निचर उद्योग<br>प्लास्टिक, सिमेन्ट तथा धातुका अन्तराष्ट्रिय औद्योगिक उत्पादन |
| बाबियो र केत्तुके | डोरी, दाम्लो, नाम्लो, खकन, नेती, झोलुङ्गो उत्पादन | घरेलु उद्योग | प्लास्टिक जन्य उत्पादन |

## क्रियाकलाप

१. तल दिइएको जस्तै तालिका बनाउनेहोस् । जाने बुझेका मानिससँग सोधेर तपाईंको मौलिक भाषामा विवरण लेख्नुहोस् :

| क्र.स. | लोप भएको पेसा | कसरी लोपहुन पुग्यो |
|---|---|---|
| १ | कटुवाल | |
| २ | डोले | |
| ३ | बालीघरे | |
| ४ | कमारो/कमारी | |
| ५ | धाइआमा | |
| ६ | घाँसी | |
| ७ | घटुवारे | |
| ८ | हुक्के | |
| ९ | नाउ (नापित) | |
| २ | आठपहरिया | |

२. तलको प्रतिवेदन अध्ययन गर्नुहोस् :

सञ्जीवनी मा.वि.का कक्षा शिक्षकले विद्यार्थीहरूलाई कृषिमा आधारित लोपोन्मुख व्यवसायको विवरण सङ्कलन गर्न क्षेत्र भ्रमण गराउनु भएको प्रतिवेदन :

**सञ्जिवनी मा.वि., धुलिखेल**

**कक्षा आठका विद्यार्थीहरूले तयार गरेको अनुसन्धान प्रतिवेदन २०८२**

| वडा नं | अध्ययन गरिएको गाउँ/टोल | पहिले भएको अहिले लोपहुन लागेको पेसा | अनुसन्धान गर्ने विद्यार्थीको रोल नं. |
|---|---|---|---|
| १ | देवीटार | डोको, नाम्लो, गुन्द्री, सुकुल बुन्ने | १, १३ र २५ |
| २ | रबिगाउँ | धामी, झाँक्री | २, १४ र २६ |
| ३ | बाँसघारी | पशुपालन, दलहन खेती | ३ र १५ |

| वडा नं | अध्ययन गरिएको गाउँ/टोल | पहिले भएको अहिले लोपहुन लागेको पेसा | अनुसन्धान गर्ने विद्यार्थीको रोल नं. |
|---|---|---|---|
| ४ | बखुण्डोल, KU | पशुपालन, अन्नबाली खेती | ४ र १६ |
| ५ | खड्पु | छपनीमा तेल पेल्ने, तमाखु बनाउने | ५ र १७ |
| ६ | अस्पताल क्षेत्र | पानीघट्टमा पिसानी (सुवालगाउँ) | ६ र १८ |
| ७ | पुरानो बजार | कपडा बुन्ने र छिपाउने | ७ र १९ |
| ८ | बडालगाउँ | कोलमा तेल पेल्ने | ८, २० र २७ |
| ९ | काभ्रे भञ्ज्याङ | डोको बुन्ने, | ९, २१ र २८ |
| १० | शारदा बतासे | गहुँ खेती र कपडा छिपाउने | १०, २२ र २९ |
| ११ | शङ्खु पाटीचौर | डोका, घुम, भकारी, नाम्लो बुन्ने | ११, २३ र ३० |
| १२ | पाल्लेखेत | ढिकीमा चिउरा कुट्ने | १२, २४ र ३१ |

३. **तलको जस्तै तालिका बनाउनुहोस् र माथि पढेको पाठको आधारमा प्रश्नको उत्तर लेख्नुहोस् :**

| क्र.स. | प्रश्न | उत्तर |
|---|---|---|
| १ | लोपोन्मुख घरेलु तथा कुटीर उद्योगको लागि कच्चा पदार्थहरू के के छन् ? | |
| २ | पेसा व्यवसाय लोपोन्मुख हुनुको मुख्य कारण के देख्नुभयो ? | |
| ३ | हाम्रो घरेलु तथा कुटीर उद्योगहरूले कस्ता उत्पादनसँग प्रतिस्पर्धा गरेको छ ? | |
| ४ | लोपोन्मुख व्यवसाय र उद्योग फस्टाउन के गर्नुपर्छ ? | |
| ५ | कृषिबालीलाई कसरी आधुनिकीकरण गर्न सकिन्छ ? | |

तालिकामा उल्लेखित सूचनाहरूको विश्लेषण गर्नुहोस् । लोपोन्मुख पेसा/व्यवसायलाई कसरी समाजको रोजाइमा ल्याउन सकिन्छ ? आफ्नो तर्क राखेर १० वाक्य सम्मको टिप्पणी लेखेर

कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

१. **जोडा मिलाउनुहोस्**

| समूह (क) | समूह (ख) |
| --- | --- |
| रुख तथा काठबाट चल्ने साना उद्योग | डोरी, दाम्लो |
| बाबियो र केतुकेबाट बनेको वस्तु | कमारा/कमारी |
| अरुको घरमा दास भएर बस्ने काम | कुटीर उद्योग |
| जीवन यापनको लागि अँगालेको मुख्य काम | धामी, झाँक्री |
| लोपोन्मुख पेसा व्यवसाय | पेसा व्यवसाय |

२. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

क. घटुवारेको पेसा कसरी लोप भयो ?

ख. कृषिबालीमा लाग्ने रोगको नियन्त्रणका प्राकृतिक उपायहरू के के हुन सक्छन् ?

ग. लोपोन्मुख घरेलु तथा कुटीर उद्योगहरू विस्थापन गर्न कस्ता आधुनिक उत्पादनहरू बजारमा आएका छन् ?

घ. धुलिखेल नगरपालिकाले कृषि व्यवसायमा गरेको सहयोगको बारेमा तपाईंको राय पेस गर्नुहोस् ।

ङ. लोपोन्मुख पेसा व्यवसायले समाजलाई पार्ने असरहरूको विवेचना गर्नुहोस् ।

एकाइ ६

# प्रकोप, वातावरण र हरित विद्यालय

यस एकाइ अन्तर्गत विद्यार्थीहरूलाई विपद्  जोखिम न्यूनीकरणका लागि नगरपालिकाको प्रयास, गाउँ, टोलमा विपद् जोखिम न्यूनीकरणका लागि योजना निर्माण कार्यमा विद्यार्थीहरूलाई सक्षम बनाउने लक्ष्य राखिएको  छ । विद्यालयलाई हरित विद्यालय बनाउने, जडीबुटी तथा वन्यजन्तुका बारेमा जानकारी दिने तथा इको क्लव गठन र कार्यहरूमा विद्यार्थीहरूलाई सहभागी बनाउने कार्य यस एकाइ अन्तर्गत छन् । यसैको सेरोफेरोमा रहेर सैद्धान्तिक तथा प्रयोगात्मक तरिकाबाट यसको सिकाइ सहजीकरण गरिने छ ।








## सिकाई उपलब्धि

- ☑ विपद् जोखिम न्युनीकरणका लागि नगरपालिकाले गरेका प्रयासहरू बताउन
- ☑ हरित विद्यालयको अबधारणा बताउन र हरित विद्यालय बनाउनुको लागि सहयोग गर्न
- ☑ इको क्लवको परिचय दिई यसको कार्य बताउन
- ☑ स्थानीय जडीबुटी तथा वन्यजन्तु संरक्षणमा सहयोग गर्न
- ☑ दिगो विकास लक्ष्य प्राप्तिका लागि गर्नुपर्ने कार्य उल्लेख गर्न ।

#### पाठ १ विपद् जोखिम कम गर्ने उपाय

## विपद् जोखिम न्यूनीकरण

विपद् भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पर्ने प्राकृतिक वा गैरप्राकृतिक सङ्कट सम्झनुपर्दछ । प्राकृतिक प्रकोपहरू पृथ्वीका स्वभाविक घटनाहरू हुन्, जसले प्रायः मानिसहरूको जीवन र सम्पत्तिमा ठूलो क्षति पुऱ्याउँछ । यी प्रकोपहरूको कुरा प्रायः पृथ्वीको भौगोलिक, मौसमी र पर्यावरणीय कारकहरू हुन्छन् । विपद्को कारणले हुनसक्ने जनधनको क्षतिलाई कम गर्ने उपायलाई विपद् न्यूनीकरण उपाय भनिन्छ । प्राकृतिक विपद् विभिन्न प्रकारका हुन्छ, जसमध्ये प्रमुख प्रकोपहरूलाई तल प्रस्तुत गरिएको छः

### १. भूकम्प

भूकम्प भनेको पृथ्वीको भित्री भागमा रहेका चट्टानहरू अचानक चिरिने, चिप्लिने वा आपसी स्थान परिवर्तन हुँदा उत्पन्न हुने कम्पन हो । जब भूगर्भीय प्लेटहरू आपसमा ठोक्किन्छन् वा चिप्लिन्छन्, सो क्रममा ऊर्जा उत्पादन हुन्छ र त्यो ऊर्जा तरङ्गको रूपमा पृथ्वीको सतहमार्फत फैलिन्छ । यही तरङ्ग हामीले भूकम्पको रूपमा महसुस गर्छौं । भूकम्पबाट हुने जोखिम कम गर्न भूकम्प प्रतिरोधी संरचना निर्माण गर्नुपर्छ । कमजोर भौतिक संरचना मर्मत सम्भार गरेर मात्र बस्नुपर्छ । भूकम्पबाट बच्ने तरिका पूर्व अभ्यास गराउनु पर्छ । भूकम्पको समयमा सावधानीका उपाय अपनाउनु पर्छ ।

### २. हावाहुरी र चट्याङ्

धुलिखेल, काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित एक पहाडी नगर हो, जहाँको मौसम परिवर्तनशील हुन्छ । यहाँ प्रायः बसन्त र मनसुन याममा हावा हुरीको सम्भावना देखिन्छ । विशेषगरी फागुनदेखि बैशाख महिनासम्म अपरान्हपछिको समयमा आकस्मिक बादल लाग्ने, चट्याङसहित तेज हावा चल्ने, र कहिलेकाहीं असिना पानी पर्ने घटनाहरू देखिन्छन् । यी हावा हुरीले बाली, घरगोठको छाना र बिजुली आपूर्तिमा असर पुऱ्याउन सक्छन् ।

### ३. बाढी/पहिरो

धुलिखेल नगरपालिकाभित्र विशेष गरी बाढीको तुलनामा पहिरोको जोखिम भएका ठाउँहरू रहेको

पाउन सक्दछौँ । भिरालो एवम् पाखा बारीहरूमा पहिरोले प्रत्यक्ष रुपमा असर पुऱ्याउने गरेको पाइन्छ । किसानले बारिमा हालेको मल वर्षायामको अत्यधिक वर्षाको कारण मलिलो माटोसँगै बगेर जाने र उत्पादनमा ह्रास आउने गरेको पाउन सकिन्छ । पहिरोले घरखेत बगाउने जोखिम हुन्छ । यसैगरी मानिस तथा पशु चोपायाहरूलाई समेत पहिरोले पुर्ने हुँदा यसबाट बर्षातको समयमा ठुलो धनजनको क्षति हुने सम्भावना हुन्छ ।





### ४. सुख्खा ⁄ खडेरी

सुख्खा लामो समयसम्म पानीको अभावको कारण उत्पन्न हुन्छ । जब वर्षा नहुने वा पानीका स्रोतहरू सुक्ने हुन्छन् यसले कृषिमा असर गर्छ साथै जनजीवनको लागि ठूलो संकट निम्त्याउँछ ।




### ५. डढेलो ⁄ आगोलागि

धुलिखेल नगरपालिकामा डढेलो तथा आगो लागिको प्रकोप समेत समय समयमा पर्ने गरेको देखिन्छ । विशेष गरेर सुख्खा समयमा वनजङ्गलमा डढेलो लाग्नाले त्यहाँ रहेका रुख विरुवा, जीवजनावर , चराचुरुङ्गीलाई हानी गर्दछ । वस्तिका घरगोठमा आगोलागि हुँदा धनजनको क्षती हुने गरेको छ । आगोलागि हुन नदिन सबैले होसीयारी अपनाउने गर्नुपर्दछ । आगोलागि भइहालेमा नगरपालिकामा रहेको दमकललाई तुरन्त खवर गनसएपर्दछ । प्राकृतिक प्रकोपहरू पृथ्वीका अनियन्त्रित घटनाहरू हुन्, जसको हामीले सधैं सामना गर्नुपर्ने हुन्छ । यस्ता प्रकोपहरूको जोखिमलाई न्यूनतम बनाउनु हाम्रो तयारी, चेतावनी प्रणाली र समाजिक जागरूकता अत्यन्त महत्वपूर्ण छ । यसका साथै, पर्यावरणीय संरक्षण र जलवायु परिवर्तनको नियन्त्रण पनि यी प्रकोपहरूको प्रभावलाई कम गर्नका

लागि आवश्यक छन् ।

यसरी, प्राकृतिक प्रकोपहरूको बारेमा जानकारी राखेर र त्यसको अनुकूल तयारी गरेर हामी आफ्नो र अरूसँगको सुरक्षा सुनिश्चित गर्न सक्छौं। विपद् कहिल्यै पनि पूर्व सुचना दिएर आउदैन, तसर्थ सम्भावित विपद्बाट बच्न र विपद न्यूनीकरण गर्न हामी सबैले आ-आफ्नो ठाउँबाट भूमिका खेल्नुपर्छ ।




विपद् जोखिम न्यूनीकरणको लागि धुलिखेल नगरपालिकाले निम्न कार्यहरू गरेको पाइन्छ ।

१. जनतालाई विपद्बारे जानकारी दिने र सचेत बनाउने ।

२. सम्भावित घटनाको बारेमा पूर्व तयारी गराउने ।

३. पूर्वतयारी र अभ्यास (मोक ड्रिल) सञ्चालन गर्ने

४. भूकम्प प्रतिरोधी भवन, सुरक्षित बाँध, सडक आदि निर्माण गर्ने गरेको ।

५. प्रारम्भिक चेतावनी प्रणाली विकास गरिएको

६. समुदाय स्तरमा विपद् व्यवस्थापन समिति गठन

७. स्थानीय तहमा विपद् व्यवस्थापनका लागि समिति निर्माण ।

८. वन संरक्षण र वृक्षरोपण

९. पहिरो र बाढीबाट जोगिन वन संरक्षणमा जोड दिने गरेको।

१०. सहरी क्षेत्रमा बाढीको जोखिम घटाउन ढल निकास व्यवस्थित गरिएको

११. तत्काल राहत तथा उद्दारको लागि आपतकालीन साधनहरू जस्तै एम्बुलेन्स, दमकल आदिको व्यवस्था गरिएको

१२. प्राथमिक उपचार, खानेपानी, टेन्ट,झटपट झोला आदि सजिलै उपलब्ध गराउने व्यवस्था गरिएको ।

१३. कुन क्षेत्र कस्तो विपद्को जोखिममा छ भन्ने अध्ययन गरी सोही अनुरुप योजना निर्माण गर्ने गरिएको ।

१४. विपद्को बेला सरकार र स्थानीय सरोकारवालाहरू बिच सहकार्य गर्ने परिपाटी रहेको ।

## क्रियाकलाप

१. **आगलागी हुन सक्ने सम्भावनाहरू सोधखोज गरी टिपोट गर्नुहोस् र कक्षामा छलफल गरी समाधानका उपायहरू पत्ता लगाउनुहोस् ।**

२. **विपद् व्यवस्थापनमा विद्यालय र समुदायले के कस्ता प्रयासहरू गर्न सक्दछन ? कक्षामा छलफल गरी लेख्नुहोस् ।**

## अभ्यास

१. **ठिक भए (√) चिह्न र बेठिक भए (×) चिह्न लगाउनुहोस् ।**

क. विपद् जोखिम न्यूनीकरण भनेको विपद् आउने सम्भावना पूर्ण रूपमा हटाउनु हो ।

ख. भूकम्पको बेला सुरक्षित स्थानमा बस्नु आवश्यक हुन्छ ।

ग. विपद् जोखिम न्यूनीकरणमा मात्र सरकारको भूमिका हुन्छ, नागरिकको हुँदैन ।

घ. वन फडानीले बाढी र पहिरोको सम्भावना घट्छ ।

ङ. विपद् व्यवस्थापनका लागि विद्यालयमा पनि अभ्यास गर्नु पर्छ ।

च. विपद् जोखिम न्यूनीकरणमा सचेतना कार्यक्रमको ठूलो भूमिका हुन्छ ।

२. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

क. “विपद् जोखिम न्यूनीकरण” भन्नाले के बुझिन्छ? यसका प्रमुख उपायहरू उल्लेख गर्नुहोस्।

ख. बाढी र पहिरोबाट हुने असरहरू उल्लेख गरी तिनबाट जोगिने उपायहरू लेख्नुहोस् ।

ग. विपद् आउँदा सञ्चार र सूचनाको भूमिकाबारे लेख्नुहोस् ।

घ. “विपद् जोखिम न्यूनीकरणमा विद्यार्थीको भूमिका” विषयमा एक अनुच्छेद लेख्नुहोस् ।

ङ. दुईओटा विपद्को नाम लेख्नुहोस् र तिनबाट बच्ने कुनै १ उपाय लेख्नुहोस् ।

छ. भूकम्प भनेको के हो? एक वाक्यमा लेख्नुहोस् ।

ज. बाढी पहिरो रोकथामका कुनै २ ओटा उपायहरू लेख्नुहोस् ।

झ. विपद्मा परेका व्यक्तिलाई तपाई के कसरी सहयोग गर्न सक्नुहुन्छ ?

## परियोजना कार्य

१. तपाईँको घर वा विद्यालय वरपर के-कस्ता विपद् हुन सक्छन्? सूची तयार गर्नुहोस्।

२. परिवारका जेष्ठ सदस्यहरुलाई साधेर विपद् आउँदा सुरक्षित हुने योजना बनाउनेहोस्।

# पाठ २ हरित विद्यालय



विद्यालय छ सफा, हरियो कति राम्रो,
फूलबारी मुस्कुराउँछ, विद्यालयमा हाम्रो ।

सूर्यको रश्मि, पानीको सही सदुपयोग,
हरियाली ल्याउन गर्छौं राम्रो प्रयास योग ।
हामी हौं हरित प्रेमी, विद्यालयको शान,
सफा, हरित, सुरक्षित हाम्रो पहिचान !

हामी मिली रोप्छौं रुख, हुर्काउँछौं यहाँ,
धरती आमालाई बनाउँछौं हराभरा छायाँ ।
हरित विद्यालय हाम्रो, गौरवको नाता
सफा, हरित, सुरक्षित स्कुलको गाथा ॥

हरियालीले भरिएको, रमाइलो छ स्कुल,
फूलबारी, बगैंचा अनमोल गहना झैं फूल ।
शुद्ध हावा पाइन्छ गाउँछन् चरा गीत,
पढ्न आउँदा लाग्छ यहाँ स्वर्ग सित मित ।



फोहोरमैला व्यवस्थापन वृक्षरोपण नि गर्ने
तटवन्ध निर्माण गरी वनविनाश रोक्नुपर्ने
विद्यालय हरियाली प्रवर्धन गर्दै
करेसाबारीमा बालीबिरुवा दिनानुदिन सर्दै

साथीसङ्ग मिली सब नयाँ बाटो सोचौँ
हरियाली वातावरणभित्र सुन्दर स्कुल रोजौं ।

## क्रियाकलाप

१. **तल दिइएको ढाँचामा हरित विद्यालय निर्माणका लागि कार्ययोजना तयार पार्नुहोस् ।**

**कार्य योजनाको ढाँचा**

योजनाका परिचयः

लक्ष्यः

उद्देश्यहरूः

योजनाः

| क्र.सं. | के गर्ने | कहिले गर्ने | कसरी गर्ने | कसले गर्ने | किन गर्ने |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

२. **विद्यालयमा ईको क्लव गठन गर्नुहोस् र विषय शिक्षकको सहायता लिई कम्पाउन्डभित्र हरियाली बाल बगैँचा निर्माण गर्नुहोस् । चार समूहमा विभाजन हुनुहोस् र विद्यालयमा बाल बगैँचा निर्माण गर्दा के कस्ता फाइदाहरू महशुस गर्नु भयो समूहमा छलफल गरी चार्ट पेपरमा तस्बिर सहित प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

१. **ठिक बेठिक छुट्याउनुहोस् ।**

क. विद्यालय वरपर र हाताभित्र बोटबिरुवा लगाउनु पर्दछ । ☐

ख. विद्यालयको बगैँचाको रेखदेख गर्ने जिम्मा विद्यालय कर्मचारीको मात्र हो । ☐

ग. विद्यालयमा विद्यार्थीबाट बनाइएको बगैँचा नै बालबगैँचा हो । ☐

घ. विद्यालयमा बोटबिरुवा रोप्ने र हुर्काउने दायित्त्व अभिभावकको हो । ☐

ङ. हरियाली विद्यालय भयो भने वातावरण सफा र स्वच्छ हुन्छ । ☐

२. **तलका प्रश्नहरूको उतर लेख्नुहोस् ।**

क. बाल बगैँचा भनेको के हो?

ख. विद्यालयको फूलबारी कस्तो देखिन्छ?

ग. हरियाली प्रवर्धन गर्न विद्यालयमा के कस्ता क्रियाकलाप गर्न सकिन्छ?

घ. वन विनाश रोक्नका लागि के के गर्न सकिन्छ?

च. वातावरण संरक्षणको लागि कुन कुन प्रयासहरू गर्न सकिन्छ कविताका आधारमा यस्ता प्रयासहरूको महत्त्वबारे आफ्नो विचार पनि प्रस्तुत गर्नुहोस् ।

## परियोजना कार्य

विद्यालयमा करेसाबारी निर्माण गरी आ-आफ्नो घरबाट विभिन्न किसिमका फूल तथा तरकारीको बिरुवाहरू ल्यएर रोप्नुहोस् । आ-आफूले रोपेको बिरुवाको रेखदेख गर्ने जिम्मा समेत आफैले गर्नुहोस् । आफूले गरेको कामको विवरण टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ३ जडीबुटी तथा वन्यजन्तु

धुलिखेल काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित प्राकृतिक रूपमा समृद्ध नगरपालिका हो । यहाँको भौगोलिक विविधता, हरियाली जङ्गलहरू, र समशीतोष्ण जलवायुका कारण यस क्षेत्रमा विभिन्न प्रकारका जडीबुटी तथा वन्यजन्तुहरू पाइन्छन् । यी जडीबुटी र वन्यजन्तुहरू जैविक विविधताको महत्त्वपूर्ण हिस्सा हुन् यिनले स्थानीय जीवनशैली, संस्कार, औषधोपचार तथा आर्थिक गतिविधिमा गहिरो प्रभाव पार्ने गर्दछन् ।

## १. जडीबुटीहरू

धुलिखेल क्षेत्रमा पाइने जडीबुटीहरू औषधीय र सांस्कृतिक दृष्टिकोणले अति महत्त्वपूर्ण छन् । यहाँ पाइने केही प्रमुख जडीबुटीहरू यसप्रकार छन् ।

- **तुलसी**: ज्वरो, रुघाखोकी र रोग प्रतिरोधात्मक क्षमता बढाउन प्रयोग गरिन्छ ।
- **अलैंची**: पाचन क्रिया सुधार गर्ने र स्वाद वृद्धिमा प्रयोग हुने ।
- **गुर्जो** : रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न र ज्वरो घटाउन सहयोगी ।
- **बोजो** : स्वर बस्दा वा घाँटी दुखेको कम गर्दछ ।
- **निम** : शरीरको दुखाइ कम गर्न काम गर्दछ ।
- **हर्रो, बर्रो, अमला** : यसलाई त्रिफला पनि भनिन्छ । यसले रुघाखोकी ठिक हुने, चिसोबाट बचाउने पाचन सम्वन्धी समस्या समाधान गर्ने लगायत अन्य धेरै रोगको निवारणमा सहयोग गर्छ ।
- **बयर, पिठौली, पानी अमला**: बहु उपयोगी जडीबुटी ।

माथि उल्लेख गरिएका बाहेक खनायो, घ्यूकुमारी, रुदिलो, तितेपाती, वनमारा, भलायो, कुरिलो, चिराइतो आदि जडीबुटीहरू परम्परागत आयुर्वेदिक चिकित्सा प्रणालीमा बुउपयोगी र लाभकारी जडीबुटी धुलिखेल नगरपालिकाको विभिन्न स्थानमा पाइन्छ ।

## २. वन्यजन्तुहरू

धुलिखेलको वन क्षेत्रमा विभिन्न प्रकारका वन्यजन्तु पाइन्छन्, जसले प्राकृतिक पारिस्थितिक चक्रलाई सन्तुलनमा राख्न मद्दत गर्छ । यहाँ पाइने प्रमुख वन्यजन्तुहरू निम्नानुसार छन् ।

- **मृग :** जङ्गलको प्राकृतिक सौन्दर्य र जैविक सन्तुलनका लागि महत्त्वपूर्ण रहेको छ ।
- स्याल: एक प्रकारको वन्यजन्तु हो जुन कुकुर प्रजातिमा पर्छ । स्यालहरू साना देखि मध्यम आकारका मांसहारी जनावर हुन् । धुलिखेल नगरपालिकाभित्रका जङ्गलहरूमा यस प्रजातिको जनावरहरू पाउन सकिन्छ ।
- **बँदेल :** जङ्गलमा सामान्य रूपमा पाइने र माटो खन्ने प्रजाति ।
- **चराचुरुङगीहरू :** तीत्रा, ढुकुर, लामपुच्छे,कालिज, भँगेरो, काठफोरुवा, काग, सारौं, लाटोकोसेरो, गौंथली, चिल, चमेरो जस्ता चरा यस नगरपालिकमा पाइन्छन् ।
- **सर्प र कीटपतङ्गहरू:** विभिन्न किसिमका विषालु र अविषालु सर्प तथा वन्य किटपतङ्गहरू पनि यस नगरपालिकामा रहेका छन् ।

## संरक्षणका उपायहरू

प्राकृतिक स्रोतहरूको अति प्रयोग, सहरीकरण र वातावरणीय प्रदूषणका कारण धुलिखेलको जैविक सम्पदा जोखिममा परेको छ । तसर्थ जडीबुटी र वन्यजन्तुहरूको संरक्षणका लागि निम्न कदमहरू आवश्यक छन् :

- सामुदायिक वन संरक्षण र स्थानीय सहभागिता ।
- औषधीय वनस्पतिहरूको व्यवस्थित खेती र व्यावसायिक उपयोग ।
- सचेतना कार्यक्रमहरू मार्फत जनताको सहभागिता अभिवृद्धि ।
- अवैध शिकारी र वन फडानी रोक्ने कडा कानुनी व्यवस्था ।

धुलिखेल नगरपालिका केवल सांस्कृतिक र शैक्षिक दृष्टिले मात्र नभई जैविक सम्पदाका दृष्टिले पनि धनी क्षेत्र हो । यहाँ पाइने जडीबुटी र वन्यजन्तुहरू हाम्रो पर्यावरणीय सन्तुलनको मेरुदण्ड हुन् । तसर्थ, तिनको संरक्षण र सदुपयोग हामी सबैको साझा जिम्मेवारी हो । नेपाल प्राकृतिक सम्पदाले भरिपूर्ण देश हो । यहाँका जङ्गलमा अनेक प्रकारका वनस्पति पाइन्छन्। तीमध्ये धेरै वनस्पतिहरू जडीबुटीका रूपमा प्रयोग गरिन्छन् । जडीबुटीहरू प्राकृतिक औषधि हुन् जसले विभिन्न रोगको

उपचारमा सहयोग पुर्‍याउँछन् ।

नेपालमा पाइने केही महत्वपूर्ण जडीबुटीहरू यार्सागुम्बा, जटामसी, बोक्रा, सतुवा, चिराइतो, टिमुर आदि हुन् । यार्सागुम्बा उच्च हिमाली भेगमा पाइन्छ र यो थकान हटाउन तथा शक्ति बढाउन प्रयोग गरिन्छ । चिराइतो ज्वरो घटाउनका लागि प्रसिद्ध छ भने जटामसी मस्तिष्कको क्षमता बढाउन प्रयोग गरिन्छ ।

जडीबुटीहरू केवल औषधि मात्र नभई हाम्रो अर्थतन्त्रको पनि आधार हुन् । धेरै नेपालीले जडीबुटी सङ्कलन गरेर आफ्नो जीविकोपार्जन गरिरहेका छन् । विदेशी मुलुकमा समेत नेपाली जडीबुटीको ठूलो माग छ । त्यसैले, हामीले जडीबुटीको संरक्षण गर्नुपर्ने आवश्यकता छ । हाम्रा जङ्गलहरू जोगाउन, जडीबुटीको वैज्ञानिक रूपमा खेती गर्न र यसको उचित प्रयोग गर्न हामी सबैले जिम्मेवारीपूर्वक काम गर्नुपर्छ । जडीबुटी हाम्रो सम्पत्ती हो, यसलाई नष्ट हुनबाट जोगाउनु हाम्रो कर्तव्य हो ।

## अभ्यास

१. **खाली ठाउँ भर्नुहोस् ।**

क. धुलिखेल नगरपालिका काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित एक ........... क्षेत्र हो ।

ख. यहाँ पाइने जडीबुटीहरू औषधीय र ............... दृष्टिकोणले अति महत्त्वपूर्ण छन् ।

ग. धुलिखेल क्षेत्रमा पाइने प्रमुख जडीबुटीहरूमा तुलसी, अलैची, गुर्जो र ............... छन् ।

घ. जडीबुटीहरूको प्रयोगले परम्परागत आयुर्वेदिक प्रणालीमा मुख्य रूपमा रोगको ............... मा मद्दत गर्दछ ।

ङ. धुलिखेलको वन क्षेत्रमा पाइने प्रमुख वन्यजन्तुहरू मध्ये मृग, स्याल, बदेल र ............... हुन् ।

२. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

क. धुलिखेल नगरपालिका प्राकृतिक रूपमा किन समृद्ध मानिन्छ ?

ख. धुलिखेल क्षेत्रमा पाइने तीनओटा औषधीय जडीबुटीहरूको नाम लेख्नुहोस् ।

ग. गुर्जो र तुलसीको औषधीय प्रयोग उल्लेख गर्नुहोस् ।

घ. धुलिखेलमा पाइने प्रमुख दश ओटा चराहरूका नाम लेख्नुहोस् ।

ङ. वन्यजन्तुको संरक्षण किन आवश्यक छ ?

च. जैविक विविधताको संरक्षणमा सामुदायिक वनको भूमिका के हो ?

छ. अवैध शिकारी र वन फडानी रोक्न के-कस्ता उपाय अपनाउनु पर्छ ?

ज. धुलिखेलमा पाइने प्रमुख जडीबुटीहरू उल्लेख गरी तिनीहरूको उपयोगको व्याख्या गर्नुहोस् ।

झ. धुलिखेलको वन क्षेत्रमा पाइने प्रमुख वन्यजन्तुहरूको वारेमा वर्णन गर्नुहोस् ।

## सामुदायिक कार्य

१. **आफ्नो गाउँ वा टोल वरिपरि पाइने जडीबुटीहरूको पहिचान गर्नुहोस् र कम्तीमा ५ ओटा जडीबुटीहरूको बारेमा तल दिइएका ढाँचामा लेख्नुहोस् ।**

क. नाम :

ख. पाइने स्थान :

ग. औषधीय प्रयोग :

२. **स्थानीय बुढापाकासँग अन्तर्वार्ता लिएर जडीबुटी वा वन्यजन्तुको उपयोग, संरक्षणबारे उनीहरूको ज्ञान र सिप बारे जानकारी लिनुहोस् । आफूले सिकेको कुरा कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ ४

# दिगो विकास




## परिचय

प्राकृतिक स्रोतसाधनको सीमित प्रयोग गरी भावी पुस्ताले समेत विकासका लाभ लिनसक्ने किमिमबाट गरिएको विकास नै दिगो विकास हो । यस्तो विकासले वातावरण, समाज र आर्थिक पक्षलाई सन्तुलनमा राखेर अगाडि बढाउँछ । नेपालका विभिन्न नगरहरू दिगो विकासको मार्गमा अग्रसर भइरहेका छन्, तीमध्ये धुलिखेल पनि एक महत्वपूर्ण नगर हो ।

धुलिखेल काभ्रेपलाञ्चोक जिल्लाको सदरमुकाम हो । यो नगर ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक रूपमा निकै महत्त्वपूर्ण छ । काठमाडौँबाट करिब ३० किलोमिटर पूर्वमा अवस्थित यो सहर पर्यटकीय सहर हो । शिक्षा र स्वास्थ्य सेवाका लागि धुलिखेल प्रसिद्ध छ । काठमाडौं विश्वविद्यालय अन्तर्गतको धुलिखेल अस्पतालले पनि यस नगरलाई अझ चिनाएको छ ।

## धुलिखेलमा दिगो विकासका पक्षहरू

### वातावरणीय संरक्षण

धुलिखेल नगरपापलकाले वातावरणीय संरक्षणलाई प्राथमिकता दिँदै आएको छ । यहाँ प्लास्टिकको

प्रयोग घटाउन, फोहर व्यवस्थापन गर्न र हरियाली बढाउन विभिन्न अभियान सञ्चालन भएका छन् । सामुदायिक वनहरू, झरनाहरू र बोटबिरुवाको संरक्षणले नगरलाई स्वच्छ र हराभरा राखेको छ ।

### १. सुरक्षित खानेपानी र सरसफाइ

धुलिखेलको खानेपानी व्यवस्था नेपालमै नमुना मानिन्छ । यहाँको खानेपानी प्रणाली सामुदायिक सहभागितामा आधारित छ र प्राकृतिक स्रोतको संरक्षणमा आधारित छ। यो प्रणालीले शुद्ध पानीको नियमित आपूर्ति सुनिश्चित गरेको छ। एक घर एक धारा कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्रका अधिकांश नागरिकहरू लाभान्वित छन् ।

### २. शिक्षा र स्वास्थ्य

धुलिखेलमा रहेको काठमाडौ विश्वविद्यालय र धुलिखेल अस्पतालले शिक्षा र स्वास्थ्यको क्षेत्रमा दिगो विकासको नमुना प्रस्तुत गरेका छन् । यसले स्थानीय तथा बाह्य विद्यार्थी र बिरामीहरूलाई गुणस्तरीय सेवा दिएको छ ।

### ३. स्थानीय पर्यटन प्रवर्द्धन

धुलिखेलका पुराना मठमन्दिर, संस्कृतिक पर्वहरू, र पर्यावरणीय स्थलहरूले पर्यटनको विकासमा मद्दत गरेका छन् । पर्यटनले स्थानीय उत्पादन, हस्तकला र आतिथ्य सेवाको माग बढाउँछ, जसले आर्थिक विकासलाई पनि सहयोग पुऱ्याउँछ ।

## दिगो विकासमा समुदायको भूमिका

धुलिखेलको दिगो विकासमा यहाँका बासिन्दा, स्थानीय निकाय, विद्यालयहरू, स्वास्थ्य संस्था र पर्यटन व्यवसायहीरूको ठूलो भूमिका छ । सामूहिक निर्णय, जनचेतना र साझा उत्तरदायित्वको भावना विकासमा टेवा पुऱ्याउँछ ।

## चुनौती र सम्भावनाहरू

धुलिखेलले धैरै क्षेत्रमा प्रगति गरे तापनि, जनसङ्ख्या वृद्धिले वातावरणीय दबाब बढाएको छ । सहरीकरण, प्लास्टिकको अत्यधिक प्रयोग, अतिक्रमण र जलवायु परिवर्तनजस्ता समस्याहरू चुनौतीका रूपमा देखिएका छन् । तर, यहाँको शिक्षित जनशक्ति, सक्रिय नगरपालिका र नागरिक सचेतनाले यी चुनौतीहरू सामना गर्न सक्ने सम्भावना पनि प्रशस्त छ ।

यहाँ स्थानीय तहले दिगो विकास लक्ष्य प्राप्तिका लागि गर्नुपर्ने प्रमुख कार्य र प्रयासहरू निम्नानुसार रहेको छः

१. **नीति तथा योजना तर्जुमा र समन्वयः**

- SDGs सँग मेल खाने राष्ट्रिय नीति, योजना तथा कार्यक्रमहरू बनाउनु (जस्तैः १५औँ योजना, प्रदेश नीति)
- सङ्घ, प्रदेश र स्थानीय सरकारबीच कार्यको स्पष्ट बाँडफाँड र समन्वय आवश्यक छ ।

२. **शिक्षा र जनचेतना अभिवृद्धिः**

- दिगो विकासका विषयमा विद्यालय र उच्च शिक्षामा पाठ्यक्रम समावेश गर्नु ।
- स्थानीय तह र समुदाय स्तरमा जनचेतना कार्यक्रम सञ्चालन गर्नु (स्वास्थ्य, स्वच्छता, वातावरण संरक्षण आदिमा)।

३. **आर्थिक समावेशिता र रोजगारी सिर्जनाः**

- युवालाई लक्षित गर्दै सिप विकास कार्यक्रम सञ्चालन गर्नु ।
- कृषि, पर्यटन, लघु उद्योगजस्ता क्षेत्रलाई प्रवर्द्धन गरी स्थानीय रोजगारी सिर्जना गर्नु ।

४. **स्वास्थ्य सेवा पहुँच सुधारः**

- ग्रामीण तथा दुर्गम क्षेत्रसम्म गुणस्तरीय स्वास्थ्य सेवा विस्तार गर्नु ।
- मातृ मृत्यु दर, शिशु मृत्यु दर घटाउने कार्यक्रमलाई प्राथमिकता दिनु ।

५. **समानता र समावेशिताः**

- महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, विपन्न वर्गको सशक्तीकरण र समावेश सुनिश्चित गर्नु ।
- लैंगिक हिंसा, बालविवाहजस्ता सामाजिक समस्याहरूको अन्त्यतर्फ ठोस कार्यक्रमहरू ल्याउनु ।

६. **पूर्वाधार विकास र सेवा पहुँचः**

- ग्रामीण भेगमा सडक, विजुली, इन्टरनेट, स्वच्छ खानेपानी, सिँचाइको पहुँच विस्तार गर्नु ।
- स्मार्ट तथा हरित पूर्वाधार निर्माणमा लगानी बढाउनु ।

७. **जलवायु तथा वातावरण संरक्षणः**

- वनजङ्गल संरक्षण, जल स्रोतको व्यवस्थापन, पहिरो तथा बाढी नियन्त्रणमा लगानी गर्नु ।
- जलवायु परिवर्तनसँग जुध्न अनुकूलन तथा न्यूनीकरण रणनीति अपनाउनु ।

**८. स्थानीय सरकारको क्षमता विकास:**

- स्थानीय तहलाई SDGs को लक्ष्य अनुसार योजना बनाउनु तालिम र स्रोतसाधन उपलब्ध गराउनु ।
- अनुगमन, मूल्याङ्कन र पारदर्शिता कायम राख्ने प्रविधिको प्रयोग गर्नु ।

**९. साझेदारी र लगानी:**

- निजी क्षेत्र, विकास साझेदार, गैरसरकारी संस्था र समुदायसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्नु ।
- हरित लगानी (वातावरणको संरक्षण र जलवायु परिवर्तनको असरलाई न्युनीकरण गर्न गरिने लगानी नै हरित लगानी हो) ।
- नवप्रवर्तन र दिगो प्रविधिमा निजी क्षेत्रलाई प्रोत्साहित गर्नु ।

हाम्रो धुलिखेल नगरपालिकाले पनि सन् २०३० सम्म १७ ओटा SDGs प्राप्त गर्न विभिन्न सूचकहरू तय गरिसकेको छ, तर चुनौतीहरू पनि छन् । जस्तै: बजेटको अभाव, स्रोत व्यवस्थापन, कार्यान्वयनमा कमजोरी, तथ्याङ्क अभाव, र राजनीतिक अस्थिरता ।

स्थानीय तह (जस्तै: गाउँपालिका, नगरपालिका) ले दिगो विकासका लागि महत्त्वपूर्ण भूमिका खेल्दछ, किनभने स्थानीय स्तरमै धेरै विकास कार्यको योजना, कार्यान्वयन र निगरानी हुन्छ । दिगो विकास सुनिश्चित गर्न स्थानीय तहले निम्न कार्यहरू गर्नुपर्छ ।

**स्थानीय तहले दिगो विकासका लागि गर्नुपर्ने प्रमुख कार्यहरू:**

- पर्यावरण संरक्षण
- हरियाली विस्तार (रुख रोप्ने, सामुदायिक वन संरक्षण)
- फोहोरमैला व्यवस्थापन (पुन:प्रयोग, पुन:उपयोग, कम्पोस्ट उत्पादन)
- जलस्रोत संरक्षण (पानीका मुहान, पोखरी, नदी संरक्षण)
- सामाजिक समावेशिता प्रवर्द्धन
- महिला, बालबालीका, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक समुदायको सहभागिता सुनिश्चित गर्ने
- सबैका लागि शिक्षा र स्वास्थ्य सेवाको पहुँच बनाउने
- बालविवाह, घरेलु हिंसा, छुवाछुत जस्ता सामाजिक कुरीतिहरू अन्त्य गर्ने

- आर्थिक विकास र रोजगारी सृजना
- स्थानीय उद्योग, हस्तकला, कृषि तथा पर्यटन प्रवर्द्धन
- युवालाई स्वरोजगारमूलक तालिम र सीप प्रदान गर्ने
- सहकारी संस्था र उद्यमशीलताको विकास
- पूर्वाधार विकासमा सन्तुलन
- सडक, बिजुली, खानेपानी, सञ्चार सुविधाको दिगो विस्तार
- निर्माण कार्यमा वातावरणमैत्री प्रविधिको प्रयोग (जैविक शौचालय, सौर्य ऊर्जा आदि)
- जलवायु परिवर्तन न्यूनीकरण तथा जोखिम व्यवस्थापन
- विपद् जोखिम न्यूनीकरण योजना बनाउने (बाढी, पहिरो आदि)
- जलवायु अनुकूलन परियोजनाहरू संचालन गर्ने
- स्थानीय जनसहभागिता र पारदर्शिता
- विकास योजनामा नागरिकको राय लिने र सहभागी गराउने
- बजेट तथा योजनाको सार्वजनिक सुनुवाइ गर्ने
- स्थानीय स्रोतको संरक्षण र सदुपयोग
- जमिन, पानी, वनजस्ता स्रोतको न्यायोचित प्रयोग
- गाउँको संस्कृति र परम्परागत ज्ञानको संरक्षण आदि ।

दिगो विकास यस्तो समग्र विकास प्रक्रिया हो, जसले वर्तमान पुस्ताको आवश्यकता पूर्ति गर्दा भविष्यका पुस्ताको हक र आवश्यकता सुरक्षित राख्दछ । यसले आर्थिक, सामाजिक र वातावरणीय पक्षहरूबीच सन्तुलन कायम गरेर विकासलाई स्थायित्व दिन्छ । दिगो विकास प्राप्त गर्न सबै तहका सरकार, समुदाय र व्यक्तिहरूको संयुक्त प्रयास आवश्यक पर्छ, जसमा विशेष गरी स्थानीय तहको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । स्थानीय स्रोतको संरक्षण, सामाजिक समावेशिता, वातावरणमैत्री नीति र जनसहभागितामूलक योजना मार्फत मात्र दीर्घकालीन समृद्धि सम्भव हुन्छ ।

अतः दिगो विकास भनेको केवल अहिलेको प्रगति नभई, आगामी पुस्ताको सुरक्षित भविष्य सुनिश्चित गर्ने साझा जिम्मेवारी हो ।

## क्रियाकलाप

१. तपाईँ बसोबास गरिरहनु भएको गाउँ टोलमा दिगो विकासका लागि भइरहेको प्रयासहरू सङ्कलन गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

२. दिगो विकासका लागि तपाईँको नगरपालिकाबाट भइरहेको प्रयासहरू स्थानीय जनप्रतिनिधिहरूसँग सोध खोज गरी लेख्नुहोस् ।

## अभ्यास

१. खाली ठाउँ भर्नुहोस् ।

क. दिगो विकास भन्नाले ........ पुस्ताले आफ्ना आवश्यकता पूरा गर्दा ......... पुस्ताले पनि आफ्ना आवश्यकता पूरा गर्न सक्ने अवस्था सिर्जना गर्नु हो ।

ग. धुलिखेलको खानेपानी व्यवस्था ............ मानिन्छ ।

घ. एक घर एक धारा कार्यक्रम अन्तर्गत धुलिखेल नगरपालिकामा .......... नागरिकहरू लाभान्वित छन् ।

ङ. धुलिखेल नगरपालिकामा शिक्षा र स्वास्थ्यको क्षेत्रमा ........सेवा प्रदान गरिएको छ ।

च. धुलिखेल नगरपालिकाले .......... सम्म १७ ओटा SDGs प्राप्त गर्नका लागि सूचकहरू तय गरेको छ ।

२. तलका प्रश्नहरूको उतर दिनुहोस् ।

क. **SDGs** को पूर्ण रूप के हो ?

ख. दिगो विकास भन्नाले के बुझिन्छ ?

ग. दिगो विकासका तीन मुख्य पाटाहरू लेख्नुहोस्

घ. SDGs का लक्ष्य प्राप्त गर्न धुलिखेल नगरपालिकाले गर्ने कुनै दुई मुख्य प्रयासहरू उल्लेख गर्नुहोस् ।

ङ. स्थानीय तहको भूमिकालाई ध्यानमा राखी दिगो विकास सुनिश्चित गर्न सकिने उपायहरू लेख्नुहोस् ।

च. हाम्रो नगरपालिकाको सन्दर्भमा दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि देखिएका प्रमुख चुनौतीहरू र समाधानका उपायहरू वर्णन गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाई आफू बसोबास गर्दै आउनुभएको गाउँ/टोलमा दिगो विकाससँग सम्वन्धित तीन उदाहरणहरू खोज्नुहोस् (जस्तैः पानी मुहान संरक्षण, सामुदायिक वन, महिला समूहद्वारा सञ्चालित लघुउद्योग आदि) । ती अभ्यासहरू कुन दिगो विकास लक्ष्य  अन्तर्गत पर्छन् भन्ने छुट्याउनुहोस् ।

# पाठ ५ इको क्लव





इको क्लव भनेको विद्यालयमा विद्यार्थीहरूद्वारा सञ्चालित एक समूह हो जसको उद्देश्य वातावरणीय सचेतना फैलाउनु र वातावणीय समस्याहरूको समाधानमा सक्रिय भूमिका खेल्नु हो । नेपालका विद्यालयहरूमा इको क्लवहरूले विद्यार्थीहरूलाई वृक्षरोपण, सफाइ अभियान, जल र ऊर्जा संरक्षण, र प्लास्टिकको प्रयोग घटाउने जस्ता गतिविधिहरूमा संलग्न गराउँछन् । इको क्लवले विद्यार्थीमा नेतृत्व, जिम्मेवारी, र वातावरणीय चेतनाको विकास गराउँछ, जसले दीर्घकालीन रूपमा स्वस्थ र सन्तुलित समाज निर्माणमा योगदान पुऱ्याउँछ ।

## इको क्लवका उद्धेश्यहरू

१. वातावरणीय सचेतना अभिवृद्धिः विद्यालयका विद्यार्थीहरूलाई वातावरणीय समस्याहरू र तिनीहरूको समाधानका उपायहरूबारे जानकारी दिनु ।

२. सक्रिय सहभागिताः वृक्षरोपण, सफाइ अभियान, र जल र ऊर्जा संरक्षण जस्ता गतिविधिहरूमा विद्यार्थीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नु ।

३. समुदायमा परिवर्तन ल्याउनुः विद्यालयका गतिविधिहरू मार्फत समुदायमा वातावरणीय सचेतना फैलाउनु र सकारात्मक परिवर्तन ल्याउनु पर्दछ । सामुदायिक परिवर्तनका लागि शिक्षा, स्वास्थ्य, वातावरण र समानता जस्ता क्षेत्रहरूमा कार्य गर्न आवश्यक छ । स्थानीय नेतृत्व र नागरिकको सहभागिता अत्यन्त महत्वपूर्ण हुन्छ, जसले गर्दा परिवर्तन प्रक्रिया द्रुत र प्रभावकारी हुन सक्छ । प्रत्येक समुदायमा रहेको विविधता र सांस्कृतिक धरोहरलाई सम्मान गर्दै, परिवर्तनलाई सामूहिक भावना र सहयोगमा आधारित बनाउनु पर्छ ।

४. वृक्षरोपण तथा बगैँचा निर्माणः विद्यालय परिसरमा हरियाली बढाउन रूख रोप्ने, फूल तथा तरकारी बगैँचा बनाउने कार्य गर्छ ।

५. फोहर व्यवस्थापनः जैविक र अजैविक फोहर छुट्याउने, कम्पोस्ट मल बनाउने र पुनः प्रयोगको अभ्यास गराउने ।





६. जल स्रोत संरक्षणः पानीको सही प्रयोग, वर्षा पानी सङ्कलन र पानीको दुरुपयोग रोक्न चेतनामूलक कार्यक्रम गर्छ ।

७. वातावरण दिवस, वन दिवस आदि मनाउनेः विभिन्न वातावरणसम्बन्धी दिवसहरूमा कार्यक्रम आयोजना गरी विद्यार्थीलाई सक्रिय बनाउने ।

८. विद्यालयको वातावरणीय नीतिमा सहयोग गर्नेः वातावरणसँग सम्वन्धित नियम र आचारसंहिताको निर्माण तथा कार्यान्वयनमा सहकार्य गर्ने ।

९. स्थानीय तह वा संस्थासँग समन्वय गर्नेः सरोकारवाला निकायहरूसँग मिलेर वातावरणमैत्री परियोजनामा भाग लिने ।

## इको क्लबका गतिविधिहरू

- वृक्षरोपण अभियानः विद्यालय परिसर र आसपासका क्षेत्रहरूमा वृक्षरोपण गर्नु ।
- सफाइ अभियानः विद्यालय र समुदायमा सफाइ अभियानहरू सञ्चालन गर्नु ।
- जल र ऊर्जा संरक्षणः पानी र बिजुलीको प्रयोगमा बचतका उपायहरू अबलम्बन गर्नु ।
- प्लास्टिकको प्रयोग घटाउनेः प्लास्टिकको प्रयोग घटाउने र पुनः प्रयोग योग्य सामग्रीहरूको

प्रयोग बढाउने ।

- सामुदायिक सचेतना कार्यक्रमहरू: पोस्टर बनाउने, नाटक प्रस्तुत गर्ने, र रचनात्मक गतिविधिहरू मार्फत वातावरणीय शिक्षा फैलाउने ।

## इको क्लवको महत्व

इको क्लवहरूको महत्व अत्यन्तै ठूलो छ, विशेष गरी आजको युगमा जहाँ वातावरणीय संकट र प्राकृतिक स्रोतहरूको ह्रास तीव्र भइरहेको छ । इको क्लवले विद्यार्थीहरूलाई वातावरण र पृथ्वीप्रतिको जिम्मेवारीको भावना प्रदान गर्छ र उनीहरूलाई सचेत बनाउँछ । यसको निम्नलिखित महत्वहरू छन् ।

- **वातावरणीय सचेतना र शिक्षा :** इको क्लवले विद्यार्थीहरूलाई वातावरणीय समस्याबारे अवगत गराउँछ । यो क्लव विद्यार्थीलाई जलवायु परिवर्तन, प्रदूषण, वन विनाश, र जैविक विविधताको महत्त्वका बारेमा शिक्षित गर्ने एक महत्त्वपूर्ण माध्यम हो । यसले वातावरणीय सचेतनालाई विद्यालयका हरेक कक्षामा पुऱ्याउने काम गर्छ ।
- **वृक्षरोपण र हरियाली प्रवर्द्धन :** इको क्लवले विद्यालय र स्थानीय समुदायमा वृक्षरोपण कार्यक्रम आयोजना गरेर वातावरणमा हरियालीको मात्रा बढाउँछ । वृक्षरोपणले कार्बन डाइअक्साइडको अवशोषण, माटोको संरक्षण र जीवनका लागि आवश्यक अक्सिजनको आपूर्ति जस्ता महत्त्वपूर्ण कार्य गर्दछ ।
- **फोहोर व्यवस्थापन र पुनः प्रयोग :** इको क्लवले फोहरको उचित व्यवस्थापन र पुनः प्रयोगको अभ्यासमा जोड दिन्छ । यसले विद्यार्थीहरूलाई कागज, प्लास्टिक, काँचो, र धातु जस्ता सामाग्रीहरू पुनः प्रयोग र पुनः चक्रण गर्ने सिपको विकास गराउँछ । यसका कारण फोहरको मात्रा घटाउँछ र प्रदूषण कम हुन्छ ।
- **जल संरक्षण :** जल एक अनमोल स्रोत हो । यसको सही प्रयोग र संरक्षण इको क्लवका मुख्य उद्देश्यहरूमध्ये एक हो । क्लवले पानीको महत्त्व र यसको बचतका उपायहरू विद्यार्थीहरूलाई सिकाउँछ, जस्तैः वर्षाको पानी सङ्कलन र पानी बचतका उपायहरू ।
- **समाजमा वातावरणीय नेतृत्वको विकास :** इको क्लवले विद्यार्थीलाई वातावरणीय नेतृत्वको अवसर दिन्छ । यसले उनीहरूलाई वातावरणीय संरक्षणका उपायहरूको प्रचार र प्रसार गर्न मद्दत पुऱ्याउँछ । विद्यार्थीहरूले समुदायमा वातावरणीय समस्या समाधानका लागि योजनाहरू र कार्यक्रमहरू आयोजना गरेर नेतृत्त्व क्षमता बढाउँछन् ।
- **सामाजिक र सामुदायिक उत्थान :** इको क्लवले विद्यालयको वरिपरि वातावरणीय सुन्दरता

बढाउँछ र हरियाली राख्न समुदायका अन्य सदस्यहरूसँग मिलेर काम गर्छ । यसले समाजमा सकारात्मक प्रभाव पुऱ्याउँछ र वातावरणीय सन्देशलाई अझ व्यापक बनाउँछ ।

- **भविष्यका जिम्मेवार नागरिकहरूको विकास :** इको क्लबले विद्यार्थीहरूलाई जिम्मेवार, सचेत र वातावरणप्रति संवेदनशील नागरिक बनाउन मद्दत गर्छ । यसले तिनीहरूको सामाजिक र वातावरणीय चेतना बढाउँछ, जसले भविष्यमा वातावरणको संरक्षण र संरक्षणका लागि ठोस कदम चाल्ने सक्षम बनाउँछ ।
- **क्लबको गतिविधिहरूमा सहभागिता र मानसिक विकास :** इको क्लबका गतिविधिहरूमा सहभागी भई विद्यार्थीहरू आफ्नो मानसिक विकास र सिर्जनात्मक सोचको विकास गर्न सक्छन् । यसले उनीहरूको व्यक्तित्वमा सकारात्मक परिवर्तन ल्याउँछ र भविष्यमा चुनौतीहरूको सामना गर्ने क्षमता बढाउँछ ।

इको क्लबहरूले विद्यार्थीहरूलाई वातावरणीय समस्याहरूको समाधानमा सक्रिय बनाउँछन् र उनीहरूको नेतृत्व क्षमता विकास गर्छन् । यसका साथै, यी क्लबहरूले विद्यालय र समुदायमा सकारात्मक वातावरणीय परिवर्तन ल्याउन महत्त्वपूर्ण भूमिका खेल्छन् ।

## क्रियाकलाप

१. **आफ्नो विद्यालय वा समुदायमा इको क्लबको गठन गर्नुहोस् ।**

२. **तपाईंको विद्यालयमा स्थानीय सरकारबाट भएका परिवर्तनहरूको सूची बनाउनुहोस् । यस्ता परिवर्तन अझै के–के हुन सक्थे भन्ने सुझावहरू दिनुहोस् ।**

## अभ्यास

१. **ठिक उत्तरमा चिह्न(√) लगाउनुहोस् ।**

क. इको क्लबको मुख्य उद्देश्य के हो?

अ. विद्यालयको खेलकुद गतिविधिहरू सञ्चालन गर्नु

आ. वातावरणीय सचेतना फैलाउनु र संरक्षणमा भूमिका खेल्नु

इ. विद्यालयका विद्यार्थीहरूलाई पढाइमा उत्कृष्ट बनाउने

ई. विद्यालयको भौतिक संरचना सुधार गर्नु

ख. निम्नमध्ये कुन गतिविधि इको क्लबको गतिविधि होइन?

अ. वृक्षरोपण

आ. खेलकुद प्रतियोगिता आयोजना गर्नु

इ. सफाइ अभियान

ई. जल र ऊर्जा संरक्षण

ग. इको क्लवले विद्यार्थीहरूमा कुन सिपको विकास गर्न मद्दत गर्दछ

अ. नेतृत्त्व र जिम्मेवारी

आ. पठन र लेखन कौशल

इ. सङ्गीत र नृत्यकला

ई. विदेशी भाषा

## २. ठिक भए (√) चिह्न र बेठीक भए (x) चिह्न लगाउनुहोस् ।

क. इको क्लवले विद्यालय र समुदायमा वृक्षरोपण गर्न सक्दछन् ।

ख. जल संरक्षणको लागि वर्षाको पानी सङ्कलन गर्न आवश्यक छैन ।

ग. फोहोर व्यवस्थापन गर्दा जैविक र अजैविक फोहर छुट्याउनु पर्दछ ।

घ. इको क्लवको गतिविधिहरूले केवल विद्यालयभित्र मात्र काम गर्नुपर्छ ।

## ४. जोडा मिलाउनुहोस् ।

| गतिविधि | उद्देश्य/फाइदा |
|---|---|
| १. वृक्षरोपण | क. पानीको संरक्षण गर्न |
| २. प्लास्टिक प्रयोग घटाउनु | ख. वायु प्रदूषण कम गर्न |
| ३. पानी सङ्कलन | ग. माटोको संरक्षण गर्न |
| ४. सफाइ अभियान | घ. स्वस्थ वातावरण कायम गर्न |

## ३. तलका प्रश्नहरूको उतर लेख्नुहोस् ।

क. इको क्लवले गर्न सक्ने तीन ओटा मुख्य काम लेख्नुहोस् ।

ख. तपाईंको विद्यालयमा इको क्लवको गतिविधि कसरी प्रभावकारी बनाउनु सकिन्छ ? आफ्नो विचार व्यक्त गर्नुहोस् ।

ग. विद्यालयमा "इको क्लवको भूमिका" शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् ।

घ. प्लास्टिकको प्रयोग घटाउने उपायहरूको सूची बनाउनुहोस् ।

## परियोजना कार्य


१. आफ्नो घरमा वा समुदायमा वृक्षरोपण अभियान सञ्चालन गर्ने योजना तयार पार्नुहोस् र उक्त योजना अनुसार काम गरी सो को प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।


एकाइ ७

# धुलिखेल नगरपालिका

## परिचय

धुलिखेल नगरपालिका अन्तर्गत कक्षा ८ मा विद्यार्थीहरूले नगरपालिकाको राजनीतिक इतिहासको अध्ययन गरी यसको बारेमा जानकार रहने छन् । यस एकाइमा नगर व्यवस्थापिका र कार्यपालिकाको काम कर्तव्यका बारेमा अध्ययन गर्ने छन् । स्थानीय तहबाट प्रवाह हुने सेवाहरूका बारेमा अध्ययन गरी सेवा लिन सक्षम हुने छन् । स्थानीय स्तरमा न्याय सम्पादन प्रक्रिया, नगर प्रमुखको काम कर्तव्य र अधिकार र धुलिखेलको वर्तमान तथा पहिलो नगरप्रमुख र स्थानीय सङ्घ संस्थाको बारेमा पनि विद्यार्थीहरूले जानकारी पाउने छन् ।




## सिकाइ उपलब्धि

- ☑ धुलिखेल नगरपालिकाको राजनीतिक इतिहास बताउन
- ☑ स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकाको काम कर्तव्य र अधिकार उल्लेख गर्न
- ☑ स्थानीय तहमा न्याय सम्पादनका क्षेत्र र प्रक्रिया वर्णन गर्न
- ☑ धुलिखेल नगरपालिकाको प्रशासनिक सङ्गठन संरचना चार्टमा देखाउन
- ☑ नगरपालिकाको प्रमुख, उपप्रमुखको काम कर्तव्य र अधिकार बताउन
- ☑ धुलिखेल न.पा.को वर्तमान नगरप्रमुख र पहिलो नगरप्रमुखको योगदान बताउन
- ☑ सामाजिक सङ्घ संस्थाहरू र तिनका योगदान उल्लेख गर्न ।

पाठ १

# धुलिखेलको राजनीतिक इतिहास

**शिक्षक र विद्यार्थीहरूबिच भएको कुराकानी अध्ययन गरौं**

कक्षामा विद्यार्थीहरू आज मिससँग धुलिखेल नगरपालिकाको राजनीतिक विकासक्रमका बारेमा छलफल गर्ने विषयमा कुरा गरिरहेका थिए । त्यसै बेलामा शान्ति मिसको प्रवेश हुन्छ । विद्यार्थी र मिसको अभिवादन पश्चात आज पढ्ने पाठका बारेमा भन्न नपाउँदै डोल्मा प्रश्न गरिहाल्छिन् :


**डोल्मा :** मिस, आज धुलिखेल नगरपालिका कसरी भएको त्यसको बारेमा हामीलाई बताइदिनुहोस् न ।(सबैले एकै स्वरमा हो मिस भने) ।

**शान्ति मिस :** हुन्छ , हुन्छ म भन्छु, तिमीहरू सुन्दै र टिप्दै जानु है । ल सुन :

धुलिखेल सहर काठमाडौं उपत्यकाबाट ३० किलोमिटर दूरीमा रहेको प्राकृतिक सुन्दरताले भरिएको पर्यटकीय प्राचीन नगरी हो । यही पर्यटकीय नगरको नामबाट यो नगरपालिकाको नामकरण गरिएको हो । सुरुमा धुलिखेल गाउँपञ्चायतको रुपमा रहेर विकासको फड्को मार्ने प्रयास गर्दा गर्दै यहाँका बुद्धिजीवी, समाजसेवी तथा शिक्षाविद्हरूको वृहत छलफलबाट यसलाई नगरपञ्चायतमा परिणत गर्दा विकासका क्रम अझ छिटो र सरल हुने निष्कर्षका साथ यसलाई नगरपञ्चायत बनाउन छिमेकी गाउँपञ्चायतसँग छलफल अघि बढाइयो र सबैको सहमति प्राप्त पनि भयो । तत्कालीन धुलिखेल गाउँपञ्चायत, श्रीखण्डपुर गाउँपञ्चायत, बज्रयोगिनी गाउँपञ्चायतका सबै भूभाग मिलाएर धुलिखेल नगरपञ्चायत बनाउने सहमतिका साथ प्रक्रिया अगाडि बढ्यो ।

**प्रिन्सा :** त्यसपछि के भयो मिस ?

**शान्ति मिस :** म भन्दै छु । त्यसक्रममा आएका विभिन्न बाधा व्यवधानहरूलाई पन्छाउँदै यहाँका बुद्धिजीवी, समाजसेवी, राजनीतिक व्यक्तित्वहरूको अथक प्रयास पछि तत्कालीन राजा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको सुदूर पश्चिमाञ्चलको भ्रमणका क्रममा दिपायल सिलिगुढीबाट २०४३ साल फाल्गुण ५ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी धुलिखेल नगरपञ्चायतको विधिवत घोषणा भएको हो । यो नक्सा हेर त यो पहिलो पटक घोषणा हुँदाको नक्सा हो ।





नगरपञ्चायत गठनका क्रममा तत्कालीन धुलिखेल गाउँपञ्चायतको सम्पूर्ण भाग, श्रीखण्डपुर गाउँपञ्चायतको सम्पूर्ण भागे बज्रयोगिनी गाउँपञ्चायतको सम्पूर्ण भाग, काभ्रे गाउँपञ्चायतको देवीस्थान डाँडा पानीढलोको उत्तर पश्चिम पर्ने भाग र आरटिओ सडकको उत्तर पश्चिम पर्ने सुब्बागाउँ गाउँ पञ्चायतको भागसमेत समावेश गरी अन्दाजी दशहजार जनसङ्ख्या र जम्मा ९ ओटा वडाहरूमा विभक्त रहेको थियो । २०४७ को संविधान पछि भने नियमानुसार धुलिखेल नगरपालिका हुन गयो । यस नगरपालिकाका पहिलो मेयर श्री वेल प्रसाद माकजु श्रेष्ठ भएका थिए ।

**किरण :** अहिले त १२ ओटा वडा छन् होइन र मिस ?

**शान्ति मिस :** हो हो । नेपाल सरकारले नगरपालिका आसपासका गाउँ/नगरपालिका एक-आपसमा गाभेर क्षेत्र विस्तार गर्ने नीतिअनुरुप २०७२।६।१मा तत्कालीन काभ्रे नित्यचण्डेश्वरी गाउँ विकास समितिको सम्पूर्ण भागलाई समावेश गरी १३ ओटा वडा भएको धुलिखेल नगरपालिका बन्यो । २०७२ सालमा नेपालको संविधान जारी भएपछि देश सङ्घीय संरचनामा जाने क्रममा राज्य पुनःसंरचना आयोगको सिफारिसका आधारमा नेपाल सरकारले २०७३ फाल्गुण २७ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी साविकको देवीटार गाविसको १, २, ३, ६, ७, ८ र ९ वडा, रविओपी गाविसको १-५ वडा, शारदा बतासे गाविसको १, २, ५, ६, ७ र ८ वडा, शङ्खुपाटीचौर गाविसको १, २,

३, ५, ६, ७, ८ र ९ वडा र पातलेखेत गाविसको सम्पूर्ण भागलाई मिलाएर १२ ओटा वडा ५४.६२ वर्ग कि.मि. क्षेत्रफल भएको पूर्वमा नमोबुद्ध, पश्चिममा बनेपा, उत्तरमा पाँचखाल र दक्षिणमा पनौती नगरपालिका रहेको बृहत धुलिखेल नगरपालिका स्थापना भएको छ । वि.सं. २०७८ को जनगणना अनुसार यस नगरपालिकाको जनसङ्ख्या ३३,७२६ जना रहेको छ जसमा महिलाको जनसङ्ख्या १७,२६४ र पुरूषको जनसङ्ख्या १६,४६२ रहेको छ ।




**शान्ति मिस :** अब स्पष्ट भयो ? यो नगरपालिका कसरी विकास भएको रहेछ

**सबै (एकै स्वरमा) :** बुझ्यौं मिस ।

## क्रियाकलाप

१. समूहमा छलफल गरी धुलिखेल नगरपालिका हुनुपूर्व र हालको नगरपालिकाको नक्साको तुलना गरी के केमा परिवर्तन भएको रहेछ लेख्नुहोस् ।

२. नगरपालिकाको राजनीतिक विकासक्रमका बारेमा छलफल गरी लेख्नुहोस् ।

३. विगतदेखि हालसम्मको नगरपालिकाको नेतृत्वको बारेमा छलफल गरी लेख्नुहोस् ।

## अभ्यास

**१. खालीठाउँ भर्नुहोस् ।**

क. धुलिखेल नगर पञ्चायत घोषणा हुँदा यहाँको जनसङ्ख्या करिब ............ थियो ।

ख. धुलिखेल नगर विधिवत रुपमा मिति ................ मा घोषणा भएको हो ।

ग. हाल धुलिखेल नगरपालिकामा ............ वटा वडा रहेका छन् ।

घ. धुलिखेल नगरका पहिलो मेयरको नाम .................... हो ।

ङ. जनगणना २०७८ अनुसार धुलिखेल नगरपालिकाको जनसङ्ख्या ................. रहेको छ ।

**२. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

क. धुलिखेल नगर पञ्चायत कुन कुन गाउँपञ्चायत मिलेर बनेको थियो ?

ख. धुलिखेल नगरपालिकाको विधिवत घोषण कहिले भएको थियो ?

ग. हाल धुलिखेल नगरपालिकामा कतिओटा वडाहरू रहेका छन् ?

घ. धुलिखेल नगरपालिकाका छिमेकी नगरपालिकाको नाम लेख्नुहोस् ।

ङ. हालको नगरपालिकाको संरचना कहिले घोषणा भएको हो ?

च. धुलिखेल नगरपालिकाको राजनीतिक इतिहास बताउँदै पोखरा बस्ने साथीलाई एउटा पत्र लेख्नुहोस् ।

## परियोजना कार्य

नगरपालिका निर्माण र विकाससँग जानकार व्यक्तिहरूसँग सोधपुछ गरी एउटा प्रतिवेदन बनाउनेहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ २

# नगरपालिकाका नेतृत्वकर्ताहरू

## १. बेल प्रसाद माकजु श्रेष्ठ



विक्रम सम्वत १९९७ साल असार १६ गते माता रामदेदी माकजु श्रेष्ठको कोखबाट धुलिखेलमा जन्मनु भएका बेल प्रसाद माकजु श्रेष्ठ को पिताको नाम मोहन प्रसाद माकजु श्रेष्ठ हो । मिरादेवी श्रेष्ठ सँग विवाह बन्धनमा बाँधिनु भएका उहाका पाँच जना सन्तान (४ छोरा १ छोरी) रहेका छन् । स्नातक सम्म अध्ययन गर्नु भएका उहाँ धुलिखेलका चर्चित पर्यटन व्यवसायी हुनुहुन्छ भने राजनीतिमा पनि त्यति नै सक्रिय हुनुहुन्छ ।

बेलप्रसाद माकजु श्रेष्ठ धुलिखेल नगर पञ्चायत भएपछि २०४४ सालमा पहिलो मेयर निर्वाचित हुनुभएको थियो । २०४९ मा दोस्रोपटक र २०५४ मा तेस्रोपटक निर्वाचित हुनु भयो । लामो समयसम्म धुलिखेलको नेतृत्व सम्हाल्नु भएकोले अहिले पनि उहाँलाई मानिसहरू मेयर साप नै भन्दछन् । उहाँको कार्यकालमा धुलिखेल खानेपानी, धुलिखेल अस्पताल, काठमाण्डौ विश्व विद्यालय, देवीस्थान जाने हजार सिँढी जस्ता थुप्रै पूर्वाधार विकाका कामहरू भएका थिए । यसको अलावा शिक्षामा पनि धुलिखेलमा गुणस्तरीय शिक्षा शिक्षा परियोजना लागु गरी त्यसको नेतृत्व गर्नु भएको थियो । तेसैले त धुलिखेल शिक्षा, स्वास्थ्य र खानेपानीमा देशकै नमुनाको रुपमा चिनिन्छ । उहाँ सधै धुलिखेलको विकास र यहाका नागरिकको जीवनस्तर सुधार्ने कुरामा दत्तचित्त रहनु हुन्छ ।

बेलप्रसाद माकजु श्रेष्ठ धलिखेलको पहिलो पर्यटन व्यवसायि र धुलिखेल पर्यटकीय हिसाबले राम्रो गन्तव्य भएकोले राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्तिहरूको धुलिखेल आगमन र बसाइको हिसाबले उहाँसँग सामिप्यता हुनु स्वभाविक नै थियो र पनि विकासशील चेतनाले गर्दा उहाँ त्यस्ता व्यक्तिहरूसँग धुलिखेल विकासका कुरा अगाडी राखीहाल्नु हुन्थ्यो । यसैको फलस्वरुप धुलिखेल खानेपानी जर्मन सरकारको सहयोगमा सम्पन्न हुन गयो । त्यसैगरी धुलिखेल अस्पताल, काठमाडौं विश्व विद्यालय,

खेलकुद मैदान पनि यसरी नै भएको उपज होर हाल सम्म पनि विश्व विद्यालयर अस्पतालको संरक्षकको भूमिकामा रहनु भएको छ। विकासको कुरामा दिन रात खटिने उहाँको स्वभाव हो। उहाँ विकासको लागि सोच र ईच्छाशक्ति चाहिन्छ न कि ठूलो पद, पैसा भन्नेमा विस्वास राख्नु हुन्छ।

धुलिखेलतिर आउनेले बेलप्रसाद श्रेष्ठको नाम नसुन्ने कुरै भएन। साँच्चैको विकासको सुरुवात र सञ्चालन त जनताले नै गर्न सक्छन् भन्ने विश्वास राख्ने दातृसंस्था र गैरसरकारी संस्था पनि बेलप्रसाद श्रेष्ठलाई उदाहरण मान्छन्। स्थानीय जनता हरेक पटकको चुनावमा उनैलाई मेयर छान्छन्। किन लोकप्रिय बने बेल प्रसाद श्रेष्ठ सबैले सोच्नु पर्दछ।

## २. अशोक कुमार ब्याञ्जु श्रेष्ठ



अशोक कुमार ब्याञ्जु श्रेष्ठ धुलिखेल नगरपालिकाको हालका मेयर हुनुहुन्छ। उहाँ मेयरको रुपमा दोस्रो कार्य कालमा कार्यरत हुनुहुन्छ। पिता बच्चुराम ब्याञ्जु श्रेष्ठ र माता तुईमाया श्रेष्ठको कोखबाट वि.सं. २०२८ भाद्र ५ गते धुलिखेलमा जन्मनु भएका उहाँको विवाह मन्जु श्रेष्ठ सँग भएको हो। उहाँका दुई सन्तान (१ छोरी १ छोरा) रहेका छन। उहाँको औपचरिक शिक्षा स्नातक सम्म रहेता पनि अनौपचारिक रुपमा भने नेतृत्व क्षमता विकास, संविधान कानुनको ऐतिहासिक विकास एवम् प्रयोगको सन्दर्भ, विश्व राजनीति, समाज विज्ञान, दर्शन, मनोविज्ञान, अध्यात्म र विकासका वहुआयामिक पक्ष, पेशा व्यवसाय सँग सम्बन्धित विषयगत क्षेत्रका सबै विषयहरूमा तथ्यपरक, विश्लेषणात्मक र गहिरो अध्ययन गर्नु भएको छ।

२०५४ सालमा पहिलोपल्ट धुलिखेल नगरपालिकाको उपमेयरमा विर्वाचित हुनु भएको अवस्थामा नै विकासका कार्यहरूमा नेतृत्व लिनुहुने उहाँ नेपाल नगरपालिका संघको उपाध्यक्ष पदमा निर्वाचित हुनु भएको थियो। यसले पनि धुलिखेलको पहिचान अभिबृद्धि हुन गएको थियो। २०७४ सालमा धुलिखेल नगरपालिकाको मेयर (प्रमुख) पदमा निर्वाचित भए पश्चात २०७५ सालमा नेपाल नगरपालिका संघको अध्यक्षमा निर्वाचित हुनु भएको थियो। यसबाट धुलिखेल नगरपालिकाको पहिचान अन्तराष्ट्रिय स्तरमा व्यापक हुन गयो। ग्रीन ब्कउबअ को एसिया महादेशको उपाध्यक्ष र १ वर्ष पछि अध्यक्ष हुनु भयो तत्पश्चात ग्रीन ब्कउबअ को अन्तराष्ट्रिय उपाध्यक्षमा निर्वाचित

हुनुभयो । २०७९ सालको निर्वाचनमा पुनः नगरपालिका प्रमुख (मेयर) पदमा निर्वाचि हुनु भयो भने ग्रद्यीन ब्कउबअ मा निरन्तरता रहेको छ । यसरी नै उहा अन्य धेरै राष्ट्रिय अन्ताष्ट्रिय संघ संस्थामा आबद्ध रहनु भउको छ ।

धुलिखेल नगरमा उहाँको नेतृत्त्वमा धेरै विकासका कार्यहरू भएका छन । उहाँकै कार्यकालमा निम्न कार्यहरू पुरा भएकोछन्

- लक्षित समूहको परिषद् गठन र सञ्चालन
- स्वस्थ्य शहर धुलिखेल अभियान र आरोग्य शहर अभियान

विश्व स्वास्थ्य संगठनबाट सन २०२४अगष्टमा धुलिखेललाई एसियाकै दोस्रो स्वस्थ शहर घोषणा गरेको र त्यसवापत ५,००० डलर पुरस्कार प्राप्त भएको

- साक्षर नगर घोषणा
- बालमैत्री नगर घोषणा
- खुला दिशामुक्त नगर घोषणा
- SDG दीगो विकास लक्ष्य का चारओटा लक्ष्यको VLR गरी अन्तर्राष्ट्रियकरण

दिगो विकास लक्ष्य (एसडिजी)अन्तर्गतका १७ मध्ये शिक्षा, स्वास्थ्य, गरिबी निवारण र सुरक्षित खानेपानी चार लक्ष्य पूरा गरको

- Zeero Carbon City अभियान
- गरीवीको रेखामुनि रहेका जनसङ्ख्या ४.३६% मा झारिएको
- एक घर एक धारा कार्यक्रम अन्तर्गत ८६.१९ घरधुरीमा धारा पुऱ्याइएको
- अत्याधुनिक सुविधा सम्पन्न सभाहल निर्माण (करिव १००० जनाको क्षमता भएको)
- धुलिखेल सङ्ग्रहालय निर्माण
- हरित नगर निर्माण अभियान सञ्चालन
- पूर्ण खोप सुनिश्चित नगर घोषणा
- ८६ ओटा स्थानीय कानुन निर्माण (५३ ओटा मौलिक कानुन)
- कालो पत्रे सडक १२.५ किमि भएकोमा ५१ किमि पुऱ्याइएको
- ५३ ओटा थप पार्क निर्माण गरिएको

- प्रविधिमैत्री नगर (EBPS/CC Camera, EFT, Online Tax System)

## क्रियाकलाप

१. विगत देखि हाल सम्मको नगरपालिकाको नेतृत्त्वको बारेमा छलफल गराउनुहोस् ।

२. विस्तृत शिक्षक सहयोग सामग्रीबाट अन्तरक्रिया गर्नुहोस् ।

## अभ्यास

१. **खाली ठाउँ भर्नुहोस् ।**

क) धुलिखेल नगरपालिकाका पहिलो नगर प्रमुख का नाम ............................ हो ।

ख) धुलिखेल खानेपानी .................. सरकारको सहयोगमा बनेको हो ।

ग) धुलिखेल न. पा. सन .............. मा विश्व स्वास्थ्य संगठनबाट स्वस्थ शहर घोषणा भएको हो ।

घ) एक घर एक धारा कार्यक्रमअन्तरगत हाल सम्म ........ प्रतिशत घरधुरीमा धारा पुगेको छ ।

ङ) बेल प्रसाद माकजु श्रेष्ठ धुलिखेल नगरपालिकाको ........... पटक मेयरमा निर्वाचित हुनु भएको थियो ।

२. **तलका प्रश्नका उत्तर दिनुहोस् ।**

क) बेल प्रसाद माकजु श्रेष्ठको कार्यकालमा भएका महत्त्वपूर्ण कुनै चारवटा विकासका कायृहर लेख्नुहोस् ।

ख) मेयर अशोक कुमार व्याञ्जु श्रेष्ठको कार्यकालमा गरिएका उपलब्धिपूर्ण कार्यको सुची निर्माण गर्नुहोस् ।

ग) इच्छाशक्ति भए काम गर्न पैसाको अभाव पर्दैन यो कुरालाइ् धेलिखेल नगरको हकमा कसरी लागु भएको देख्नुहन्छ ? लेख्नुहोस् ।

पाठ ३

# स्थानीय तहको काम

## स्थानीय व्यवस्थापिका

स्थानीय तहमा कानुन निर्माण गर्न र कार्य सञ्चालन गर्न नेपालको संविधान, २०७२ को भाग १८ मा व्यवस्था भए बमोजिम गठन हुने नगरसभा नै स्थानीय व्यवस्थापिका हो । यसमा नगरपालिकाको प्रमुख, उपप्रमुख, वडाध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्यहरू रहने व्यवस्था छ । यसबाहेक दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित तीन जना नगर कार्यपालिकाका सदस्यहरू रहने छन ।

### स्थानीय नगर व्यवस्थापिकाको काम, कर्तव्य र अधिकार

१. नेपालको संविधानको अधिनमा रही स्थानीय तहको व्यवस्थापकीय अधिकार नगरसभामा निहित रहने छ ।

२. नगरसभाले नेपालको संविधान, २०७२ को अनुसुची ८ मा उल्लेख भएका कार्य सम्पादन गर्न कानुन बनाउनु (कानुन बनाउँदा सङ्घीय र प्रदेश कानुनसँग नबाझिने गरी बनाउनु पर्दछ ।)

३. नगर कार्यपालिकाले पेश गरेको बजेट स्वीकृत गर्नु ।

४. नगरपालिकाबाट सञ्चालन हुने कार्य सहजताका लागि विभिन्न समितिहरू बनाउनु

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्नु

### क्रियाकलाप:

१. नेपालको संविधान, २०७२ को अनुसूची ८ र ९ तथा स्थानीय शासन सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ अध्ययन गरी त्यहाँ भएका व्यवस्था लेख्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

## ख. स्थानीय कार्यपालिका

नेपालको संविधान २०७२ को भाग १७ मा स्थानीय कार्यपालिकाको व्यवस्था रहेको छ । यस अन्तर्गत धारा २१४ मा स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र कानुनको अधीनमा

रही नगर कार्यपालिकामा रहने कुरा उल्लेख गरिएको छ । सङ्घीय शासन प्रणालीमा स्थानीय तहको शासन व्यवस्था सञ्चालन गर्ने स्थानीय सरकार वा स्थानीय तहको कार्यकारिणी नै स्थानीय कार्यपालिका हो । स्थानीय कार्यपालिकाले स्थानीय तहको शासन व्यवस्थाको सञ्चालन, निर्देशन नियन्त्रण समन्वय र स्रोत परिचालनको कार्य गर्दछ । संविधान र सङ्घीय कानुनको अधीनमा रही स्थानीय कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम स्थानीय कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुन्छ ।

## स्थानीय कार्यपालिकाको काम, कर्तव्य र अधिकार

नेपालको संविधान २०७२को अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय कार्यपालिका वा स्थानीय सरकारको मुख्य मुख्य काम, कर्तव्य र अधिकारहरू अनुसार देहाय बमोजिम छन् :

- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सञ्चालन
- स्थानीय कर
- नगर प्रहरी
- आधारभूत तथा माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाइ
- सहकारी संस्था
- एफ.एम. रेडियो सञ्चालन
- स्थानीय तथ्याङ्क तथा अभिलेख
- वातावरण संरक्षण र जैविक विविधता
- घर, जग्गाधनी पूर्जा वितरण
- बेरोजगारको तथ्याङ्क सङ्कलन
- कृषि तथा पशुपालन
- विपद् व्यवस्थापन
- खानेपानी तथा साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा

- ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन ।
- न्यायिक समितिमार्फत न्याय सम्पादन

## ग. स्थानीय न्यायिक समिति :

कानुन बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा नगरसभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुई सदस्य सहित तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था नेपालको संविधानको धारा २१७ मा रहेको छ ।

### न्यायिक समितिबाट न्याय सम्पादन प्रक्रिया

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ अनुसार न्यायिक समितिको न्याय सम्पादन प्रक्रिया देहाय बमोजिम रहेको उल्लेख गरिएको छ :

१. न्यायिक समितिले आफू समक्ष पेस भएको विवादको निवेदन दर्ता गरी दर्ताको निस्सा सम्वन्धित पक्षलाई उपलब्ध गराउनु पर्ने छ ।

२. न्यायिक समितिले आफू समक्ष पेस भएको विवादको निवेदनको कारबाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित गरी दुवै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्ने छ ।

३. दुई पक्षहरूबिच मिलापत्र हुन नसकेमा विवादमा न्यायिक समितिले कानुन बमोजिम विवादको कारबाही र किनारा गर्नु पर्ने छ ।

४. मिलापत्र गराउँदा न्यायिक समितिले आफूले सूचीकृत गरेको मेलमिलापकर्ताबाट गराउनु पर्ने छ ।

५. विवादमा प्रतिवादी उपस्थित भएको मितिले तीन महिनाभित्र मेलमिलापको माध्यमबाट टुङ्गयाउनु पर्नेछ । सो अबधिभित्र मेलमिलाप हुन नसकेमा सोही व्यहोरा उल्लेख गरी पक्षलाई अदालत जान सुझाई विवाद र सोसँग सम्वन्धित मिसिल कागज र प्रमाणसमेत सम्वन्धित अदालतमा पठाइदिनु पर्ने छ ।

६. ५ नं. बमोजिम पक्ष हाजिर हुन आएमा सम्वन्धित अदालतले प्रचलित कानुन बमोजिम सो मुद्दाको कारबाही र किनारा गर्नुपर्ने छ ।

७. न्यायिक समितिले आफू समक्ष परेको विवादमा वादीले प्रतिवादीको नाममा कुनै बैंक, कम्पनी, वित्तीय संस्था वा अन्य कुनै निकायमा रहेको खाता, निक्षेप वा प्रतिवादीले पाउने कुनै रकम

यथास्थितिमा राखी कसैलाई भुक्तानी नगर्न नगराउन वा प्रतिवादीको हक भोगको कुनै अचल सम्पत्ति कसैलाई कुनै पनि व्यहोराले हक हस्तान्तरण गर्नबाट रोक्का गर्नको लागि निवेदन दिएकोमा न्यायिक समितिले प्रारम्भिक जाँचबुझबाट सो बमोजिम गर्न उपयुक्त देखेमा अबधि तोकी रोक्काको लागि सम्वन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी पठाएकोमा सो बमोजिम रोक्का गरी त्यसको जानकारी न्यायिक समितिलाई दिनुपर्ने छ ।

८. माथि उल्लेख भएबमोजिम रोक्का भएकोमा प्रतिवादीले त्यस्तो रोक्का फुकुवा गर्नको लागि न्यायिक समिति समक्ष निवेदन दिएमा सो समितिले त्यस्तो निवेदन बमोजिम रोक्का फुकुवा गर्न मनासिव देखेमा रोक्का फुकुवाको लागि सम्वन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी पठाएकोमा सो बमोजिम रोक्का फुकुवा गरी त्यसको जानकारी न्यायिक समितिलाई दिनुपर्ने छ ।

९. न्यायिक समितिले अधिकार क्षेत्र प्रयोग गर्दा पति पत्नीबिचको वा ज्येष्ठ नागरिकको संरक्षण सम्बन्धी विवादमा पीडित, निजको नाबालक सन्तान वा निजसँग आश्रित अन्य कुनै व्यक्तिको हितको लागि सम्वन्धित पक्षलाई देहायको अन्तरिम संरक्षणात्मक आदेश समेत दिन सक्ने छ ।

क. पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

ख. पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उपचार गराउन,

ग. पीडितलाई अलग रूपमा बसोबासको प्रबन्ध गर्नुपर्ने देखिएमा सोको व्यवस्था गर्न र त्यसरी अलग बस्दा निजको भरणपोषणको लागि उचित व्यवस्था गर्न,

घ. पीडितलाई गालीगलौज गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न, नगराउन,

ङ. पीडितको हित र सुरक्षाको लागि अन्य आवश्यक र उपयुक्त कुरा गर्न वा गराउन ।

१०. कुनै विवाद सम्बन्धमा न्यायिक समितिमा कुनै निवेदन परेकोमा प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष प्रतिवादी उपस्थित हुनुपर्ने म्याद किटिएको भए सोही म्यादभित्र र म्याद किटिएको नभएमा बाटाका म्याद बाहेक पन्ध्र दिनभित्र प्रतिवादी आफै वा आफ्नो वारेस मार्फत लिखित व्यहोरा सहित न्यायिक समिति समक्ष उपस्थित हुनुपर्ने छ ।

११. विवादमा न्यायिक समितिले मेलमिलाप गराउने प्रयोजनको लागि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्न सक्नेछ ।

१२. कुनै वडामा एकभन्दा बढी मेलमिलाप केन्द्र भएमा न्यायिक समितिले विवादको पक्षहरूले

रोजेको वा सो विषयमा पक्षहरूबिच सहमति नभएमा सो वडाको कुनै मेलमिलाप केन्द्रमा मेलमिलापद्वारा विवाद समाधानको लागि पठाउन सक्ने छ ।

१३. न्यायिक समितिले विवादको निवेदनमा कारबाही र किनारा गर्दा निवेदनको दर्ता, त्यस्तो विवादको आवश्यक जाँचबुझ तथा कारबाही, म्याद तामेली, पक्षहरू उपस्थित गराउने तथा मिलापत्र गराउने प्रक्रिया, विवादको किनारा गर्नुपर्ने अबधि, लगत कट्टा गर्ने लगायतका विवादको निरूपण सम्बन्धी अन्य कार्यविधि स्थानीय कानुन बमोजिम हुने छ ।

१४. न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले ३५ दिनभित्र सम्वन्धित पक्षलाई सो निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराउनु पर्ने छ ।

## क्रियाकलाप

१. **नेपालको संविधान, २०७२ अध्ययन गरी स्थानीय व्यवस्थापिकाको काम, कर्तव्य र अधिकार छलफल लेख्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

२. **नेपालको संविधान, २०७२ को अनुसूची ८ र ९ उल्लेख कामका बारेमा छलफल गरी ती कामहरू लेख्नुहोस् ।**

## अभ्यास

१. **तलका वाक्यहरू पढी कोष्ठमा ठिक भए √ र बेठिक भए × चिह्न लगाउनुहोस् ।**

क. नगरपालिकाबाट सञ्चालन हुने कार्य सहजताका लागि विभिन्न समितिहरू बनाउने कार्य स्थानीय व्यवस्थापीकाले गर्दछ । ☐

ख. नगरपालिका क्षेत्रभित्रको नागरिकलाई प्रदान गरिने सेवाको व्यवस्थापन स्थानीय व्यवस्थापिकाको कार्य हो । ☐

ग. विवाद समाधान गर्न दुवै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्ने छ । ☐

घ. विवाद मिलापत्र वडा समितिले गर्ने छ । ☐

ङ. स्थानीय करको दायरा वा कार्यविधि नगर प्रमुख र उपप्रमुखले तयार गर्ने छन् । ☐

२. **खाली ठाउँ भर्नुहोस् ।**

क. धुलिखेल नगरपालिकाको स्थानीय व्यवस्थापिकामा ............. जना सदस्य रहने व्यवस्था छ ।

ख. स्थानीय तहको व्यवस्थापकीय अधिकार .......... मा निहित रहन्छ ।

ग. स्थानीय तहको शासन व्यवस्था सञ्चालन गर्ने स्थानीय सरकार वा स्थानीय तहको कार्यकारिणी नै ................. हो ।

घ. स्थानीय तहमा बेरोजगारको तथ्याङ्क सङ्कलन गर्ने काम ............... ले गर्दछ ।

ङ. नगरपालिकामा स्थानीय न्यायिक समिति ................. को संयोजकत्वमा गठन हुन्छ ।

३. **तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क. स्थानीय व्यवस्थापिका भनेको के हो ?

ख. स्थानीय व्यवस्थापिकाको काम, कर्तव्य र अधिकारहरू के के हुन् ? लेख्नुहोस् ।

ग. स्थानीय कार्यपालिका भनेको के हो ?

घ. स्थानीय कार्यपालिकाको कुनै ५ ओटा कार्यहरू लेख्नुहोस् ।

ङ. नेपालको संविधान, २०७२ को अनुसुची ८ मा उल्लेख भएका स्थानीय कार्यपालिकाको काम, कर्तव्य र अधिकार लेख्नुहोस् ।

च. स्थानीय न्यायिक समिति भनेको के हो ?

छ. स्थानीय न्यायिक समितिमा को को रहने व्यवस्था छ ?

ज. स्थानीय मेलमिलापकर्ता भन्नाले कसलाई चिनाउँछ ?

झ. स्थानीय स्तरमा न्याय सम्पादन कसरी गरिन्छ ? लेख्नुहोस् ।

## परियोजना कार्य

स्थानीय जनप्रतिनिधि (वडाध्यक्ष) लाई भेटी स्थानीय तहमा न्याय सम्पादन कसरी गर्ने गरिएको छ छलफल गरी एउटा प्रतिवेदन तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नहोस् ।

# पाठ ४ नगरपालिकाबाट प्रवाह हुने सेवा

(धुलिखेल नगरपालिकाद्वारा सञ्चालन हुँदै आएको विद्यार्थीसँग नगर प्रमुख कार्यक्रमको केही अंश यहाँ प्रस्तुत गरिएको छ ।)



**शिक्षक :** आजको यस विद्यार्थीसँग नगर प्रमुख कार्यक्रममा उपस्थित धुलिखेल नगरपालिकाका मेयरज्यू तथा सम्पूर्ण महानुभावहरूलाई हार्दिक स्वागत गर्दै आजको मुख्य विषयवस्तुमा केन्द्रित हुन चाहन्छु । आजको कार्यक्रमधुलिखेल नगरपालिकाबाट प्रवाह हुने सेवाहरूका बारेमा केन्द्रित रहने छ । नगर प्रमुखज्यूलाई आजका विषयमा प्रकाश पारिदिनुहुन अनुरोध गर्दछु , धन्यवाद ।



**नगर प्रमुख :** विद्यार्थी भाइबहिनीहरू तपाईंहरूलाई थाहा नै छ कि नेपालमा हालको व्यवस्था अनुसार तीन तहको सरकार मध्ये सबभन्दा नजिकको सरकार स्थानीय सरकार हो । यसले स्थानीय नागरिकका न्यूनतम आवश्यकताहरू पूरा गर्न संविधानले तोकेबमोजिमका कार्यहरू गर्दछ । त्यसै अनुरुप हाम्रो नगरपालिकाबाट जनहितका लागि आवश्यक सेवाहरू प्रवाह हुन्छन् । यस्ता कार्यहरूबाट नागरिकहरू बढी भन्दा बढी लाभान्वित हुन सकून् भन्ने उद्देश्य राखिएको हुन्छ । धुलिखेल नगरपालिकाबाट प्रवाह हुने मुख्य मुख्य सेवाहरू यस प्रकार रहेका छन् :



- सामाजिक सशक्तीकरणका कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन
- भाषा संस्कृति तथा कलाको जगेर्ना गर्ने कार्यक्रम सञ्चालन



- जीवनस्तर उकास्ने खालका योजना तर्जुमा तथा कार्यान्वयन



- विभिन्न प्रकारका सिफारिसहरू प्रदान
- अपाङ्गता परिचयपत्र प्रदान
- अति आवश्यकीय स्वास्थ्य सेवा प्रदान
- कृषि तथा पशुपालन सम्बन्धी तालिम सञ्चालन र आवश्यक उपकरण र सामग्री प्रदान
- बालबालीकाको हकहित संरक्षणका लागि क्रियाकलाप सञ्चालन
- शुद्ध खानेपानीको व्यवस्थापन र वितरण
- माध्यमिक तह सम्मको शिक्षा निः शुल्क प्रदान
- भौतिक पूर्वाधार निर्माण
- आपतकालीन उद्धार कार्यक्रमसञ्चालन
- असहाय तथा सडक बालबालीकाको व्यवस्थापन कार्यमा सहयोग
- मातहतका कार्यक्रमहरूको नियमन, अनुगमन र मूल्याङ्कन

**विद्यार्थी १ :** हामीले धेरै कुरा जानकारी पायौ तर यी सेवाहरू हामीले कसरी प्राप्त गर्न सक्छौं ?

**नगर प्रमुख:** नगरपालिकामा कामको प्रकृति हेरी विभिन्न शाखाहरूबाट सेवाहरू प्रदान गरिन्छ । नगरबाट प्रवाह हुने सेवा प्राप्त गर्नका लागि नगरबाट प्रवाह हुने सूचनाहरूको जानकारी लिइराख्नु पर्दछ । कुनै सेवा वडाबाटै प्राप्त हुन्छन् भने कुनै सेवाको लागि नगरपालिका कार्यालयमा नै पुग्नुपर्ने हुन्छ । जस्तैः आधारभूत स्वास्थ्यका सेवा वडामा रहेका स्वास्थ्य केन्द्रबाट प्राप्त हन्छ । घर बनाउनु परेमा नक्सा पासका लागि भने वडाको सिफारिस सहित नगर कार्यपालिकामा जानुपर्ने हुन्छ । शिक्षामा छात्रवृत्ति प्राप्त गर्न भने नगरपालिका कार्यालयमा जानु पर्दछ ।

**शिक्षक :** आजको यो विशेष कार्यक्रममा उपस्थित भई नगरबाट प्रवाह हुने सेवा र प्राप्त गर्ने तरिका विद्यार्थीहरूलाई बुझाइदिनु भएकोमा नगर प्रमुखज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

## क्रियाकलाप

१. **शिक्षकको सहयोगमा स्थानीय जनप्रतिनिधिहरूलाई विद्यालयमा आमन्त्रण गरी नगरपालिकाबाट प्रवाह हुने सेवाहरूका बारेमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुहोस् ।**

## अभ्यास

१. **तल दिइएको तालिकामा दिइएका कार्यहरू कुन शाखाबाट प्राप्त हुन्छ कोष्ठबाट छानेर लेख्नुहोस् ।**

(कृषि विकास शाखा, उद्यम विकास शाखा, सामाजिक विकास शाखा, वातावरण शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, सहरी पूर्वाधार विकास शाखा )

| क. सं. | सेवाहरू | सेवा प्रवाह गर्ने शाखा |
|---|---|---|
| १ | शिक्षक तालिम | |
| २ | कृषि सम्बन्धी तालिम सहयोग | |
| ३. | घर निर्माण तथा नक्सा पास | |
| ४. | फोहोर मैला, वातावरण तथा पर्यावरण | |
| ५ | सामाजिक सशक्तिकरण | |
| ६. | उद्यमशिलता तालिम | |

२. **धुलिखेल नगरपालिका कार्यालयबाट प्रवाह हुने कुनै १० ओटा सेवाहरू उल्लेख गर्नुहोस् ।**

## परियोजना कार्य

नगरपालिकाबाट प्रवाह हुने कुन कुन सेवाहरू के कसरी प्राप्त गर्ने गरिएको छ ? वडा कार्यलयमा सोधेर एउटा प्रतिवेदन लेख्नुहोस् र कक्षामा सुनाउनुहोस् ।

पाठ ९

# धुलिखेल नगरपालिको सङ्गठन संरचना

सङ्गठन भनेको सामूहिक प्रयासद्वारा निर्दिष्ट लक्ष्य प्राप्तिका लागि सिर्जना गरिएको एउटा स्वरुप हो । प्रशासनिक व्यवस्थामा त यो अस्थिपञ्जरकै रुपमा रहेको हुन्छ । शासन व्यवस्था तथा आवश्यकताको आधारमा सङ्गठन व्यवस्थित गरिन्छ । प्रशासनिक सङ्गठनले आर्थिक, भौतिक तथा मानवीय स्रोत र साधनलाई व्यवस्थित गर्ने, एकीकृत गर्ने र परिचालन गर्ने गर्दछ । व्यवस्थापनका महत्वपूर्ण सिद्धान्तहरू जस्तै : कार्य विभाजन, आदेशको पालना, एकता, नियन्त्रणको सीमा जस्ता कुराहरू यससँग सम्वन्धित रहन्छन् । सङ्गठन संरचनाले काम प्रतिको उत्तरदायित्व समेतको प्रतिनिधित्व गरेको हुन्छ भने आफू कोप्रति उत्तरदायी हुने कुराको पनि व्यवस्था गरेको हुन्छ ।

## धुलिखेल नगरपालिकाको प्रशासनिक सङ्गठन

नगरपालिका जनताको सबभन्दा नजिकको सेवा प्रवाह गर्ने स्थानीय सरकार हो । यसमा पनि योजना निर्माण देखि सेवा प्रवाहसम्मका लागि आफ्नै प्रकारले सङ्गठन निर्माण गरिएको हुन्छ । हाम्रो नगरपालिकामा पनि त्यसै गरी सङ्गठन संरचना तयार गरिएको छ । यसको सबैभन्दा माथि नगरसभा रहने व्यवस्था गरिएको छ भने यस अन्तर्गत नगरसभाको कार्यलाई सहजीकरण गर्न विभिन्न समितिहरू जस्तैः लेखा, विधायन, सुशासन तथा अन्य समिति रहने व्यवस्था छ भने अर्कोतिर नगरकार्यपालिका पनि यसै अर्न्तगत रहने व्यवस्था छ जस अन्तर्गत आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन समितिहरू पर्दछन् । त्यसपछि प्रमुख उपप्रमुख रहेका हुन्छन् । हाम्रो धुलिखेल नगरपालिकाको सङ्गठन ढाँचा तलको सङ्गठन तालिकाबाट बुझ्न सकिन्छ । सङ्गठनका प्रत्येक तल्ला निकायहरू माथिल्ला निकायसँग उत्तरदायी रहन्छन् ।

### क्रियाकलाप

१. **सङ्गठन शिक्षण गर्न विद्यालयको सङ्गठन तालिका अवलोकन गरी उक्त तालिकामा भएका कुराहरू टिपोट गर्नुहोस् ।**

२. **धुलिखेल नगरपालिका कार्यालयको सङ्गठन तालिका अवलोकन गरी त्यस्तै तालिका बनाउनेहोस् ।**

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क. सङ्गठन भनेको के हो ?

ख. सङ्गठन निर्माण किन गरिन्छ ?

ग. नगरपालिका कार्यालयको सङ्गठनको सर्वोच्च निकाय कुन हो ?

घ. धुलिखेल नगरपालिकाको प्रशासनिक सङ्गठन बारेमा छोटो चर्चा गर्नुहोस् ।

ङ. सङ्गठन तालिका किन आवश्यक हुन्छ ?

## सिर्जनात्मक कार्य

चार्ट पेपरमा आफ्नो विद्यालयको सङ्गठन चार्ट निर्माण गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ६

# नगर प्रमुख र उपप्रमुखको काम

धुलिखेल नगरपालिकाको "नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४" अनुसूची - ४ मा प्रमुख र उपप्रमुखको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ भनी उल्लेख गरिएको छ।

## नगरप्रमुखको काम, कर्तव्य र अधिकार

१. नगरसभा तथा नगरकार्यपालिकाको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने ।

२. नगरसभा तथा नगर कार्यपालिकाको बैठकमा बैठकको कार्यसूची तथा प्रस्ताव पेश गर्ने, गराउने ।

३. नगरपालिकाको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी सभामा पेश गर्ने ।

४. नगरकार्यपालिकाको निर्णयमा नगरसभाको अधिवेशनको आह्वान र समापनको घोषणा गर्ने ।

५. नगरपालिकाका उपप्रमुख वा सदस्यलाई नगरपालिकाको कार्य विभाजन नियमावली अनुरुपको विषयगत कार्य जिम्मेवारी बाँडफाँड तथा हेरफेर गर्ने ।

६. नगरसभा र नगर कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

७. नगर कार्यपालिकाको दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने ।

८. उपप्रमुख तथा सदस्यलाई नगरपालिकाको कामका लागि स्वदेशभित्र काजमा खटाउने ।

९. प्रमुख प्रशासकीय अधिकृतको सात दिनसम्मको बिदा वा स्वदेशभित्रको काज स्वीकृत गर्ने ।

१०. नगरपालिकाको चल अचल सम्पत्ति हेरविचार तथा मर्मत सम्भार गर्ने गराउने र आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने ।

११. प्रचलित नेपाल कानून बमोजिम आवश्यक सिफारिस गर्ने ।

१२. नगरसभा वा नगरकार्यपालिकाले तोकेका अन्य काम गर्ने ।

१३. आफ्नो अनुपस्थितिमा उपप्रमुखलाई कार्यवाहक प्रमुख तोक्ने ।

## उप-प्रमुखको काम, कर्तव्य र अधिकार

१. न्यायिक समितिको संयोजक भई कार्य गर्ने ।

२. नगरपालिका प्रमुखको अनुपस्थितिमा कार्यबाहक प्रमुख भई कार्य गर्ने ।

३. नगरसभा, नगर कार्यपालिका तथा प्रमुखले तोकेका अन्य कार्य गर्ने ।

४. उपप्रमुखले आफ्नो नगरपालिका क्षेत्रबाहिर जानु पर्दा प्रमुखलाई जानकारी दिनुपर्ने छ ।

### क्रियाकलाप

स्थानीय सरकार सञ्चालन ऐन, २०७३ को धारा १६ तथा "नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४" अनुसूची - ४ अध्ययन गर्नुहोस् । समूहमा छलफल गरी त्यहाँ भएका प्रावधान टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

### अभ्यास:

१. **तल दिईएका कार्यहरू कोबाट सम्पादित हुन्छन् लेख्नुहोस् ।**

क. न्यायिक समितिको संयोजन गर्ने ................

ख. नगरपालिकाका कर्मचारीहरूको विदा स्वीकृत गर्ने वा काजमा पठाउने ................

ग. नगरसभा आह्वान गर्ने ................

घ. उपभोक्ता हित संरक्षण सम्बन्धी कार्य गर्ने ................

२. **तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क. नगरप्रमुखका कुनै पाँचओटा कार्यहरू लेख्नुहोस् ।

ख. उपप्रमुखको काम कर्तव्य र अधिकार लेख्नुहोस् ।

ग. नगरपालिकाको नगरसभा र कार्यपालिकाको बैठक कसले बोलाउँछन् ?

घ. नगरप्रमुखको अनुपस्थितिमा कार्यबाहक नगर प्रमुख को हुन्छ ?

ङ. न्यायिक समितिमा न्याय निरुपण गर्ने काम कसको हो ?

# पाठ ७ सामाजिक सङ्घ संस्थाहरू

## सामाजिक सङ्घ संस्था

सामाजिक सङ्घ संस्था भन्नाले समाजमा रहेका विभिन्न सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक तथा विकासात्मक समस्याहरूको समाधान गर्न तथा समुदायको विकासमा सहयोग पुऱ्याउन गठित साझा सङ्गठनलाई बुझाउँछ । यस्ता संस्थाहरूले सामाजिक सेवाका साथै, गरिवी निवारण, शिक्षा प्रवर्द्धन, स्वास्थ्य सुधार, तथा सांस्कृतिक संरक्षण जस्ता क्षेत्रमा काम गर्दछ् । सामाजिक सङ्घ संस्थाहरू गैर-नाफामूलक (non–profitable) संस्थाहरू हुन् । जब मानिसहरूले कुनै काम प्रभावकारी तरिकाले सम्पन्न गर्न सक्दैनन् उनीहरू सङ्गठनमा आबद्ध हुन्छन् । मानिसहरूले साझा उद्देश्य प्राप्तिका लागि सङ्गठन स्थापना गर्छन् ; जसमा क्षमतानुसार सदस्यलाई कार्य विभाजन गर्ने, अख्तियार र उत्तरदायित्त्व हस्तान्तरण गर्ने , सूचना आदान प्रदान गर्ने र सदस्यहरूको कार्य बिच समन्वय गर्ने गरिन्छ । यस्ता संस्थाहरूको उद्देश्य भनेको समुदायमा (कार्य क्षेत्र अनसार) एक्लै गर्न नसकिने कामहरूलाई समूह बनाई प्रभावकारी तरिकाले सम्पन्न गर्नु हो । जस्तै स्थानीय स्तरमा सञ्चालनमा रहेका क्लवहरू, टोल सुधार संस्था, कृषक समूह, आमा समूह, अध्ययन केन्द्र, खेलकुद संस्थाहरू आदि ।

यसरी खोलिएका संस्थाहरूलाई गैरसरकारी संस्था (गैसस) पनि भनिन्छ। नेपालको संविधान ,२०७२ को धारा १७(२) मा सङ्घ संस्था खोल्न पाउने अधिकारलाई मौलिक हकको रुपमा राखिएको छ। कार्यक्षेत्र अनुसार यसको दर्ता प्रक्रिया पनि फरक फरक छ। आफ्नो कार्यक्षेत्र टोल, एउटा समाज वा एउटा मात्र स्थानीय तह कार्यक्षेत्र बनाई खोलिने संस्थाहरूले स्थानीय तहमा दर्ता हुनुपर्दछ भने जिल्ला भरिलाई कार्यक्षेत्र बनाउनेहरूले जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्नुपर्दछ र समाज कल्याण परिषद्मा समेत दर्ता हुनु अनिवार्य छ। सामाजिक संस्था दर्ता गर्नका लागि एउटा सङ्गठन निर्माण गरी त्यसको आफ्नै निश्चित उद्देश्य राखेर नगरपालिकामा निवेदन दिनु पर्दछ। स्वीकृत भएपछि मात्र त्यसले पूर्णता पाउने हुन्छ।

यसैलाई आधार मानी धुलिखेल नगरलाई कार्यक्षेत्र बनाई यस्ता थुप्रै संस्थाहरू क्रियमशील रहेका छन् । नगरपालिकामा सुचीकृत संस्थाहरू मध्ये २५ ओटाले नगरपालिकामा नवीकरण गरेका र केहिले जिल्ला प्रशासन कार्यालयमा नवीकरण गरेको पाइएको छ। यस पालिकाभित्र सूचीकृत भई क्रियाशील रहेका संस्थाहरू:

१. बालगृह : सिद्धार्थ, सहारा, हेल्प नेपाल, हिमाल अनुग्रह, सहयोग र सरोकार

२. टोल विकास संस्थाहरू

३. विभिन्न क्लवहरू

४. विभिन्न महिला समूहहरू

५. सामाजिक मञ्चहरू

## क्रियाकलाप

१. आफ्नो विद्यालय रहेको समुदायमा अवस्थित एउटा सामाजिक संस्थाको अवलोकन भ्रमण गरी वा संस्थाका पदाधिकारीलाई विद्यालयमा आमन्त्रण गरी संस्था स्थापना गर्नुको उद्देश्य र सम्पादित कार्यहरूको बारेमा छलफल तथा अन्तरक्रिया गर्नुहोस् । छलफल तथा अन्तरक्रियाबाट आएका सूचना टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. समुहमा सामाजिक संस्थाहरूले समाजमा पुऱ्याउने योगदानहरू छलफल गरी कक्षामा टाँस गर्नुहोस् ।

## अभ्यास

१. दिइएका विकल्पहरू मध्ये ठीक उत्तर छानी √ चिह्न लगाउनुहोस् ।

क. तल दिइएका मध्ये कुनचाहिँ बालगृह हो ?

अ. टोल विकास संस्था आ. सहयोग र सरोकार

इ. आकाश भैरव क्लव ई. मनकामना वचत

ख. समुदाय विकासमा सहयोग पुऱ्याउन खोलिएका साझा सङ्गठनलाई ........... भनिन्छ ।

अ. सामुदायिक संस्था आ. नगरपालिका

इ. वचत तथा ऋण संस्था ई. माथिका सबै

ग. स्थानीय स्तरमा कार्यक्षेत्र बनाई कार्य गर्न खोलिएका संस्था कहाँ दर्ता हुनु पर्दछ ?

अ. वडा कार्यालय आ. जिल्ला प्रशासन कार्यालय

इ. नगरपालिकाको कार्यालय ई. समाज कल्याण परिषद

घ. तलका कुनचाँहि कार्य सामाजिक संस्थाले गर्ने कार्यमा पर्दछ ?

अ. खेलकुदलाई जगेर्ना र बढावा दिने

आ. आफू बसेको टोललाई सफासुग्घर राख्ने

इ. सामाजिक समस्या समाधानमा सहयोग गर्ने

ई. माथिका सबै

**२. तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क. सामाजिक संस्था भनेको के हो ?

ख. सामाजिक संस्थाहरू किन निर्माण गरिन्छन् ?

ग. सामाजिक संस्थाहकरूको दर्ता प्रक्रिया उल्लेख गर्नुहोस् ।

घ. तपाईंको समाजमा रहेको कुनै एउटा संस्थाले गरेका कुनै ५ ओटा कार्यहरू लेख्नुहोस् ।

ङ. सामाजिक संस्थाहरूले समाजमा पुऱ्याउने योगदानका बारेमा दश बुँदामा उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

तपाईंको समुदायमा सक्रिय रहेको सामाजिक संस्थाको भ्रमण गरी त्यसको स्थापना, उद्देश्य, उक्त संस्थाले गरेका कार्यहरू सोधपुछ गरी एउटा प्रतिवेदन तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।